# अध्याय–एक

# परिचय

## १.१ पृष्ठभूमि

भौगोलिक रूपमा अति सानो राष्ट्र भए पनि नेपालको धरातल, वातावरण, वनस्पती र जन्तुहरूमा निकै विविधता पाइन्छ । साथै यहाँ विभिन्न, जनजाति, भेषभूषा, भाषा, धर्म र संस्कृतिका मानिसहरूको बसोबास रहेको छ । नेपालको प्रत्येक भेगमा धेरैथोरै सबै सांस्कृतिक समुदाय भएतापनि जातिय तथा जनजातिय बाहुल्यताको दृष्टिकोणले हेर्ने हो भने निश्चित भौगोलिक स्थानमा निश्चित जनजातिले बसोबास गरेको पाइन्छ । देशको उच्च पहाडी भागमा भोटे, शेर्पा, तामाङको बाहुल्यता रहेको पाइन्छ भने मध्यपहाडी क्षेत्रमा मगर, गुरुङ, नेवार, सुनुवार, राई, लिम्बू , ब्राह्मण क्षेत्रीहरूको बसोबास बढी रहेको पाइन्छ । त्यसैगरी देशको दक्षिणी क्षेत्र तराईमा मेचे, चेपाङ, धिमाल, यादव, सतार, सन्थाल, मुसलमान आदिको अधिक बसोबास रहेको छ । तापनि भाषिक, सांस्कृतिक वा धार्मिक मूल्य मान्यताको आधारमा यिनीहरूबीच कुनै मनमुटाव छैन । सबै जाति जनजातिहरूबीच सुमधुर सम्बन्ध रहेको छ । देश सबै जाति जनजातिहरूको साझा फुलबारीको रूपमा विकसित हुँदै आएको छ (भट्टराई, वि.सं.२०६०) ।

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिमध्ये थारू जाति एक प्राचीनतम् आदिवासी जाति हुन् । यिनीहरू कहाँबाट आए र कहिलदेखि बसोबास गर्न थाले भन्ने कुरा कौतूहल र विवादास्पद रहेको छ । उनीहरूको आर्थिक, सांस्कृतिक तथा अन्य विविधअवस्था कस्तो रहेको छ । आदि विषय

पनि खोजकै विषय बन्न पुगेको छ । शारीरिक संरचनाको आधारमा उनीहरूलाई मंगोल मूलका मान्न सकिन्छ । तराईको जनसंख्याको एक प्रमुख भाग थारूजातिले ओगटेको छ । उनीहरूका आफ्नै प्रकारका परम्परा मुल्यमान्यता, भेषभूषा, बोलीचाली समेतमा एकरूपता पाइँदैन । केही स्वदेशी तथा विदेशी विद्वान्हरूका अनुसार शाक्यमुनि महापुरुष गौतमबुद्ध पनि यसै थारू जातिमा जन्म लिएका थिए । केही विद्वान्हरू थारूहरूको निकटतम् सम्बन्ध किराँतसँग जोड्दछन् भने कोही राजपुतसँग जोडछन् । मेचीदेखि महाकाली (वि.सं.२०३१) मा कसैले संस्कृतको स्थाणु या स्थाष्णु शब्दबाट थारू भएको हो भन्ने तर्क दिन्छन् । केही विद्वान्हरू राजस्थानको थार मरुभूमिको नामबाट थारू हुन गएको तर्क दिन्छन भन्ने कुरा उल्लेख गरिएको छ । जे भए पनि थारू समुदायको उत्पत्ति मंगोल समूहबाट भएको हो र उनीहरू नेपालका पुराना बासिन्दा हुन भन्ने धारणामा प्रायः एकरूपता नै पाइएको छ ।

वि.सं. २०५८ सालको जनगणना अनुसार यो जातिको कुल जनसंख्या १५,३३,८७९ रहेको छ । जसमध्ये ७५८९५५ जना पुरुष छन् भने ७७४९२४ जना महिला रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०५८) । नेपालको समग्र जातिय जनसंख्याका आधारमा थारूजाति नेपालमा तेस्रो स्थानमा पर्दछ । नेपाल कृषिप्रधानदेश भएकोले अन्य जातिको जस्तै थारू जातिहरूले पनि कृषिलाई आफ्नो जिवीकोपार्जनको प्रमुख साधनको रूपमा अपनाएका छन् ।

आफ्नो छुट्टै सांस्कृतिक पहिचान भएको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति भएको परम्परागत सामाजिक संरचना समानतामा आधारित भएको, परम्परागत भौगोलिक क्षेत्र भएको, लिखित वा अलिखित इतिहास भएको, समुदायभित्र हामीको भावना भएको, आधुनिक नेपालको राजनीति र राज्यसंचालनमा निर्णायक भूमिका नभएको र आफ्नो मातृभाषा र

परम्परागत रीतिरिवाज भएको तर चाडपर्व हिन्दूवर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरूलाई जनजाति भनिन्छ । (जनजाति उत्थान प्रतिष्ठान, वि.सं. २०५३) नेपालमा रहेका जनजातिहरू छुट्टाछुट्टै भौगोलिक क्षेत्रमा बाहुल्यता सहित रहेका छन् । थारूहरूमा नेवार जस्तो उचनीचको भावना भएको पाइँदैन । उनीहरू सबै थर, गोत्र, पेसाले विविध काम गर्न तथा मालिक नोकरबीच समेत उत्तिकै इज्जत र आदरभाव रहेको पाइन्छ । पहिले पहिले जमिन्दार र रैतिमा केही फरक पाइए पनि सामाजिक स्तर, रहनसहन, खानपिन एकै प्रकारको रहेकोले पनि भिन्नता नभएको हुनसक्छ ।

आमरूपमा थारूहरूको आकृति मंगोलहरूको जस्तै हुन्छ । यिनीहरू तुलनात्मक रूपमा कालो वर्णका, राई लिम्बूभन्दा केही उचाई र त्यस्तै आँखा भएका जाति हुन् । यिनीहरूको आफ्नै भाषा हुन्छ । तर नेपाली भाषा पनि बोल्ने गर्दछन् र देवनागरी लिपि नै प्रयोग गर्दछन् । थारू आदिवासी समुदायमा पर्दछन् । यिनीहरू अति पिछडिएका इमान्दार तथा सरल स्वभावका हुन्छन् । आदिमकालदेखि नै खेतीपाती यिनीहरूको मुख्य पेसाको रूपमा रहेको छ । ( चौधरी, सन् १९९९)

थारू जातिको उत्पत्तिको बारेमा विभिन्न विद्वान्हरूबीच मतभिन्नता रहेको पाइन्छ । कुनै विद्वान्ले थार मरुभूमिबाट आएकोले थारू कहलिएका हुन भनी आफ्नो विचार राखेका छन् भने कसैले चितौरे (राजपुत) मुसलमानको आक्रमण भएपछि राजपुतहरूले १२ औं शताब्दीतिर आफ्ना आइमाईहरूलाई सुरक्षा दिन उत्तर पहाडतिरको जङ्गलमा आफ्नो साथमा रहेका नोकर चाकरसित पठाई आफू युद्धमा लागे । तर लामो कालान्तरसम्म पनि आफ्नो लोग्ने नफर्किएकोले आफ्नो साथ गएका नोकरचाकर र त्यहाँका निम्न जातिहरूलाई नै लोग्ने वरण गरी तिनीहरूबाट जन्मेका सन्तान नै राना थारू थिए भनी आफ्नो

राय प्रकट गरेका छन् । यसै क्रममा स्वयम् केही थारूहरूको विचारमा यो जाति चितौने राजपुतनासँग सम्बन्धित छ । त्यस्तै कसैले संस्कृतको स्थाणु शब्दबाट थारू भएकोहो भनेका छन् भने कसैले बौद्धधर्मको एक शाखा स्थविरवादको स्थवीर शब्दबाट भएको मानेका छन् । यसैगरी यो जाति मंगोलमुलको हो भन्ने विचार अनेक विद्वान्हरूको भए तापनि यो कुरा निर्वाद मानिएको छैन । कसैकसैले यिनीहरूलाई द्रवीड समूहबाट आएको पनि भनेका छन् । शारीरिक रचना, रौं, आँखा, गालाको हाडको अध्ययनको आधारमा मंगोल समुहबाट नै यिनीहरू आएको विचारलाई विभिन्न जातिय समिश्रणलाई नै थारूहरूको उत्पत्ति मान्न सकिन्छ भनेर परिमार्जन गर्दछन् । यसैगरी ऋषि केशवराज रेग्मीको भनाइमा थारू जातिको उत्पत्ति मंगोल समूहबाट भएको हो । (रेग्मी, वि.सं. २०३५)

यसरी थारूजातिको उत्पत्तिको बारेमा विद्वान्हरूको मतभेद पाइन्छ । यसरी थारू को हुन् ? यिनीहरू कहिले, कसरी र कहाँबाट आए भन्ने बारेमा विद्वान्हरूबाट धेरै पहिलदेखि नै अनुसन्धान हुँदै आएको छ ।

यातायात, संचार, शिक्षा, बसाइसराई, आधुनिकीकरणको प्रभावले गर्दा थारू जातिको आर्थिक तथा सामाजीक जीवनमा निकै परिवर्तन आएको पाइन्छ । आफ्नै रीतिरिवाज परम्परा, भाषा र संस्कृति भएका नेपालका आदिवासी थारूहरू गरिबी, अशिक्षा, एवम् गासँबासँको समस्याले गर्दा पिछडिन गएका छन् । त्यसैले उनीहरूको सामाजिक, सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्न र उनीहरूमा रहेको मौलिक र परम्परावादी विचारधाराबाट प्रभावित भएर यो अध्ययन अनुसन्धानको आवश्यकता महसुस गरिएको छ ।

## १.२ समस्याको कथन

थारू जाति तराईको आदिवासी जाति हुन । तराईको घनाजङ्गल डरलाग्दा जङ्गलीजनावर औलो, हैजा जस्ता रोग आदिको समेत प्रवाह नगरी अस्वस्थकर वातावरण, हिंस्रक जनावर प्रकृतिसँग सामञ्जस्यता राख्दै जीवनयापन गर्ने थारू जाति हुन् । आफ्नै रीतिरिवाज, परम्परा धार्मिक विश्वास, मुल्यमान्यता, सांस्कृतिक एवम् भाषिक परम्परा भएका यी थारूहरूको जीवनशैली सरल, मेहनती र इमान्दारी स्वभावको पाइन्छ । वि.सं २०२१ को औलो उन्मुलन कार्यक्रमपछि अन्य जातिको बढ्दो बसाईसराईंका कारण थारू जातिको जीवनशैलीमा व्यापक प्रभाव पर्दै जान थाल्यो । ज्यादै सोझा, इमान्दार तथा अनपढ भएको कारणले अन्य जातिले थारूजातिलाई पछि पार्दै जान सफल भए र हिजोसम्म सुखसँग जीवनयापन गरेका थारूहरू आजआएर भूमिहिन, कमैया, कमारा, कमारीको रूपमा किनीने र बेचिने एवम् हरूवाको जीवन गुर्जान समेत बाध्य हुँदै जान थालेको पाइन्छ ।

थारूजातिको बारेमा समाजशास्त्रीय दृष्टिकोणले त्यति धेरै अध्ययन नभएको परिप्रेक्ष्यमा आधुनिक समाजको बढ्दो शहरीकरणको प्रभावले उनीहरूको सामाजिक सांस्कृतिक अवस्थामा के कस्ता सकारात्मक वा नकारात्मक परिवर्तन आएको छ । त्यसतर्फ अध्ययन नहुनु आजको समस्या हो । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जिल्लाका थारू जातिहरू सबैमा कतिपय सामाजिक सांस्कृतिक पक्षहरूमा समेत एकरूपता पाईँदैन । द्रुतगतिमा विकास हुँदै आएको यातायात, संचार, शिक्षा, आधुनिकीकरण आदिको प्रभावले गर्दा थारू जातिको सामाजिक सांस्कृतिक अवस्थामा अनेकौ परिवर्तनहरू आएको पाइन्छ । हिजोका सम्पन्न थारूहरू कसरी आज भूमिहिन किसान र सुकुम्वासी बन्न पुगे भन्ने कुरा पत्याउन गाह्रो भइसकेको अवस्थामा

यसको अध्ययन गर्नु आजको आवश्यकता हो । यिनीहरूको अवस्थामा सुधार ल्याउन थारू कल्याणकारी सभाको अनेकौ अधिवेशन, भूमिसुधार ऐन तथा अन्य विशेष कार्यक्रमहरूको बाबजुद पनि उनीहरूको अवस्थामा खास प्रभाव नपर्नुको कारण थारू जाति पिछडिदै गएको कारणजस्ता प्रश्नहरूले नै अनुसन्धानकर्तालाई यस अध्ययनकार्यतर्फ आकर्षित गरेको हो । तराईको आदिवासीका रूपमा चिनिने यो जाति देशको राष्ट्रिय मुलधारमा आउन सकेको छैन ।

आजको एक्काइसौ शताब्दीलाई अन्तरिक्षयुग भनेर चिनिने बेलामा पनि यो जातिमा सामाजिक चेतनाको विकास, शिक्षा क्षेत्रमा परिवर्तन आउन सकेको छैन भने पहाडबाट तराईमा बढ्दो बसाईसराईका कारण यो जाति आफ्नो बसोबास स्थलबाट पलायन हुने क्रम बढ्दो छ । साथै पहाडीसँग घुलमिल हुने क्रममा आफ्नो संस्कृतिमा सङ्कट आउने कुरामा शङ्का छैन । यसर्थ यो जातिको बारेमा अध्ययन गर्नु जरुरी छ ।

कृषिक्षेत्रबाट उत्पादित खाद्यान्नले वर्षभरि पेट पाल्न नसक्नाको कारण साहुँको घरमा वर्षक बोलेर, अधियाँ गरेर र ज्यालामजदुरी गरेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता थारूजातिमा प्रशस्त देखिन्छ । अतः एकातिर आफ्नो सामाजिक सांस्कृतिक पक्ष बिलीन हुदैं गएको अवस्था छ । थारू जाति आज के कस्तो अवस्थामा छ । वर्तमान अवस्था सामाजिक र सांस्कृतिक पक्षमा कस्तो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरूको अवस्थामा सुधार ल्याउन के कस्ता उपायहरू अवलम्बन गर्नु आवश्यक छ । आदि जस्ता विषयहरूमा समाजशास्त्रीय दृष्टिकोणले अध्ययन गर्नु जरुरी रहेको देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यको थालनी गर्नुपूर्व त्यस विषयसँग सम्बन्धित उद्देश्यहरू तोकिनुपर्दछ । कुनै पनि उद्देश्यविना गन्तव्यमा पुग्न सकिँदैन । उद्देश्यविनाको कार्य गर्नु भनेको एउटा गन्तव्यबिहीन यात्री जस्तै हो । यसकारण कुनै पनि कार्यलाई सफलतापुर्वक सम्पन्न गर्नका लागि केही उद्देश्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययनका उद्देश्यहरु यसप्रकार रहेका छन् ।

(क) थारूजातिको सङ्क्षिप्त परिचय गराउनु ।

(ख) थारूहरूको सामाजिक तथा सांस्कृतिक अवस्था माथी प्रकाश पार्नु ।

(ग) थारूहरूको जीवनयापन शैलीमा आएको परिवर्तनको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

सामाजिक दृष्टिकोणले धनी देश नेपाल आर्थिक रूपमा विश्वका अन्य देशका तुलनामा निकै पछाडि रहेको छ । विविध संस्कृतिले भरिएको नेपाली समाज र संस्कृतिको यथार्थ स्वरूपलाई बुझेर विभिन्न जनजातिहरूको संस्कृति, मूल्य मान्यता, परम्परा आदिलाई जोगाई राख्नु यो मुलुकका लागि गौरवको विषय हुन्छ । समाजमा विकासका लागि प्रत्येक जातिहरूको सामाजिक सांस्कृतिक पक्षहरूमा उत्थान हुनु जरुरी छ । हरेक जातजातिहरूमा आ-आफ्नै धर्म, भेषभूषा, परम्परा हराउँदै गएका छन् । पिछडिएका जनजातिहरूको उत्थान तथा विकास गरी ती जातिहरूको बसोबास भएको नेपाली समाज र संस्कृतिको अर्न्तसम्बन्ध र अन्तनिर्भरतालाई बुझेर देशको समग्र विकासमा मद्दत पुर्‍याउन खोज्नु आजको आवश्यकता रहेको छ ।

नेपाली समाज र संस्कृतिलाई जबसम्म बुझ्न सकिँदैन । तबसम्म देशको विकास गर्न कठिनाई सावित हुन्छ । यस कुरालाई समाजशास्त्री मानवशास्त्रीहरूले पनि स्वीकारेका छन् । मुलुकको सर्वाङ्गीण विकासका लागि एकजातिको प्रगतिले मात्र सम्भव हुँदैन । सम्पूर्ण भाषा जाति, धर्म, क्षेत्र र समुदायका मानिसको समानरूपले विकास हुनु नितान्त जरुरी छ । त्यसैले यस अनुसन्धानले नेपाली समाजमा महत्वपूर्ण स्थान राख्ने आदिवासी थारूहरूको सामाजिक सांस्कृतिक पक्षको अध्ययन गरी यस जातिबारे जिज्ञासा राख्ने व्यक्तिहरूलाई र यस जातिको उत्थानको लागि सहयोग मिल्ने आशा राखिएको छ ।

आफ्नै प्रकारको भौतिक एवम् सांस्कृतिक पक्ष बोकेको आदिवासी थारूजातिको भेषभूषा, धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, चाडपर्व आदि विविध पक्षमा गरिने अनुसन्धान तथा खोजकार्यले यो जातिले पश्चिमी सभ्यताको प्रभावले बिर्सदै गएको आफ्नो परम्परा, रीतिरिवाज, मुल्यमान्यता आदिको जगेर्ना तथा समग्र उत्थानका लागि टेवा पुऱ्याउन सक्ने देखिन्छ । त्यस्तै यस सम्बन्धी अध्ययन गर्न चाहनेहरूलाई वा योजनाकारहरूलाई समेत उपयोगी हुनेछ ।

बुँदागत रूपमा यस अध्ययनबाट देहायका विषयहरूमा थप टेवा पुग्ने विश्वास लिइएको छ-

- यो अध्ययनबाट भविष्यमा थारूजातिको बारेमा अध्ययन गर्न चाहनेहरूका लागि थोरै भए पनि मद्दत पुग्नेछ ।
- यो अध्ययनबाट थारू जातिभित्र रहेका विभिन्न चाडपर्व, संस्कार र प्रथाहरूको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।

- थारू जातिको सामाजिक र आर्थिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।
- यो अध्ययनबाट थारू जातिको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था योजनाकर्ता आदिलाई सहयोग मिल्नेछ ।

## १.५ अध्ययनको सङ्गठन

यस शोधपत्रलाई आठवटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा औचित्यलाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन ढाँचा, अध्ययन क्षेत्रको छनौट र औचित्य, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधिहरू, तथ्याङ्क विश्लेषण र अध्ययनको सीमा समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामान्य परिचय दिई कैलाली जिल्ला तथा धनगढी नगरपालिकाको परिचय दिइएको छ । पाँचौ अध्यायमा थारूजातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको बारेमा विवेचना गरिएको छ । अध्याय छ मा थारूजातिको आर्थिक अवस्थाबारे स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई आधार बनाएर सामान्य विश्लेषण गरिएको छ । अध्याय सातमा थारू जातिको सामाजिक, सांस्कृतिक अवस्थामा देखापरेका परिवर्तनहरू बारे जानकारी दिने प्रयास गरिएको छ । यसैगरी अध्याय आठमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सामग्रीको सूची, शोधपत्रको लागि प्रयोग गरिएका प्रश्नावलीहरू समावेश गरिएको छ ।

# अध्याय–दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातिहरूको सास्ँकृतिक, सामाजिक आर्थिक पक्षको बारेमा स्वदेशी तथा विदेशी विद्वानहरूद्धारा समय-समयमा अध्ययन गरेको पाइन्छ । २० औ शताब्दीको मध्यसम्म नेपाली विदेशी अनुसन्धानकर्ताको लागि अपरिचित नै थियो । नेपालको सांस्कृतिक विविधताले गर्दा विदेशी अनुसन्धानकर्ताको नेपालमा बसोसास गर्ने जातिहरूको अध्ययन गर्ने तर्फ आकर्षित भएको पाइन्छ । राणाशासनको अन्त्यपछि विदेशी अनुसन्धानकर्ताबाट अध्ययन हुने क्रम बढेको पाइन्छ । प्रोफेसर हेमेनडोर्फले नेपालमा जातिय अध्ययन शुरु गरी सन् १९६४ मा नेपालको शेर्पाजातिको बारेमा अध्ययन गरेका छन् । एल.क्यापलन, पी क्यापलन, हिट्च कुक, सेडन ब्ल्याकीक्यामरुन आदि विद्वानहरुले समाजशास्त्री तथा मानवशास्त्रीय दृष्टिकोणबाट नेपालमा बसोबास गरेका विभिन्न जातजातिका विविधपक्षसँग अध्ययन अनुसन्धान गरेका छन् । नेपाली अनुसन्धानकर्तालाई भने सन् १९५० सम्म कुनै पनि अनुसन्धान कार्यमा वैज्ञानिक ज्ञान नभएको पाइन्छ । सन् १९६५ मा गोपाल सिंह नेपालीले नेवारहरूको जातिय अध्ययन शुरु गरेका हुन् । त्यसपछि अन्य अनुसन्धानकर्ताहरू जस्तै डोरबहादुर विष्ट, प्रयागराज शर्मा, गणेशमान गुरुङ, ऋषीकेशवराज रेग्मी, डिल्लीराम दाहाल, केशवकुमार श्रेष्ठ आदि विद्वानहरूद्धारा नेपालमा बसोबास गरेका विभिन्न जात जातिहरूको बारेमा समय-समयमा अनुसन्धान हुदै आएको पाइन्छ । यसैगरी गणेशमान गुरुङले चेपाङ जातिको, ऋषी केशवराज रेग्मीले  धिमाल जातिको, डिल्लीराम दाहालले धिमाल जातिको र केशव कुमार श्रेष्ठले राजवंशी जातिको अध्ययन गरेको पाइन्छ ।

तराईको आदिवासीको रूपमा परिचित थारूजातिको बसोबास रहेको तराईको पुर्वदेखि पश्चिमसम्म फैलिएको स्थानमा अध्ययन अनुसन्धान भइनै रहेको पाउन सकिन्छ । नेपाल अधिराज्यको पूर्व झापादेखि पश्चिम कैलाली कन्चनपुर सम्मको तराई खण्डमा छ्याप्छ्याप्ती छरिएर रहेका साथै भित्री मधेशका दाङ, उदयपुर जस्ता केही दुनहरूमा पनि बसोबास गर्न पुगेका थारूहरू नेपालका प्रमुख आदिवासी मध्ये एक हुन् । थारूहरू आर्थिक दृष्टिकोणले जति विपन्न छन् । मौलिक चाडपर्व, रीतिरिवाज संस्कृति परम्परामा उत्तीकै सम्पन्न छन् । सन् १९५० को औलो उन्मूलन कार्यक्रम पछि मात्र विद्धानहरूले थारूजातिको बसोबासको बारेमा जिज्ञासा राखी अध्ययन अनुसन्धानको कार्य शुरू गरेको पाइन्छ ।

## २.१ थारु जातिको उत्पत्ति र परिचय

विभिन्न विद्वान्हरुले थारु जातिको उत्पत्ति र परिचय सम्बन्धमा विभिन्न तरिकाले वर्णन गरेको पाइन्छ । यसै सन्दर्भमा केही विद्वान्ले थारु जातिलाई राजस्थानको थारमरुभूमिबाट आएकोले थारु भनिएको हुन सक्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । भने केही विद्वान्ले थारु जातिलाई मंगोलियन द्रवीडीयन अथवा शाक्य वंशसँग जोडेका छन् हालसम्म पूर्वप्रकाशित पुस्तक पत्रपत्रिका आदिको अध्ययनबाट थारु जातिको उत्पत्ति र परिचय सम्बन्धमा विद्वान्हरुका उल्लेखित भनाईहरु यसप्रकार रहेका छन् ।

नेपालमा थारूजातिको अध्ययन गर्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुइटा People of Nepal र सबै जातको फुलबारीमा नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूको Ethnographic विवरण दिने क्रममा तिनका थर र उपथरको परिचय दिने क्रममा थारूजाति सम्बन्धी खोजमूलक विवरण दिई व्याख्या गरेका छन् । उनका अनुसार थारूहरूको बनोटमा देखीने मंगोलियन आकृतीको प्रत्यक्ष असर हालसालको नयाँ कुरा हुन सक्दैन । किनभने पश्चिम पहाडमा खस आर्यहरू आई

पुग्नुअघि मात्र मंगोलियन आकृतिका मानिससँग पश्चिम तराईमा बस्ने थारूहरूको सम्पर्क भएको हुनसक्दछ । खस आर्यहरू यस क्षेत्रमा बस्न थालेपछि कोही पनि मंगोलियन आकृतिका मानिस सुदुरपश्चिम पहाडमा देखिएका छैनन् । त्यो समयलाई पछ्याउन खोज्ने हो भने त्यसैपनि ३००० वर्षजति पछाडि फर्कनु पर्ने हुन्छ । उनी त्यसबेलादेखि थारूहरूलाई तराईमा बसिआएको मान्ने हो भने राजपुत आईमाईका सन्तान भन्ने केवल पाँचसय वर्ष अघिमात्र हुनसक्ने घटनाक्रमसँग थारूजातिको उत्पत्तिलाई गास्न मिल्दैन (विष्ट, वि.सं. २०५५: ८८: ८९) ।

तर थारूको उत्पत्ती वा मूलको सम्बन्धमा विद्धानहरूबीच एकमत हुन सकेको देखीदैन । प्रसिद्ध समाज अन्वेषक जनकलाल शर्माले थारूहरूको उत्पत्ती, विकास र यिनीहरूको सामाजिक, साँस्कृतिक उत्पत्ती माथि प्रकाश पारेका छन् । उनी भन्दछन्, "थारूहरूमा स्वास्नी मानिसको प्रधानता भएकोले मुसलमानी आक्रमणको समयमा आत्मरक्षाका लागि पहाडी कन्दरामा लुक्न आएका चितौड वा राजपुतका राजपुतरमणीहरूले यही बसोबास गर्ने विचार गरी नोकरचाकर र स्थानिय बासिन्दासँग विवाह गरे । तिनैका सन्तती आजका थारू हुन् । रानाथरका थारूमा भात दिईसकेपछि खुट्टैले धस्काईदिने चलनले यस तर्कको पुष्टि गर्दछ ( शर्मा, वि.सं. २०३९) ।

नेपाल,यात्री (वि.सं. २०३३) का अनुसार थारूजातिको उत्पत्तिको बारेमा विद्धानहरूको एकमत छैन् । थारूजातिहरूले लेख्ने जातियशब्द व्युत्पत्तिको विज्ञान (Etymology) का आधारमा उत्पत्ति भएको उल्लेख गरेको पाइन्छ । कसैले अनुश्रुतीका आधारमा भारतको थार मरुभूमिक्षेत्रका राजपुतका घरानासँग सम्बन्धित भनेका छन् । जतिबेला मुश्लिमहरूले राजपुतनाहरूलाई आक्रमण गरी सबैलाई मारे र त्यसबाट बाच्न सफल भएका राजकुमारी र राजपरिवारका अन्य सदस्य भाग्न सफल भए र तिनीहरू राजपरिवारका सदस्य, नोकरहरू जो तल्लो जातका थिए । धेरै बर्षसम्म सँगै बसे । राजकुमारीहरूले नोकरसँगै विवाह गरे र तिनीहरूबाट जन्मिएका सन्तान थारू

कहलिए । थार मरुभूमिबाट आएका हुनाले यिनीहरूलाई थारू भनेर लेखकहरूले लेख्न थाले ।

नेपालको पूर्वीभागमा बस्ने थारुजातिको सांस्कृतिक पक्ष पनि बाहिरबाट बसाईसरी आउने अन्य जाति तथा संस्कृतिको प्रभावले कमजोर हुँदै गएको पाइन्छ । थारुहरु आफूलाई तराईको मौलिक आदिवासी जातिको रुपमा विश्वास गर्दछन् । कसैले थारु आफूलाई कपिलवस्तुको शाक्यवंशसँग सम्बन्धित रहेको सिद्धार्थ गौतम बुद्धको पुस्ता मान्दछन् (रेग्मी, वि.सं. २०३५:८२)

पूर्वी तराईमा बसोबास गरिरहेका थारुहरुको सामाजिक सांस्कृतिक तथा अन्य पक्षहरुमा केही प्रकाश पार्ने जमर्को गरेका छन् । उनका अनुसार थारु जातिको बारेमा विभिन्न अनुसन्धान तथा खोज भए तापनि उनीहरु को थिए ? कहाँबाट कसरी आए भन्ने कुरा रहस्यमय नै छ । कति विद्वान्हरु यो जातिको पूर्खा मंगोलियन मान्दछन् भने कति यसलाई आर्य राजपुत वंशज मान्दछन् (डा. शर्मा, वि.सं. २०४४)

मधुसुदन पाण्डेले (वि.सं.२०६०) थारूजातिको उत्पत्तिको सम्बन्धमा प्रस्ट्याउदै यसरी भनेका छन् । कसैले यिनीहरूलाई सिन्धुप्रदेशको थार भन्ने ठाँउबाट नेपाल आएका हुन भने कसैले मुसलमानी आक्रमणबाट बच्न चितौढ (भारत) बाट पहाडी भू-भागतर्फ आएको जाति हो भनेका छन् । कसैले शाक्य वंशका आपसी सम्बन्ध टुट्दै गएपछि यस वंशबाट सम्बन्ध हटेर अलग्गै नामधारी समाजमा परिणत भएको समाजनै आजको थारू समाज हो भनेका छन् । त्यसैगरी कसैले भारतको थारमरूभूमिबाट यिनीहरू नेपाल आएका हुँदा थारू कहलिएका हुन भनेका छन् । कसैले थारू आदिमकाल देखिनै यहीका बासिन्दा हुन् भनेका छन् । यसरी अनुसन्धानपिच्छे फरकफरक मतहरू अघि सारेर यो जातिको मुलथलो नै विवादित हुनपुगेको छ । तापनि थारूवासी नेपालको आदिवासीनै हुन् ।

विभिन्न (थार मरुभूमि, थरुवा, स्नानु, टिकाउ, शीवजीको एक) थारू शब्दोत्पत्ती गाँसिन्छ । राजपुताना (राजस्थान), काराजपुत, हुण, बृज्जी, किरातसँग ठूलो संख्यामा छरिएर रहेका यी जाति खासगरी पूर्वीतराइमा यी जाति झापा, मोरङ क्षेत्र र पश्चिममा भित्री मधेशमा दागं उपत्यका, सुर्खेत, तराईमा कैलाली, कञ्चनपुर, बर्दियामा बसेका यिनको क्षेत्रलाई थारूवान वा थरुहट भन्दछन् (पाण्डे, वि.सं. २०४२) ।

रेशराज अधिकारी (वि.सं.२०५६) का अनुसार, नेपालका थारूजातिको उत्पत्तीको सम्बन्धमा विभिन्न प्रकारको राय पाईन्छ । केही विद्धानहरूले थारूहरूलाई शाक्यवंशसँग सम्वन्धित गरी यिनीहरूको उत्पत्ती नेपालभित्र नै भएको बताउँछन् भने रानाथारूहरूले आफुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनीहरूको पत्नीहरू नोकरहरूलाई लिएर नेपालको तराई प्रवेश गरे । उनीहरूका पतिहरूलाई त्यही लडाईमा मारियो । त्यसैले ती महिलाहरू नोकरहरूलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरूले नोकरबाट जन्माएका सन्तान नै थारू भए भन्ने किम्बदन्ती रहेको  छ । त्यस्तै कसैले थारूहरू भारतको थारमरुभूमिबाट आएको उल्लेख गरेका छन् । कसैले थरथर काप्ने जातिभएकाले तिनीहरूलाई थारू भनिएको बताउछन् । त्यस्तै अर्का मत अनुसार दारुखाने जाति भएकाले दारुबाट अपभ्रशं हुदै गएर थारू शब्द बनेको भनिन्छ ।

ज्ञानेश्वर भट्टराई (वि.सं. २०६०) का अनुसार, थारूजाति भारतको बज्जीगन राज्य (आजको विहार, राज्यको चम्पारत, भजफरपुर र दरभंगा जिल्ला समावेश भएका) बाट विस्थापित भई नेपालको जंगलमा प्रवेश गरेका थिए । त्यस्तै गरी अर्का मत अनुसार भगवान बुद्धका पिता शुद्दोदनको दरबार भएको ठाँउ तिलौराकोटको वरिपरी घनाथारू बस्ती भएकाले शुद्दोदन पनि थारू जातिका हुनसक्ने वा थारू जाति शुद्दोदनका सन्तती हुनसक्ने अनुमान लुम्बिनीको खोज गर्ने विद्धानहरूले व्यक्त गरेका छन् ।

## २.२ थारुजातिको सामाजिक सांस्कृतिक अवस्था

थारु जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा विभिन्न विद्वान्हरुले अध्ययन गरेको पाइन्छ । यसै सन्दर्भमा विभिन्न विद्वान्हरुका थारु जातिका सामाजिक एवम् सांस्कृतिक पक्षमा उल्लेखित भनाइहरु यस प्रकार रहेका छन् ।

थारू जातिको थरविभाजनलाई विभिन्न समाजशास्त्रीले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् ।

जनकलाल शर्मा (वि.सं. २०३९) ले थारूजातिको थरलाई १. कठरिया २. कनफट्टा ३. कोचीला ४. खरल ५. खवास ६. खस ७. खा ८. खुनाहा ९. खौसीया १०. गछदार ११. चितौनीया १२. चौधरी १३. जोगी १४. डंगरीया १५. ताबदार १६. थन्दार १७. दनुवार १८. दगौरा १९. दाङबदीया २०. परिहार २१. बदिया २२. बहन्थ २३. बाठ २४. बातर २५. वोक्सा २६. बोट २७. भगत २८. भोटगमीया २९. मझौरा ३०. मर्दनिया ३१ं महन्ते ३२ . महाउतो ३३. माझी ३४. मोंरगीया ३५. रझठीया ३६. राजघरीया ३७. राजहातीया ३८. राना ३९. राजी माझी ४०. रौतार ४१ लम्पुछुवा ४२. लालपुरीया ४३. विश्वास ४४. सरदार ४५. सुताहा ४६. सोलरीया ४७. हेमजालीया गरी ४७. थरमा विभाजन गरेका छन् ।

लेखनाथ चौधरी (वि.सं. २०५५) का अनुसार, थारूजाति जनजाति भित्र पर्दछ । तराई क्षेत्रका २२ जिल्लामा थारूजातिको बसोबास रहेको पाइन्छ । हाल नेपालमा यस जातिको संख्या १५३३८७९ रहेको छ । यस जातिको वर्ण- वैश्य, गोत्र, कश्यप मातृभाषा- थारू, धर्म-हिन्दु र बौद्ध, पेशा- कृषि र पशुपालन, बसोबास नेपाल र भारत हो ।

थारूजातिका चाँडहरू विभिन्न थरीका छन् । जसमा मुख्य चाडहरू माघेसक्रान्ति, घुरेही, गुरही, छुटकी दशीया, साउने संक्रान्ती, हर्दवा, हरेरी, अस्टमी, बडका अतवारी, चौचन, घरदेखवा, होली, दशै अष्टमी, छठ, षगार पुजा, जुर्सीतल आदि हुन् । त्यस्तै गरी थारूजातिका प्रमुखनाचमा झुम्रांनाच, बिरतैननाच, बडका नाच, कठघोरी नाच, माधवलाला नाच, गोपी नाच, लट्ठी नाच, चोरखोलीयानाच, जातजातिनाच, झद्दा नाच, बन्ना नाच, मयुर नाच, तरवार नाच, बारमासा नाच, मुङ्गहवा नाच, रासलीला नाच र कठरिया नाच छन् ( भट्टराई, वि.सं. २०६०) ।

टेकनाथ गौतम (वि.सं. २०४४) का अनुसार, नेपालमा बसोबास गर्ने थारूजातिका मानिसहरू होचो कद भएका रङ्गमा गहुँगोरो, नाक केही थेप्चो, बाक्लो ओठ भएका  हुन्छन् । पुरुषमा दाह्रीजुँगा पातलो हुन्छ भने कसैको हुदैन । त्यसैगरी यस जातिभित्र हालसम्मको रेकर्ड अनुसार २२१ थरउपथर रहेको पाइन्छ ।

लेखनाथ चौधरी (वि.सं. २०५५) का अनुसार, नेपालका थारूहरूको भेषभूषा ठाँउ अनुसार फरक-फरक छ । थारूजातिहरूले लगाउने कपडा पनि ठाँउअनुसार फरक-फरक छ । मोरङका थारू महिलाले अचराखडकी लगाउँछन् । सुनसरी पर्सातीर खोडकी, भुलाचोली, दाङदेउखुरीतीर गुनीया, चोलीया, लेहङ्गा, कुर्था, अघरान लगाउछन् । त्यस्तै लेहङ्गा, कुर्था अचरा, अंगीया, घाँघर, आँचर लगाउदछन् । त्यस्तैगरी थारूपुरुषहरू भोग्वा, अगुच्छा, धोती, कुर्ता, हाफप्यान्ट लगाउँछन् । थारूमहिलाहरू शरीरको अंग अनुसार फरक-फरक गहना लगाउँछन् । जस्तैः-

१. कानमा- विर झिलमीलीया, लुर्का, कनवजाहा, टर्की ।

२. हातमा- अगलवाला, लेगरही, पछलावाला, तरीया, वाक, चुडीया ।

३. घाटीमा- सुतीया, थोसीमा, चन्द्रहर, टाँक, सिकी, हमेल, सिकरहवा, माला

४. गोडामा - पैटि, घुरुवा

५. निधारमा - टिकली

थारूजाति धर्ममा आस्था राख्ने गर्दछ । उनीहरू जादु टुनामुनाका साथै भुतप्रेत, तन्त्रमन्त्रमा विश्वास गर्दछन् । थारूहरूले देउसार, सभ्यमाई, चमरीया, सम्सघेरा, दहरचण्डी, वनस्पती र काएदेउको पुजा गर्दछन् । हिन्दुहरूको समीश्रणले शंकर, पार्वती, दुर्गादेवी र सत्यनारायणको पूजा गर्दछन् । उनीहरू थान पूजा पनि गर्दछन् र थारूजातिको पूजा गर्ने व्यक्तिलाई गुरुवा भन्दछन् (शर्मा, वि.सं. २०४४:८४) ।

थारूजातिले मनाउने सवैभन्दा ठूलो चाडपर्वमा बड्का इतवार हो । भदौ महिनाको अन्तिम आइतवारलाई बड्का इतवार भन्दछन् । त्यसदिन उनीहरूले दशैपर्वमा जस्तैः- देवीदेवताको पूजा गर्दछन् । उनीहरूले यस पर्वमा राम्रा-राम्रा लुगा लगाएर, मिठोमिठो खाना खाएर मनाउँदछन् । यसको अतिरिक्त माघेसक्रान्ति आफ्नै ढंगले मनाउँदछन् । दशै, तिहार, कृष्णजन्माष्टमी र अन्य चाडपर्व पनि मनाउँदछन् ( सुचना विभाग, वि.सं. २०३१) ।

मगनी भएका र विवाहित थरुनीहरू हात, गोडा र छातीमा गोदना बनाउने चलन छ । यिनीहरूमा आफ्नै जातिय परम्परा भएको पाइन्छ । गर्भवती, नछुने, सुत्केरी भएकी एवं विधवा आईमाईले धार्मिक कार्य मात्र गर्दैनन् । तर अन्य घरायसी कार्यहरू गर्दछन् । छुवाछुतको मान्यता छैन । यिनीहरूका गरगहनामा नाकमा बुलाकी, नत्थी, गलामा मोहरमाला, सुतीया चुऱ्या (चुरा) मुन्द्री, लखौना आदि लगाउने गर्दछन् । तर आजकल हाम्रो जस्तै पर्वतीयहरूको गहनाहरू लगाउने गर्दछन् (विष्ट, सन् १९८६) ।

थारूजातिभित्र खानपिनमा विभिन्न किसीमका परिकार बनाउने प्रचलन रहेको छ । जसमा माड, जाँड, रक्सी, कठवा, खैया, मेथौरी, ठेसौरा, ढिकी, सनुवा, अम्चुर,

सीद्रा, लेछरा, सेठौरा, कसार, खुमी, भक्का, फुडकी, अमोठ, घोगी, गङटा, सीन्की, माछा, खिचडी, फुलौरी आदि हुन्छ (घिमिरे, वि.सं.२०४४) ।

पश्चिमतराईका क्षेत्र दाङ, कैलाली जिल्लामा जुनघरमा छोरी दिइन्छ । त्यही घरबाट बुहारी भित्र्याई साटो विवाह गर्दछन् (गौतम, वि.सं. २०४४) ।

थारूजातिको विवाह संस्कारको बारेमा रामकुमार पाण्डे भन्दछन् - थारूजातिको विवाहमा कन्यादान अघि एक कचौरा विष दिने चलन छ । केही गरी शत्रुको हातमा परेमा आत्महत्या गर्न विष दिई दुलहीलाई डोली वा खटौलीलाई राम्रोसँग सिंगारेर त्यसमा चढाई बिदा गरीन्छ । माइतीले दुलहीको साथमा एउटा बत्ती र विषको प्याला दिएको हुन्छ । यिनीहरूको आफ्नै किसीमको विवाहसंस्कार रहेको देखिन्छ (पाण्डे, वि.सं. २०४२) ।

द्रोणप्रसाद रजौरे (सन् १९८१) का अनुसार, थारूसमुदायमा पनि स्थानिय परम्परा नेपाली कानुन अनुरूप निर्माण भएका छन् । उनीहरूका पनि आफ्नै सामाजिक तथा धार्मिक अगुवाहरू हुन्छन् । यी अगुवाहरू आदिवासी तवरबाट छानिएका छन् । जसलाई भलमन्सा वा दंगौरामा महतौ भनिन्छ ।

थारूहरूको सामाजिक स्थितीको बारेमा जनकलाल शर्मा भन्दछन् -प्रायः थारूहरूको विवाह सानै उमेरमा हुन्छ । ८/९ वर्षको केटाको लागि १५/१६ वर्षकी केटी खोजेर विवाह गरिन्छ । थारूहरू मृत्युसंस्कारलाई जीवनचक्रको एक प्रमुख घटनामध्ये एक मान्दछन् । पूर्वका थारूहरू मृतकलाई नदीकिनारमा दाहसंस्कार गर्दछन् । सुदुरपश्चिमका थारूहरू लोग्ने मानिसलाई घोप्टो पारि गाड्दछन् भने स्वास्नीमानिसलाई उत्तानो पारि गाड्दछन् । पुरोहित आफ्नो वर्गको बाहेक ब्राह्मण पनि लगाउने गर्दछन् । यसरी ब्राह्मण वा पुरोहित लगाउने थारूहरू मृत्यु भएको १३ औं दिनमा अन्य हिन्दुहरूले झैं काजकिया गर्दछन् (शर्मा, वि.सं. २०३९ : ४१९) ।

थारूजातिको भाषाको सम्वन्धमा मेदीनीप्रसाद धिताल (वि.सं. २०४४) का अनुसार, थारूजातिमा सवै स्थानको भाषा एकै किसीमको पाइदैन् । पश्चिमका थारूमा अवधिभाषा, मध्ये भागका थारूमा भोजपुरी र पुर्वी भागका थारूमा मैथलीभाषाको प्रभाव रहेको छ ।

## २.३ थारु जातिको आर्थिक अवस्था

थारु समुदायको बारेमा लेखिएको विविध लेख तथा पुस्तक आदि उपलब्ध अध्ययन सामग्रीको आधारमा थारुजातिको आर्थिक अवस्थासम्बन्धी विभिन्न विद्वान्का भनाईहरु यसप्रकार रहेका छन् ।

ज्ञानेश्वर भट्टराई (२०६०) का अनुसार, थारूजातिको मुख्य पेशा कृषि हो तापनि यी जातिहरू कृर्षिलगायत पशुपालन, माछा मार्ने, माटाका भाँडा बनाउने, घर बनाउने, गुन्द्री पासो आदि बनाउनका साथै केही मात्रामा नोकरी, व्यापार, मजदुरीलाई आर्थिक आधारमा अपनाएको पाइन्छ ।

थारूजाति राजनीतिक्षेत्र, सरकारी सेवा र शिक्षातर्फ पनि अग्रसर भएको पाइन्छ । राजनैतिक क्षेत्रलाई हेर्ने हो भने हालसम्म सांसद तथा मन्त्री भएका थारूहरूको संख्या ४२ पुगिसकेको छ । त्यस्तै गरी निजामतीसेवातर्फ राजपत्राङ्किततहमा कार्यरत थारूसंख्या १४ पुगिसकेको छ । प्रहरीतर्फ अधिकृत पदमा कार्यरत थारूहरू १३ जना रहेका छन् भने मेडिकल डाक्टर २१ जना, इन्जिनियर ५२ जना, प्राध्यापक २४ जना, विद्यावारिधी गर्ने थारूसंख्या ४ जना र डिग्री हासिल गर्ने थारूसंख्या ६० जना रहेका छन् (अन्तराष्ट्रिय मञ्च, वि.सं. २०६०) ।

थारुहरुको आर्थिक स्थिति कृषिमा आधारित छ । आफ्नो आवश्यकता पुरा गर्न कृषि उपजलाई बेच्ने तथा साट्ने गर्दछन् । कृषि र त्यसमा आधारित पशुपालन नै थारुजातिको जिबीकोपार्जनको मुख्य स्रोत हो । थारु परिवारका सम्पुर्ण सदस्यहरु

बाहिर गएर काम गर्न भन्दा घरमा नै कृषि कार्यमा संलग्न भएका हुन्छन् भने द्रोणप्रसाद रजौरे (सन् १९७७) ले थारु जातिको आर्थिक स्थितिको बारेमा जानकारी दिएका छन् । उनका अनुसार प्रारम्भिक दिनहरुमा थारुहरु नगदको अभावले आफ्नै नाममा नापी भूमि लिनको लागि त्यति इच्छुक थिएनन् ।

उनीहरु खाली भूमिमा खेती गर्न रुचाउँथे किन कि त्यस्ता जग्गाहरुको सीमीत अवधिको लागि राजश्व तिर्नु पर्दैनथ्यो । त्यहाँबाट फेरि उनीहरु सो जग्गा सुपथ मूल्यमा बिक्री गरी नेपालको पशि्चम क्षेत्र बर्दिया, कैलालीतिर जुन जग्गामा राजस्व तिर्नु पर्दैनथ्यो, नयाँ जग्गामा खेती गर्नका लागि जान्थे । थारूहरूको आर्थिक स्थितिको बारेमा डा. मेदीनीप्रसाद शर्मा (वि.सं. २०४४:७६) भन्दछन् । थारूहरू सिकर्मीको काम आफै गर्दछन् । तेल पनि आफै बनाउँदछन् । खेतीनै थारूहरूको एकमात्र व्यवसाय हो । खेतीको काममा थारूजातिको जति परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोको लागि उनीहरू ३ जोडा गोरु राख्दछन् । थारूहरू माछा मार्न ज्यादै मन पराउँदछन् । थारूहरू प्रायः घरमा बसेको समयमा त्यसै निष्कृय भई बस्दैनन् । उनीहरू केहीनकेही काम गरिरहेकै हुन्छन् । थारूहरूले बर्खेवाली र हिउँदेबाली लगाउदछन् । बर्खेवालीमा धान र सनपाटको खेती गर्दछन् भने हिउदे बालीमा चना, मसुरो, केराउ, गँहु लगाउँदछन् । थारूहरूले भर्खरभर्खर आधुनिक तरिकाबाट खेती गर्न थालेको देखिन्छ । थारूहरूको आर्थिक अवस्था अधिकांश रूपमा दयनिय नै देखिन्छ । पाहुनाको सत्कारमा बढीखर्च, जाँडरक्सीको प्रयोग, पुरानै ढंगमा खेती गर्ने प्रणाली, खेती मात्र एक मुख्य पेशा आदिको कारणले थारूजातिको आर्थिक अवस्थामा सुधार भएको देखिदैन ।

## २.४ थारुजातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा आएको परिवर्तन

वर्तमान समयमा थारु जातिको विविध पक्षजस्तै सामाजिक सांस्कृतिक आर्थिक पक्षमा पनि परिवर्तन आएको पाइन्छ । यिनै परिवर्तनहरुका सम्बन्धमा विभिन्न विद्वान्हरुका उल्लेखित भनाइहरु यस प्रकार रहेका छन् -

थारूजातिको सामाजिक होस वा सयुक्त परिवारमा बाबुको मुख्य भूमिका हुन्छ । अनी जेठा छोराको स्थान हुन्छ । तर बदलिदो सामाजिक प्रवाहमा समयले निकै परिवर्तन ल्याईसकेको छ । आजभोलिका नयाँ पिढीका कान्छा केटाहरूले पनि आफ्नो परिवारमा आफ्नो बराबरीको हकको माग गर्दै आएका छन् । यस प्रकारको नयाँ पिढीहरूको मान्छेहरूको सक्रियतामा नै संयुक्त परिवारको विखण्डन हुने अवस्थाको प्रारारम्भिक लक्षण हो । यिनै विशेष अवस्थालेनै परिवार फुटेर गएको हो भन्न सकिन्छ र पुरानो संयुक्त परिवारको सामाजिक बनोटमा परिवर्तन भएको पाइन्छ (रेग्मी, वि.सं. २०३५: ८२) ।

राजेश गौतम र अशोककुमार थापामगरले थारूजातिको सामाजिक, साँस्कृतिक स्वरूपमा आएको परिवर्तन बारे प्रष्ट्याउदै भनेका छन् । थारूहरू तराईप्रदेशमा फैलिएर बसेका छन् र अचेलउनीहरूका रहनसहन, मुल्यमान्यता, विश्वासहरू पहिले जस्तो समान प्रकृतिको देखिदैनन् । तर आजकल यिनीहरूमा पनि परिवर्तन देखिन थालेको छ । अहिले विश्वमा देखिएको विकासको गतिसँगै यिनीहरूपनि राम्रो जीवनको लागि संगठित भएर हिडेका छन् । अहिलेका थारूहरू पनि राष्ट्रिय मूलधारमा समाहित भएका छन् र आधुनिक चिकित्साप्रणाली, शिक्षा जस्ता क्षेत्रमा सहभागी भई स्थिर सामाजिक, तथा साँस्कृतिक स्वरूपमा परिवर्तन देखिन थालेको आभाष पाइन्छ (गौतम र थापामगर, सन् १९९४) ।

द्रोणप्रसाद रजौरे (सन् १९७७) ले आफ्नो सोधपत्रमा दाङका दंगौरा थारूको मानवशास्त्रीय अध्ययन गरेका छन् । यस अध्ययनमा तिनीहरूको चाडपर्व र आर्थिक, सामाजिक पक्ष आदिमा अन्य जातिको प्रभावमा भईरहेको परिवर्तनको बारेमा वर्णन भएको छ ।

सामाजिक गतिविधिको रफतार दिनप्रतिदिन बढिरहेको विश्वमा थारु समुदायको भौतिक साधन र जीवन पनि झन झन स्तरीय बाटोमा विभिन्न समुदायसँगको सांस्कृतिक आदानप्रदानबाट प्रभावित भइरहेको छ । जसको कारणले उनीहरुलाई धनको खाचोको अनुभव भइरहेको छ । नुन, तेल, लुगा फाटोको अतिरिक्त अव अन्य सहरीया वातावरणको आगमनले उनीहरुमा नयाँ नयाँ फेसन र इच्छाको अभिवृद्धि गरिरहेको छ । त्यसो हुनाले उनीहरुको सम्पूर्ण जनजीवनमा झनै परिवर्तनको आभाष मिलिरहेको छ (रेग्मी, वि.स. २०३५:८२) ।

यसरी विभिन्न विद्धानहरूले नेपालको तराई तथा भित्री मधेशमा बसोबास गर्ने आदीवासी थारूजातिको उत्पत्ती, बसोबास, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा शोधकार्य गरी प्रकाश पार्ने जर्मर्को गरेका आदिवासी भए तापनि समाजशास्त्रीय दृष्टिकोणले उनीहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे त्यतिको गहन अध्ययन भएको पाइदैन ।

# अध्याय–तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

यस अध्ययनका लागि कैलाली जिल्लाको धनगढी नगरपालिका वडा नं ५ लाई अध्ययनक्षेत्र छनोट गरिएको छ । कैलाली जिल्लाको सम्पूर्ण थारूहरूको अध्ययन गर्न समय, स्रोत र साधन बढी लाग्ने भएकाले र उक्त क्षेत्र अनुसन्धानकर्ताका लागि सुविधायुक्त भएकोले धनगढी नगरपालिकालाई अध्ययन क्षेत्र छनोट गरिएको हो । यस शोधपत्रमा ध.न. पा.लाई शोधकर्ताले छनोट गर्नुका पछाडि निम्न कारणहरू रहेका छन -

- अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।
- समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको चितपरिचित क्षेत्र भएकोले ।
- थारू जातिको सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन गर्न रुचि भएकोले ।
- अध्ययन क्षेत्रमा थारू जातिको बसोबास धेरै भएकोले ।

## ३.२ अध्ययन ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवैविधिको प्रयोग गरिएको छ । वर्णनात्मक विधिबाट थारूजातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा वर्णन गरिएको छ । अन्वेषणात्मक विधिद्वारा यो जातिको

सामाजिक सांस्कृतिक अवस्थामा आएको परिवर्तनको बारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ तथ्याङ्क स्रोत र प्रकृति

प्रस्तुत शोधपत्रकालागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितीय स्रोतलाई अवलम्बन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिसँग अन्तर्वार्ता आदिबाट अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्रांप्त तथ्याङ्क, जिल्ला विकास, नगरपालिकाबाट प्राप्त अभिलेखलाई लिइएको छ । लेखकले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनौट

अध्ययन क्षेत्र कैलाली जिल्ला धनगढी नगरपालिकाका वडानं ५ मा बसोबास गरेका थारूजातिलाई समावेश गरिएको छ । यस वडामा थारूहरूको जम्मा २०० घरधुरी रहेको छ । जसमध्ये संभावित नमुना छनोटको लट्री विधि प्रयोग गरी २५ प्रतिशतका दरले हुन आउने ५० घरधुरीलाई नमुनाको रूपमा छनोट गरिएको छ । सुरुमा सबैघरघरमा गईनाम सङ्कलन गरियो । र सङ्कलित घरमुलीका नामलाई खुला भाडामा राखी त्यसमध्ये ५० घरलाई छनोट गरियो ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम् आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ अन्तर्वार्ता

अनुसन्धान एवम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क सङ्कलनका लागि यो एउटा महत्वपूर्ण विधि मानिन्छ । अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्तगर्नका लागि व्यक्तिगत रूपमा अन्तर्वार्ता लिइएको छ । उत्तरदाताको अनुकूल समय मिलाई अर्न्तवार्ता लिइएको छ । यस अन्तर्गत आफैले तयार पारेको प्रश्नावलीको आधारमा थारूजातिको सामाजिक सांस्कृतिक स्थिति, चाडपर्व, संस्कार, पेसा वा व्यवसायसम्बन्धी बढी भन्दा बढी तथ्याङ्क सङ्कलन गर्न सकिने, बुझिने सरल र स्पष्ट भाषामा प्रश्नावलीबाट थारूजातिको सामाजिक, सांस्कृतिक स्थिति र त्यसमा आएको परिवर्तनबारे जानकारी लिइएको छ ।

#### ३.५.१.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्यहरू सङ्कलन गरिने हुँदा सो तथ्याङ्कहरू गुणात्मक र बढी औचित्यपुर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सुचनादाताहरूले दिन नचाहेको तथ्याङ्कहरू सङ्कलन गर्न सकिन्छ । यस शोधपत्रमा अवलोकन विधिद्वारा थारूजातिको सामाजिक, सांस्कृतिक अवस्थाका साथै अन्य पक्षहरू पोशाक, खानपान, चाडपर्वहरूको तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा थारू जातिको उत्पत्ति, विकास, धर्म, संस्कृतिबारे विशेष जानकारी भएका मुख्य व्यक्तिहरूसँग विभिन्न विषयमा अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क यस सम्बन्धमा प्रकाशित भएका लेख, जि.वि.स. बाट उपलब्ध रेकर्ड, थारूजाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक, लेखरचना, पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

सङ्कलित तथ्याङ्कलाई व्यवस्थित गर्न तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ भने गुणात्मक तथ्याङ्कहरूलाई उद्देश्य अनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ । भने गुणात्मक तथ्याङ्कहरूलाई उद्देश्यअनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अनुसन्धान कार्य सदैव एउटा निश्चित परिधीभित्र रहेर गरिने कार्य भएको हुदाँ अनुसन्धानकार्यको मुल्य र मान्यता पनि निश्चित रूपमा रहेका हुन्छन । अध्ययनका लागी बनाइएका योजना अनुसार कार्य संचालन गर्नुपर्ने हुन्छ । अध्ययन अनुसन्धानकार्यका पनि निश्चित सीमाभीत्र मात्र यसको परिमाण र निष्कर्षहरू मान्य हुन्छन् । यो अध्ययनको उद्देश्य कैलाली जिल्ला धनगढी नगरपालीका वडान. ५ मा बसोबास गरेका दंगौरा थारूजातिको सामाजीक तथा आर्थिक अबस्थाको अध्ययन गर्नु हो । यो अध्ययन केवल कैलाली जिल्ला ध.न.पा. वडा नं ५ मा बसोबास गरेका थारूजातिको अध्ययनबाट प्राप्त हुने निष्कर्ष अन्य क्षेत्र र परिवेशमा लागू नहुनसक्छ ।

# अध्याय–चार

# अध्ययन क्षेत्र सामान्य परिचय

## ४.१ कैलाली जिल्ला

### ४.१.१ भौगोलिक अवस्था

सुदूरपश्चिमाञ्चलको दक्षिणमा अवस्थित तथा सुदूरपश्चिमाञ्चलको ढोकाको रूपमा रहेको कैलाली जिल्ला ३३२५ वर्गकिलोमीटर क्षेत्रमा फैलिएको छ । यस जिल्लाको पूर्वमा बर्दिया, उत्तरपूर्वमा सुर्खेत, उत्तरमा डोटी, उत्तरपश्चिममा डडेल्धुरा, पश्चिममा कञ्चनपुर र दक्षिणमा भारतको उत्तरप्रदेश पर्दछ । २८°२२' उत्तरदेखि २९°०' उत्तरी अक्षांश सम्म र ८०°३०' पुर्वदेखी ८१°१८' पुर्वी देशान्तर सम्म फैलिएर रहेको छ । उचाइको हिसावले यो जिल्ला समुन्द्रसतहदेखि १९०मीटरदेखि १९५० मिटरसम्मको उचाइमा अवस्थित छ । यस जिल्लाको दक्षिण सिमानामा रहेको मोहना नदी कुनै ठाँउमा नेपालतर्फ र कुनै ठाँउमा भारत हुदै बगेको छ (केन्द्रीय  तथ्याङ्क विभाग , सन् २००१) ।

यस जिल्लामा धनगढी र टिकापुर गरी २ वटा नगरपालिका र ४२ वटा गा.वि.स. रहेको छ । १३ वटा इलाकामा विभाजित यो जिल्लामा ५ संसदिय निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाको सदरमुकाम धनगढी हो । वि.सं. २०५८ सालको जनगणना अनुसार यस जिल्लाको जम्मा जनसंख्या ६१६६९७ रहेको छ । जसमा पुरुष ३,१२, ३११ रहेका छन् र महिला ३,०४, ३८६ रहेका छन् । जनसख्यां वृद्धिदर ३.९ प्रतिशत रहेको छ । जम्मा घरसंख्या ९४४३० रहेको छ । क्षेत्रफलको हिसाबले यस जिल्लाको जनघनत्व प्रतिवर्ग कि.मी. १९२.२ जना रहेको छ । यस कैलाली जिल्लामा बसोबास गर्ने मुख्य जातिहरूमा सबभन्दा बढी थारू त्यसपछि क्रमश ब्राह्मण, क्षेत्री, कामी, मगर, नेवार, ठकुरी, दमाई, सार्की, शेर्पा आदि जातिहरूको बसोबास रहेको छ (केन्द्रीय  तथ्याङ्क विभाग, सन् २००१) ।

वि.सं. २०५८ सालको जनगणना अनुसार यस जिल्लामा थारूजातिको जम्मा जनसंख्या २,६९,५२१ रहेको छ । जसमा पुरुषको संख्या १३७०५४ र महिलाको सख्या १३२४६७ रहेको छ । यस जिल्लाको हावापानी अधिकतम तापक्रम $१९^{\circ}$-$४४^{\circ}$ सेल्सियस र न्युनतम $७.५^{\circ}$ -$२३.५^{\circ}$ सेल्सियस तापक्रम रहने गरेको पाइन्छ र यहाँ औसत वार्षिक वर्षा १८४० मिली मीटर हुने गरेको पाइन्छ ।  यस जिल्लाको मानिसहरूको प्रमुख व्यवशाय कृषि हो यहाँ ६८.२५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा संलग्न छन् भने ३१.७५ प्रतिशत जनसंख्या गैह्र कृषि क्षेत्रमा संलग्न देखिन्छ । यस जिल्लामा प्रमुख बालीहरूमा धान, मकै, गँहु, तोरी आदि हुन् (केन्द्रीय  तथ्याङ्क विभाग, सन् २००१) ।

यस जिल्लामा हाल सरकारी र नीजि गरी ५८९ वटा शैक्षिक संस्थाहरू रहेका छन् । हाल यस जिल्लाको साक्षरता ५२.६० प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता ६३.९७ प्रतिशत र महिला साक्षरता ४१.०५ प्रतिशत रहेको छ । यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरूमा घोडाघोडी ताल, टिकापुर, चिसापानी, गोदावरी, धनगढी आदि हुन ( केन्द्रीय  तथ्याङ्क विभाग , सन् २००१) ।

## ४.२ धनगढी नगरपालिका

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको कैलाली जिल्लामा पर्ने यो धनगढी नगरपालिका काठमाडौं देखि ७५० किलोमिटरको दुरीमा पर्दछ । यस नगरपालिकाको पूर्वमा उर्मा गा.वि.स र खुटीया नदी, पश्चिममा मोहनानदी, उत्तरमा बेलादेवी गा.वि.स. र गेटा गा.वि.स. र दक्षिणमा मोहना नदी र भारत पर्दछ । यस नगरपालिकालाई १४ वटा वडामा विभाजन गरिएको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार यस न.पा. को कुल क्षेत्रफल ९५ वर्ग कि.मी. छ । यो नगरपालिका समुन्द्रसतहदेखि १०९ मी. उचाइमा रहेको छ । यहाँको हावापानी अधिकतम तापक्रम $१९^{\circ}$- $४४^{\circ}$ सेल्सियस न्युनतम $७.५^{\circ}$ देखि $२३.५^{\circ}$ सेल्सियस तापक्रम रहने गरेको छ । यहाँको वार्षिक वर्षा १५५० मी.मिटर वर्षा हुने

गरेको छ । यस न.पा. मा ब्राह्मण, क्षेत्री, नेवार, थारू दमाई, ठकुरी, सार्की मगर, गुरुङ आदि जातिहरूको बसोबास रहेको छ (ध.न.पा.  तथ्याङ्क विभाग , सन् २००१) ।

## ४.३ वडागत आधारमा जनसंख्या

वि.स. २०५८ सालको जनगणना अनुसार धनगढी न.पा. को कुल जनसंख्या ६७४४७  छ । यसमध्ये पुरुष जनसंख्या ३५२२८ र महिला ३२२१९ रहेका छन् । यस न.पा. मा जम्मा घरधुरी ११७३८ रहेको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार धनगढी न.पा. लिङ्ग तथा वडागत आधारमा रहेको जनसंख्या लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ : ध.न.पा. को वडागत आधारमा जनसंख्या**

| | | | जनसंख्या | | | कुल | |
|---|---|---|---|---|---|---|---|
| वडा न. | घरधुरी | पुरुष | प्रतिशत | महिला | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १९३७ | ५१२८ | १४.५ | ४३६९ | १३.५ | ९४९७ | १४.० |
| २ | १५८१ | ४४१९ | १२.५ | ३९९२ | १२.३ | ८४११ | १२.४ |
| ३ | १४०३ | ४२३० | १२.० | ३९३८ | १२.२ | ८१६८ | १२.१ |
| ४ | ९१७ | २५३० | ७.१ | २२०२ | ६.८ | ४७३२ | ७.० |
| ५ | १३९४ | ४०२२ | ११.४ | ३४९५ | १०.८ | ७५१७ | ११.१ |
| ६ | ५१४ | १९६४ | ५.५ | १८४० | ५.७ | ३८०४ | ५.६ |
| ७ | ८१५ | २८८५ | ८.१ | २६४६ | ८.२ | ५५३१ | ८.२ |
| ८ | ७३२ | २३०८ | ६.५ | १९७४ | ६.१ | ४२८२ | ६.३ |
| ९ | २४५ | ८७७ | २.४ | ८०८ | २.५ | १६८५ | २.४ |
| १० | २०४ | ७८९ | २.२ | ७६६ | २.३ | १५५५ | २.३ |
| ११ | २४१ | ९९४ | २.८ | ९६८ | ३.० | १९६२ | २.९ |
| १२ | १२६६ | ३३३७ | ९.४ | ३४९३ | १०.८ | ६८३० | १०.१ |
| १३ | २९१ | १०९९ | ३.१ | १०२२ | ३.१ | २१२१ | ३.१ |
| १४ | १९८ | ६४६ | १.८ | ७०६ | २.१ | १३५२ | २.० |
| कुल | ११७३८ | ३५२२८ | ५२.२ | ३२२१९ | ४७.७ | ६७४४७ | १०० |

**स्रोत- केन्द्रिय तथ्याङ्क विभाग, २००१**

माथिको तालिका अनुसार यस नगरपालिकामा कुल घरधुरी ११७३८ रहेको देखिन्छ र कुलजनसंख्या ६७४४७ छ । जसमध्ये पुरुष ३५२२८ (५२.२प्रतिशत) तथा महिला ३२२१९ ( ४७.७ प्रतिशत) रहेका छन् । महिला भन्दा पुरुष जनसंख्या बढी देखिन्छ । जनसंख्याको आधारमा सबभन्दा धेरै वडा.न. १ मा ९४९७ रहेको छ भने घरधुरीको आधारमा सवै भन्दा ठूलो वडा न. १ मानै १९३७ घरधुरी रहेको देखिन्छ । जनसंख्या र घरधुरी दुवै हिसाबमा सबभन्दा सानो वडा नं १४ मा जम्मा घरधुरी संख्या १९८ र जनसंख्या १३५२ रहेको छ ।

## ४.४ जात/जातिको आधारमा जनसंख्या

जनजाति जातियताको आधारमा धनगढी न.पा. लाई जनजातिहरूको समीश्रण मान्न सकिन्छ । यस न.पा. मा भएका जातजातिको आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : ध.न.पा. को जातिगत आधारमा जनसंख्या**

| क्र.स. | जात/जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थारू | २११७४ | ३१.३ |
| २ | क्षेत्री | १३२४२ | १९.६ |
| ३ | ब्राह्मण | १२८०६ | १८.९ |
| ४ | नखुलेका दलित | ३५९३ | ५.३ |
| ५ | ठकुरी | ३४३६ | ५.० |
| ६ | दलित (कामी,दमाई, सार्की वादी) | २९३३ | ४.३ |
| ७ | नखुलेका जाति | २५८९ | ३.८ |
| ८ | नेवार | १३६५ | २.० |
| ९ | मुश्लिम | ११०४ | १.६ |
| १० | अन्य (मगर, गुरुङ, तामाङ आदि) | ५२०५ | ७.७ |
| जम्मा | | ६७४४७ | १०० |

**स्रोत :-केन्द्रीय तथ्याकं विभाग, २००१**

माथिको तालिका अनुसार यस धनगढी न.पा.को कुलजनसंख्या (३१.३प्रतिशत) थारू जाति रहेको पाइन्छ । त्यसैगरी क्षेत्रीयहरू (१९.६ प्रतिशत), ब्राह्मणहरू (१८.९ प्रतिशत) नखुलेका दलित (५.३ प्रतिशत), ठकुरी (५.१), नखुलेका जाति (३.८ प्रतिशत), नेवार (२.० प्रतिशत), मुश्लिम (१.६), रहेको पाइन्छ । त्यस्तै दमाई, कामी, सार्की एवम् बादीहरू गरी जम्मा ४.३ प्रतिशत रहेको देखिन्छ । ७.६ प्रतिशत अन्यजातिमा मगर, गुरुङ, तामाङ, सन्यासी मारवाडी आदि जातिहरू रहेको पाइन्छ ।

## ४.५ भाषागत आधारमा जनसंख्या

अध्ययन क्षेत्र धनगढी न.पा. मा भाषागतरूपमा हेर्दा नेपाली, थारू, मैथिली, हिन्दी, बढी मात्रामा बोल्ने गर्दछन् । यस न.पा.को भाषागत आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : ध.न.पा. को भाषागत आधारमा जनसंख्या**

| क.स. | भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ४१०८८ | ६०.९ |
| २ | थारू | १९४३६ | २८.८ |
| ३ | मैथिली | १५३७ | २.२ |
| ४ | हिन्दी | १३८१ | २.० |
| ५ | मगर | ६५० | ०.९ |
| ६ | तामाङ | ५५६ | ०.८ |
| ७ | नेवार | ४५२ | ०.६ |
| ८ | उर्दु | २१३ | ०.३ |
| ९ | गुरुङ | १५० | ०.२ |
| १० | बान्तवा | १२३ | ०.१ |
| ११ | अन्य | १८६१ | २.७ |
| जम्मा | | ६७४४७ | १०० |

**स्रोत : केन्द्रीय तथ्याकं विभाग, २००१**

माथिको तालिका अनुसार यस न.पा. मा नेपाली भाषा बोल्नेको संख्या ४१०८८ अर्थात (६०.९प्रतिशत) र थारू बोल्नेको संख्या १९४३६ छ। जुन न.पा. को जनसंख्यामा ( २८.८ प्रतिशत) स्थान ओगटेको छ। यसैगरी मैथिली, हिन्दी, मगर, तामाङ, नेवार, तथा अन्य भाषाहरूमा लिम्बु, मारवाडी, अवधी, बंगाली आदि बोल्नेको संख्या अत्यन्त नगन्य रूपमा रहेको पाइन्छ।

## ४.६ धर्मको आधारमा जनसंख्या

अध्ययन क्षेत्र  धनगढी न.पा. मा धर्मको अवस्थालाई हेर्दा हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन आदि धर्मालम्वीहरूको बसोबास रहेको छ । धर्मको आधारमा भएको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४ : ध.न.पा. को धर्मको आधारमा जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६४८३९ | ९६.१ |
| बौद्ध | १०१५ | १.५ |
| इस्लाम | १०९९ | १.६ |
| क्रिश्चियन | २७५ | ०.४ |
| अन्य (किरात, जैन, सीख) | २१९ | ०.३ |
| जम्मा | ६७४४७ | १०० |

**स्रोत : केन्द्रीय तथ्याकं विभाग, २००१**

माथिको तालिका अनुसार यस न.पा.मा हिन्दु धर्म मान्नेको संख्या ६४८३९ अर्थात (९६.१ प्रतिशत) रहेको छ। जुन सबभन्दा बढी रहेको छ। यसरी नै बौद्ध धर्म मान्नेको संख्या (१.५ प्रतिशत), इश्लाम धर्म मान्नेको संख्या (१.६ प्रतिशत), क्रिश्चियन धर्म

मान्नेको संख्या  (०.४ प्रतिशत) रहेको छ भने अन्य धर्ममा (जैन, सीख, किरात) धर्म मान्नेहरू अत्यन्त नगन्य (०.३ प्रतिशत) मात्र रहेको देखिन्छ ।

## ४.७ शैक्षिक अवस्था

देशको विकासको आधार भनेको साक्षरता एवम् शिक्षीतहरूको अवस्थालाई जनाउँदछ । साक्षर एवम् शिक्षित दर राम्रो छ भने त्यसले देशविकासको राम्रो अवस्था देखाउछ । यस धनगढी न.पा. मा रहेका शैक्षिक संस्थाहरूको संख्या निम्नाअनुसार छ ।

**तालिका ५ : ध.न.पा.को शैक्षिक अवस्था सम्बन्धी विवरण**

| विद्यालय | नीजि विद्यालय | सरकारी विद्यालय | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | ३२ | १५ | ४७ |
| नि.मा.वि. | १२ | ४ | १६ |
| मा.वि. | ५ | ७ | १२ |
| उच्च.मा.वि. | ६ | १ | ७ |
| व्यवसायिक, प्राविधिक शिक्षालय | ४ | ० | ४ |
| क्याम्पस | ३ | ० | ३ |
| जम्मा | ६२ | २७ | ८९ |

**स्रोत : ध.न.पा. तथ्याक, २००१**

यस न.पा. मा सरकारी र नीजि दुवैतर्फ प्रा.वि., नि.मा.वि., उच्च.मा.वि., व्यवशायिक र प्राविधिक शिक्षालय, क्याम्पस गरी जम्मा ८९ वटा शैक्षिक संस्थाहरू रहेका छन् । सरकारी विद्यालय तथा क्याम्पसले केहीवर्ष देखि गुणस्तरीय शिक्षा दिन नसकेकोले नीजिस्तरबाट संचालित संस्थाहरू फस्टाएको देखिएपनि सबै तहका मानिसलाई यस्तो महंगो शिक्षाले समेट्न नसक्ने निश्चित देखिन्छ ।

**तालिका न. ६ : ध.न.पा. को ६ वर्ष र त्यसभन्दा माथिको जनसंख्याको साक्षरता स्थिति**

| साक्षरता स्थिति | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पढ्न लेख्न दुवै नसक्ने | ६०३६ | २०.४ | ११३२० | ४१.५ | १७३५६ | ३०.५ |
| पढ्न मात्र सक्ने | २५०२ | ८.४ | २८६८ | १०.५ | ५३७० | ९.४ |
| पढ्न लेख्न दुवै सक्ने | २१०३९ | ७१.१ | १३०५५ | ४७.९ | ३४०९४ | ६०.० |
| जम्मा | २९५७७ | ५२.२ | २७२४३ | ४७.९ | ५६८२० | १०० |

**स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २००१**

माथिको तालिका अनुसार यस न.पा.को कुल जनसंख्या मध्ये पढ्न, लेख्न् दुवै नसक्ने ३०.५ प्रतिशत रहेको छ। ९.४ प्रतिशत ले पढ्न मात्रै सक्ने र पढ्न र लेख्न् दुबै सक्नेको संख्या ६०.० प्रतिशत रहेको छ। त्यसैगरी पुरुषहरूमा २०.४ प्रतिशत ले पढ्न, लेख्न दुवै नसक्ने रहेको छ। पढ्न लेख्न दुवै सक्ने समुहमा ७१.१ प्रतिशत रहेको छ। पढ्न मात्रै सक्नेहरूको संख्या ८.४ प्रतिशत छ।

महिलाहरूमा ४१.५ प्रतिशत निरक्षर रहेको पाइन्छ। १०.५ प्रतिशत महिलाहरूले मात्रै पढ्न मात्र सक्ने देखिन्छ। पढ्न र लेख्न दुबै सक्ने महिलाहरूको संख्या ४७.९ प्रतिशत रहेको देखिन्छ। पुरुष र महिलालाई तुलनात्मक रूपमा हेर्दा निरक्षर संख्या महिलाहरूको नै बढी देखिन्छ।

## ४.८ उद्योग र व्यापार

कुनै पनि क्षेत्रको समग्र विकासमा सबैभन्दा महत्वपूर्ण आर्थिक स्थिति हो । आर्थिक मेरुदण्ड कमजोर भएमा समाजको विकास ज्यादै पछाडी पर्दछ । यस.न.पा. मा ठूला उद्योग कलकारखाना नभएपनि धान कुट्ने, तेल पेल्ने मील, चिउरा, मील रहेका छन् । यसका साथै काठ उद्योग, पाउरोटी उद्योग, मैदा उद्योग, स-साना धुप, मैनबत्ती बनाउने उद्योग रहेका छन् । यस्ता घरेलु उद्योगहरूबाट केही मात्रामा भएपनि स्थानिय जनताहरूले रोजगारी पाएका छन् । यस न.पा.को प्रमूख बजार धनगढी हो । ग्रामिण क्षेत्रमा उत्पादन भएका कृषिउपजहरू यही बजारमा बिक्री वितरण गरिन्छ । यहाँ ठूला ठूला खाद्यान्न , पसल, इलेक्ट्रोनिक पसल, घरनिर्माणका सामग्री विक्री गर्न हार्डवेयरपसल भएका कारण व्यापार व्यवसाय राम्रै रहेको देखिन्छ । यसका अतिरिक्त अन्य वित्तीय कारोवारसँग सम्वन्धित सरकारी संस्थाहरू पनि यस क्षेत्रमा प्रशस्त रहेका छन् । कर कार्यालय, भन्सार कार्यालय, नेपाल राष्ट्र बैंक, बाणिज्यबैक, कृषि विकासबैकं, नेशनल ट्रेडिङ्ग आदि जस्ता यस क्षेत्रका आर्थिक कारोबारका संस्थाहरू हुन् ।

**तालिका ७ : ध.न.पा. को आर्थिक रूपले सक्रिय (१० वर्ष र माथिका) जनसंख्याको स्थिति**

| बर्गिकरण | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक रूपले सक्रिय | १७३३० | ६६.१ | ११७२९ | ४९.० | २९०५९ | ५७.९ |
| आर्थिक रूपले निश्कृय | ८८७८ | ३३.८ | १२१८६ | ५०.९ | २१०६४ | ४२.२ |
| जम्मा | २६२०८ | ५२.२ | २३९१५ | ४७.७ | ५०१२३ | १०० |

**स्रोत : केन्द्रीय तथ्याङक विभाग, २००१**

केन्द्रीय तथ्याङ्क विभाग २००१ को जनगणना अनुसार यस न.पा. मा आर्थिकरूपले सक्रिय जनसंख्यालाई हेर्दा (५७.९ प्रतिशत) जनसंख्या आर्थिक रूपले सक्रिय

देखिन्छन भने ४२.० प्रतिशत जनसंख्या आर्थिक रूपले निस्कृिय देखिन्छन् । यसमा पनि पुरुषहरूको बाहुल्यता देखिन्छ । पुरुष र महिलाहरूको तुलना गरी हेर्दा आर्थिक रूपमा सक्रिय पुरुषहरूको बाहुल्यता छ भने आर्थिकरूपमा निस्कीय महिलाहरू बढी देखिन्छन् ।

## ४.९ स्वास्थ्य, खानेपानी तथा सरसफाई

स्वास्थ्य नै मानिसको प्रमुख धन हो । यस धनगढी न.पा. का बासिन्दाको उपचार गर्ने मुख्य ठाँउ सेती अञ्चल अस्पताल हो । यस न.पा. मा एउटा सरकारी अस्पताल, एउटा सामुदायिक अस्पताल र न.पा. द्धारा संचालित प्राथमिक उपचार केन्द्र एउटा रहेको छ । यसका साथै प्राइभेट क्लिनकहरू पनि धेरै संख्यामा रहेका छन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरू स्वास्थ्य तथा सरसफाइबारे सचेत भएको पाइन्छ ।

सफा पानी नै स्वास्थ्य जीवनको आधार हो । यो न.पा. तराई क्षेत्र भएकोले जमीनको पानी नै खानेपानीको मूख्यस्रोत हो । नेपाल सरकारबाट ओभरहेड टंकी निमार्ण गरी खानेपानी संस्थानले शुद्ध खानेपानीको वितरण गरेको छ । यसका साथै प्रायजसो घरहरूमा जमीनमुनी बाट पानी तानेर हेण्डपम्पबाट पनि पानीको आपुर्ति गरिएको छ । खानेपानी संस्थानले हरेक नगर बासीहरूलाई पिउनेपानी उपलब्ध गराउन नसकेपनि २७३५ परिवार यससेवाबाट प्रत्यक्ष लाभान्वित छन् । यस न.पा. मा नीजिधाराहरूको संख्या २३३८ र सार्वजनिकधाराको संख्या १२ रहेको छ ।

## ४.१० विद्युत, यातायात र संचार

विद्युत सुविधाबाट हरेक किसीमका व्यापार गर्न सकिने भएकोले विद्युत आर्थिक विकासको लागि प्रमुख पक्ष हो । विद्युतको विकासले अन्य क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस न.पा. का सबै वडाहरूमा विद्युत सेवा बिस्तार भएको छ । सबै वडाहहरूमा सडक वत्तिको पनि व्यवस्था गरिएको छ । यसका साथै ८३६३ ग्राहकहरू विद्युत सेवाबाट प्रत्यक्ष लाभान्वित छन् ।

यातायातको दृष्टिकोणमा यस न.पा. लाई सुगम मान्न सकिन्छ । हरेक टोलमा जानका लागि ग्राभेल, पीच, कच्चि बाटाहरू खुलेका छन् । बजार क्षेत्रका मुख्य-मुख्य सडक कालोपत्रे गरिएका छन् । कालोपत्रे सडकको सेवा पुगेका वडाहरूमा १,२,३,४,५,८ र १३ हुन् । यस न.पा. को १४ वटै वडाहरूमा बाटोहरू ग्राभेल गरिएको छ । जिल्ला सदरमुकाम जोड्ने सडक अत्तरीया देखि धनगढी सम्म १६ कि.मी. सडक कालोपत्रे गरिएको छ । यस क्षेत्रका यातायातका साधनहरूमा साइकल, मोटरसाइकल, बस, मीनीबस, ट्रक, ट्याक्टर, नीजिजीप, टेम्पो रहेका छन् । यस न.पा. को सडक संजाल निम्न अनुसार छन् ।

१ धुलेसडक १९५ कि.मी.

२. ग्राभेलसडक १२७ कि.मी.

३. कालोपत्रे सडक २८.३८ कि.मी.

यस न.पा. मा संचारसेवा अन्तर्गत रेडियो, टेलिभिजन, टेलिफोन, इन्टरनेट र हुलाकका साधनहरू उपलब्ध छन् । यस न.पा. को १४ वटै वडाहरूमा टेलिफोन सुविधा पुगेको छ । ५११७ टेलिफोन लाईन वितरण गरिएको छ । यहाँको टेलिफोन लाईन वितरण क्षमता ५५१७ रहेको छ । यसका साथै यहाँ १० वटा साइवर क्याफे पनि संचालित छन् । यसनगरक्षेत्रबाट दैनिक ७ र साप्ताहिक ४ वटा पत्रपत्रिकाहरू प्रकाशित हुन्छन् । जिल्ला हुलाक मार्फत हुलाक सेवा पनि उपलब्ध छ र नीजिक्षेत्रबाट संचालित दिनेश एफ.एम. तथा  खप्तड एफंएम रहेका छन् ।

## ४.११ पर्यटकीय तथा धार्मिक स्थल

यस नगरपालिका क्षेत्रका पर्यटकीय स्थलहरूमा जाखौर ताल, तिल्के ताल र दुइवटा पार्कहरू रहेका छन् भने धार्मिक स्थलहरूमा राम जानकी मन्दिर, पशुपतिनाथको

मन्दिर, बुद्धको मन्दिर, नैनादेवी मन्दिर, वनदेवी मन्दिर, लक्ष्मीनारायण मन्दिर तथा राजयोग सेवाकेन्द्र रहेका छन् ।

## ४.१२ सरकारी तथा गैरसरकारी संस्थाहरू

यस नगर क्षेत्रमा जिल्लाप्रशासन कार्यालय, मालपोत कार्यालय, दुरसञ्चार संस्थान, जिल्ला हुलाक, रेडक्रस सोसाइटी, वडाप्रहरी कार्यालय, नेपाल राष्ट्र बैक, ब्याकवार्ड एजुकेशन सोसाइटी (बेस), नेपाल कुष्ठरोग निवारण संघ, नेपाल परिवार नियोजन संघ, नेवा, हेलभेटास आदि जस्ता सरकारी तथा गैर सरकारी संस्थाहरूले कार्य गर्दै आएका छन् ।

# अध्याय-पाँच

# सामाजिक सांस्कृतिक अवस्था

## ५.१ थारूजातिको परिचय

आदिमकालदेखि नेपालमा बसोबास गर्दै आएका पुराना जातिहरूमध्ये थारू एक प्रमुख जाति हो । कृषिकर्मलाई मुलपेशा बनाई समथर भू-भागमा बसोबास गरी जीविकोपार्जन गर्ने थारू जाति कैलाली जिल्लामा बसोबासका दृष्टिले सबभन्दा पुरानो मानिन्छ । थारूजातिको उत्पत्ती र इतिहासबारे स्वदेशी तथा विदेशी दुवै थरीका विद्धानहरूमा बैचारिक मतऐक्यता पाइदैन । थारूहरूलाई मंगोलियन, द्रविडीयन, द्रविड मंगोल र मिश्रीत जातिको रूपमा चिनाउने पृथक -पृथक विद्धानहरू छन् । अधिकांश विद्धानहरू रुपरंग र शारीरिक बनावटको आधारमा थारूलाई मंगोलियन मान्दछन् भने केही विद्धान राजस्थानको थार प्रदेशसँग सम्बन्ध देखाई थारूलाई राजपुत क्षेत्री मान्दछन् । नेपालमा थारूजातिको पहिलो थलो दाङ उपत्यका मानिएको छ । त्यस उपत्यकामा भएका दंगौरा थारूहरू बसाई सर्दै कैलालीतर्फ आएका हुन् ( मेचि देखि महाकाली ४:२०३१: ९४०) ।

कैलालीको आदिवासि जातिहरूमा संख्यात्मक बाहुल्य भएको र व्यापक रूपमा छरिएर रहेको जाति थारूजाति नै हो । यस जिल्लामा थारूसमुदाय निकै अगाडिदेखि बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा अन्यजातिको आगमन धेरै पछि मात्र भएको हो । खासगरी औलोको रोकथाम भएपछि अन्यजातिहरू पहाडी क्षेत्रबाट बसाई सरी आएको पाइन्छ । अन्य जातिहरूको व्यवस्थित बसोबास पछि पनि थारूहरू सबैजातिसँग घुलमिल भई उल्लेख्य संख्यामा कैलालीमा बसोबास गर्दै आइरहेका छन् । यसैगरी यस कैलाली जिल्लामा बसोबास गर्ने थारूलाई दंगौरा थारू भनिन्छ । थारूहरू प्राय समथर भु-भागमा बस्न रुचाउने जाति भएकोले कैलाली जिल्लाको धनगढी नगरपालिकाको १४ वडाहरूमा

थारूजातिको बसोबास रहेको पाइन्छ । यिनीहरूको आफ्नै किसिमको सामाजिक स्तर, साँस्कृतिक प्रचलन, रहनसहन भएको पाइन्छ ।

यस शोधकार्यको अध्ययनक्षेत्र अन्तर्गत रहेको धनगढी नगरपालिकाका थारू जाति पहाडीया मानिसहरूको सम्पर्कले गर्दा आफ्नो चालचलन तथा भेषभुषा भुलिसकेका देखिन्छन् । यहाँका थारूजातिलाई आफ्नो उत्पति थलोबारे खासै जानकारी नभएपनि बुढा पाका थारूका अनुसार उनीहरूका पुर्खा दाङ उपत्यकाबाट बसाई सर्दै कैलाली पुगेका हुन् । यस नगरपालिकाका थारूजातिको थरमा दहीत, कुश्मी, रजगैया, मजगैया आदि थर भए पनि उनीहरूले आफ्नो नामपछाडि चौधरी मात्र लेख्ने गरेको पाइन्छ । यस धनगढी न.पा.का थारू जातिको सामाजिक, साँस्कृतिक अवस्था अन्य जातिको भन्दा फरक रहेको छ ।

## ५.२ जनसंख्या

कुनै पनि ठाउँको सामाजिक अवस्था त्यहाँको जनसंख्याको बनावट, उमेर र लिङ्गमा आधारित हुन्छ । अध्ययनको क्रममा उत्तरदाताको उमेर अनुसारको जनसंख्या गणना गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : उमेर अनुसार उत्तरदाताको विवरण**

| क्र.स | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० | ८ | १६.० |
| २ | ३०-४० | १४ | २८.० |
| ३ | ४०-५० | १६ | ३२.० |
| ४ | ५०-६० | १० | २०.० |
| ५ | ६० भन्दा माथि | २ | ४.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिका अनुसार २० देखि ३० वर्ष उमेर समूहका उत्तरदाताको संख्या ८ वा १६.० प्रतिशत रहेको छ भने ३० देखि ४० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या १४ जना रहेको छ जुन कुल नमुनाको २८.० प्रतिशत हुन जान्छ । त्यस्तै ४० देखि ५० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या १६ रहेको छ जुन प्रतिशतको हिसावले हेर्दा ३२.० हुन जान्छ । त्यसरीनै कुल नमुना मध्येबाट १० जना वा ५० देखि ६० वर्ष उमेरसमूहको उत्तरदाता भएकोमा २ जना उत्तरदाता ६० वर्ष भन्दा माथिको उमेर समूहबाट छनौट गरिएको छ ।

## उत्तरदाताको लिङ्गगत विवरण

सामाजिक अध्ययनमा लिङ्गगत विवरणले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसै सम्बन्धमा अध्ययन गरिएको ५० घर परिवारमा २७ जना अर्थात ५४.० प्रतिशत पुरुष र २३ जना अर्थात ४६.० प्रतिशत महिला उत्तरदाता रहेका छन् । यसबाट महिला भन्दा पुरुष उत्तरदाता बढी रहेको देखिन्छ ।

## उमेर र लिङ्ग अनुसार छनौट परिवारको जनसंख्या विवरण

कुनै पनि समुदायको सामाजिक आर्थिक अध्ययन गर्नका लागि त्यस समुदायको जनसंख्याको संरचनामा उमेर र लैङ्गिक आधारमा त्यस जनसंख्याको सक्रिय श्रम शक्ति र आर्थिक रुपले सक्रिय जनसंख्याको स्थिति थाहा पाउन सकिन्छ । साथै निस्क्रिय जनसंख्याको आधारमा जान्न सजिलो पर्दछ । उमेरगत जनसंख्या भन्नाले विभिन्न उमेर समूहका व्यक्तिहरु भन्ने बुझाउँछ । त्यस्तै लैङ्गिकताले महिला र पुरुष भन्ने बुझाउँछ । अध्ययन क्षेत्र ध.न.पा. वडा न. ५ का थारु जातिहरुको उमेर र लैङ्गिक आधारमा प्राप्त जनसंख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : उमेर र लिङ्ग अनुसार छनौट परिवारको जनसंख्या विवरण**

| उमेर | पुरूष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | १७ | ५.७० | २० | ६.७१ | ३७ | १२.४१ |
| ५-१४ | २७ | ९.०६ | २५ | ८.३९ | ५२ | १७.४४ |
| १५-५९ | ९७ | ३२.५५ | ९४ | ३१.५४ | १९१ | ६४.०९ |
| ६० भन्दा माथि | ११ | ३.६९ | ७ | २.३४ | १८ | ६.०४ |
| जम्मा | १५२ | ५१.० | १४६ | ४८.९८ | २९८ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण २०७९

माथिको तालिका अनुसार छनौट परिवारको जम्मा जनसंख्या २९८ रहेको छ । जसमध्ये ५१.० प्रतिशत पुरूष र ४८.९८ प्रतिशत महिला रहेका छन् । यस तालिकामा ०-४ वर्ष उमेर समूहको जनसंख्यालाई शिशुको रुपमा, ५- १४ वर्ष सम्मको जनसंख्यालाई विद्यालय जाने उमेरको बालबालिकाको रुपमा लिइएको छ । यस्तै गरी १५-५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक एवम सामाजिकरुपले सक्रिय जनसंख्याको रुपमा र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई निस्क्रिय जनसंख्याको रुपमा लिइएको छ । ६० वर्ष भन्दा माथिको जनसंख्या पुरै बसेर खाने चाहिँ हुँदैनन । सक्रियरुपले काम गर्न नसके पनि धार्मिक एवम् सांस्कृतिक क्रियाकलापमा यो जनसंख्या निकै सक्रिय रहेको पाइन्छ । तालिकाबाट प्रस्ट हुन्छ कि ०-४ वर्ष उमेर समूहको जनसंख्या भन्दा ५ देखि १४ वर्ष उमेर समूह जनसंख्या बढी देखिन्छ । १५-५९ वर्षको उमेरको जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्षम उत्पादक जनसंख्याको रुपमा लिन सकिन्छ । यस थारु जातिमा यो उमेरको जनसंख्या सबभन्दा बढी ६४.०९ प्रतिशत

रहेको देखिन्छ । यो उमेरको जनसंख्यालाई हेर्दा पुरुष नै बढी ३२.५५ प्रतिशत र महिला ३१.५४ प्रतिशत मात्रै रहेको देखिन्छ । यस्तै गरी ६० वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम ६.०४ प्रतिशत रहेको छ । लैङ्गिक आधारमा पुरुषको जनसंख्या बढी देखिन्छ ।

## ५.३ परिवारको किसिम

परिवार सर्वव्यापी सामाजिक संस्था हो । परिवारमा संख्याका आधारमा सदस्यहरू रहेका हुन्छन् । आमाबुवा र तिनीहरूको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ । आजको आधुनिक समाजमा यस्तो किसीमको परिवारमा वृद्धि भएको पाइन्छ । तीन वा तीन भन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन् भने यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ । यस शोधपत्रको अध्ययन क्षेत्र ध.न.पा वडा नं ५ मा बस्ने थारूजातिको घरपरिवारको किसीमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १० : परिवारको बनावटको आधारमा उत्तरदाताको विवरण**

| क.स. | परिवारको किसीम | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३६ | ७२.० |
| २ | संयुक्त | १४ | २८.० |
| जम्मा | | ५० | १००. |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण २०६५**

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका धनगढी न.पा. वडा नं ५ का कुल ५० घरधुरी मध्ये ३६ अर्थात ७२.० प्रतिशत एकलपरिवार र बाँकी १४ अर्थात २८.० प्रतिशत घरपरिवार सयुक्त परिवारमा बसेको देखिन्छ । यसरी अध्ययन क्षेत्रका थारूहरूको पारिवारिक संरचना संयुक्त बाट एकलपरिवार तिर परिवर्तन हुदै गएको पाइन्छ । यसरी

थारु जातिमा  एकात्मक परिवारप्रतिको आकषर्ण बढ्नुमा छोराहरुले बाबुसरह बराबरीको माग गर्नु, जनसंख्याको वृद्धि हुनु, बढ्दो गरिबी,  घरपरिवारको  व्यवस्थापनमा समस्या , तथा सामाजिक परिवर्तन आदि प्रमुख कारण रहेको पाइन्छ ।

## ५.४ घरको बनावट

बासस्थान हरेकमानिसको एक महत्वपूर्ण आधारभूत आवश्यकता हो । अध्ययनक्षेत्रका थारूजातिको घरवनाउने शैली प्रायः एकै प्रकारको आफ्नै शैलिको पाइन्छ । परम्परागत रूपमा थारूहरूको घर काठको खामा ३-४ लहर गाडेर, बाँस वा अन्य काठले बेरेर त्यसमा गोबर माटोले लिपेर बनाएको हुन्थ्यो । कोठामा स-साना भ्याल बनाउने चलन थियो । घरको छाना पनि माटोको टायल हुन्थ्यो । आजकल परम्परागत घर बनाउन छोडेर पहाडिया परम्पराका तले घर बनाएको पाइन्छ । यसका साथै घरमा ठूला-ठूला कोठा भ्यालहरू बनाएको पाइयो । अधिकांश घर टायल वा जस्ताले छाना छाएको हुन्छ । सम्पन्न थारूहरूले पक्की घरहरू पनि बनाएको पाइयो र भान्साकोठा कसैको बेग्लै घरमा हुन्छ भने कसैको एउटै घरमा हुन्छ । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका उत्तरदाताहरूको घरको किसिमलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ११ : घरको किसीमको आधारमा उत्तरदाताको विवरण**

| क.स. | घरको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | ३२ | ६४.० |
| २ | पक्की/ढलान | १८ | ३६.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : अध्ययनक्षेत्र सर्वेक्षण, २०६५**

माथि उल्लेखित तालिकामा थारूहरूको घरको किसिमलाई देखाइएको छ । यी घरहरूमा कच्चि ३२ वटा अर्थात ६४.० प्रतिशत र पक्की १८ वटा अर्थात ३६.० प्रतिशत पाइयो । कच्चीघरहरूमा पहाडिया परम्पराका काठ र माटो प्रयोग गरेको एक वा दुइतले बनाएको देखिन्छ भने कच्चीघरको छाना जस्ता, इट्टाको टायलले छाएको पाइन्छ । यस्तैगरी पक्की घरहरूमा १३ वटा घर इट्टाको भित्ता भएको सीमेन्टको टायलले छाएको देखिन्छ भने ५ वटा ढलान गरी बनाएको पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारु जातिमा परम्परागत घर बनाउने चलन  घट्दै गएको छ । यस्तै गरी अन्य जातिहरुसँगको सम्बन्धले पहाडीया परम्पराका  घरहरु  बनाउन थालेको पाइन्छ ।

## ५.५ शिक्षा

आजको एक्काइसौ शताब्दीमा शिक्षा अत्यन्त महत्वपूर्ण कुरा भएको छ । जबसम्म समाजमा शिक्षाको विकास हुदैन तवसम्म कुनैपनि बिकास हुनसक्दैन । नेपालमा थारूजातिमा अन्यजातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । जसको फलस्वरूप थारू परिवारमा कम्लहरी प्रथा, कमैया प्रथा हालसम्म पनि पाइन्छ । अध्ययन क्षेत्र धनगढी नगरपालिका वडा.न. ५ मा बसोबास गर्ने थारूजातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा कमजोर पाइन्छ । तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउने क्रम जारीरहेको पाइन्छ । यस क्षेत्रका थारूजातिको लागि अध्ययन गर्ने विद्यालय नजिकै भएको कारण सवैजसो बालवच्चाहरू विद्यालय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट बञ्चित थारूहरूले प्रौढशिक्षा बाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । यस क्षेत्रका थारू जातिमा आई.ए. वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या निकै कम रहेको देखिन्छ । विद्यालय गए पनि विचैमा पढाई छोड्ने प्रवृति रहेको देखिन्छ । यस नगरपालिकाका थारूजातिको शैक्षिक स्थिति के कस्तो भन्ने कुरा तलको तालिकामा देखाएको छ ।

**तालिका १२ : शैक्षिक स्थिति अनुसार उत्तरदातापरिवारको विवरण**

| क्र.स. | शिक्षाको किसिम | पुरुष | % | महिला | % | कुलजनसंख्या | % |
|---|---|---|---|---|---|---|---|
| १ | १-५ कक्षा | २३ | ८.८२ | १७ | ६.५१ | ४० | १५.३३ |
| २ | ६-१० कक्षा | १४ | ५.३६ | १३ | ४.९८ | २७ | १०.३५ |
| ३ | एस.एल.सी. | ११ | ४.२२ | ३ | १.१५ | १४ | ५.३६ |
| ४ | आइ.ए | ३ | १.१५ | २ | ०.७६ | ५ | १.९१ |
| ५ | बी.ए. | १ | ०.३९ | - | - | १ | ०.३९ |
| ६ | एम.ए. | - | - | - | - | - | - |
| ७ | साक्षर | ३३ | १२.६४ | ५३ | २०.३० | ८६ | ३२.९५ |
| ८ | निरक्षर | -३१ | ११.८८ | ५७ | २१.८४ | ८८ | ३३.७१ |
| जम्मा | | ११६ | ४४.४६ | १४५ | ५५.५४ | २६१ | १०० |

**स्रोत : अध्ययनक्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिकामा उत्तरदाता परिवारको ५ वर्षमाथिको २६१ जनसंख्यामा १-५ कक्षा सम्म बढेका जनसंख्या सबभन्दा बढी ४० (१५.३३ प्रंतिशत) जना रहेका छन् । जसमध्ये पुरुष २३ (८.८२ प्रतिशत) जना र महिला १७ (६.५१ प्रतिशत) जना रहेको देखिन्छ । यसैगरी आई. ए.सम्म अध्ययन गर्ने जनसंख्या ५ (१.९१ प्रतशित) जना रहेका छन् । जसमध्ये पुरुष ३ (१.१५ प्रतिशत) जना र महिला २ (०.७६ प्रतिशत) जना मात्र रहेको देखिन्छ । यसका साथै बी.ए.सम्म अध्ययन गर्ने जनसंख्या सबभन्दा कम १ (१०.३९ प्रतिशत) जना पुरुषमात्र रहेको दखिन्छ । एम.ए सम्म अध्ययन गर्ने जनसंख्या रहेको देखिँदैन । प्रौढ शिक्षाको माध्यमबाट साक्षर हुने जनसंख्या ८६ (३२.९५ प्रतिशत) जनामध्य पुरुष ३३ (१२.६४ प्रतिशत) जना र महिला ५३ (२०.३० प्रतशित जना रहेको देखिन्छ । साक्षर जनसंख्यामा पुरुषभन्दा महिलाको संख्या बढी रहेको दखिन्छ ।

यस तथ्याङ्कबाट के देखिन्छ भने १० कक्षासम्म अध्ययन गर्ने थारुहरुको संख्या तुलनात्मक रुपमा बढी देखिन्छ भने बी.ए. सम्म अध्ययन गर्न थारुहरु निकै कम रहेका छन् । यसैगरी अन्य समुदायमा जस्तै थारु समुदायमा पनि पुरुष प्रधानता घरायसी कामकाजको बोझ, अज्ञानता, अशिक्षा आदि मूलभूत कारणहरु अझै विद्यमान छन् ।

## ५.६ परिवार नियोजन

यस अध्ययन क्षेत्र ध.न.पा वडा नं ५ मा बसोबास गर्ने अत्यधिक थारू व्यक्तिहरूलाई परिवार नियोजन सम्वन्धी जानकारी रहेको पाइयो । उत्तरदाता सबै महानुभावहरूलाई पनि परिवार नियोजन सम्बन्धी जानकारी रहेको पाइन्छ । परिवार नियोजनको ज्ञान हुनेहरूमध्ये प्रायजसोले अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो भने कमैले मात्र स्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो । यस्तै जानकारीको स्रोतमा रेडियो, पत्रपत्रिका, टि.भी., स्वास्थ्यकर्मीहरू आदि रहेका छन् । हालका साक्षर पिढीमा भने परिवार नियोजन गरी थोरै बच्चा जन्माउने धारणाको विकास भएको पाइन्छ । विशेषगरी महिला तथा पुरूषले गर्ने अप्रेशन तथा अस्थायी साधनमा कण्डम, पील्स, डिपोप्रोभेरा आदि रहेका छन् । दुवै किसीमका साधनहरूको प्रयोग अधिकांश रूपमा महिलाहरूले नै गरेको पाइन्छ । उत्तरदाता थारूहरूको परिवार नियोजनको साधनको प्रयोगलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : परिवार नियोजनको साधनको प्रयोग**

| क्र.स | परिवार नियोजनको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोग गरेको | ४२ | ८४.० |
| २ | प्रयोग नगरेको | ८ | १६.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिकामा ५० जना उत्तरदातामध्ये ४२ जनाले परिवार नियोजनको साधन प्रयोग गरेको जुन ८४.० प्रतिशत हुन आउछ। र ८ जनाले प्रयोग नगरेको अर्थात १६.० प्रतिशत रहेको पाइन्छ । यसैगरी सानो परिवारमा बस्ने चाहना, शैक्षिक जागरण, बालबच्चाको उचित पालनपोषण र शिक्षाको लागि थोरै सन्तान जन्माउनुपर्ने चेतनाको विकासको कारणले यस जातिमा परिवार नियोजन प्रति सकारात्मक धारणाको विकास भएको पाइन्छ।

## ५.७ स्वास्थ्य

यस अध्ययन क्षेत्रमा थारू जातिको सरसफाइ सम्वन्धी चेतनाको अभिवृद्धि र वृहत सामाजिक अर्न्तक्रियाले गर्दा यहाँको वरिपरीको वातावरण सफा देखिन्छ। यहाँका धेरैजसो थारूहरूले घर क्षेत्रमा नै शौचालय बनाएको पाइन्छ । खानेपानीको लागि यस क्षेत्रमा हातेपम्प नै प्रयोग गरेको देखिन्छ । वर्तमान समयमा थारूजातिमा आएको शैक्षिक जागरण, स्वास्थ्य सम्वन्धी चेतना, बढ्दो उपचारकेन्द्रले विरामी पर्दा सोझै अस्पताल लैजाने क्रम बढी रहेको पाइन्छ । यहाँका थारूजातिमा उपचार गर्ने पद्धतीबारे तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १४ :उपचार पद्धतिको आधारमा उत्तरदाताको विचार**

| क्र.स | उपचार पद्धति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत पद्धति (गुरुवा, झारफुक) | १७ | ३४.० |
| २ | आधुनिक चिकीत्सा पद्धति (अस्पताल, हे.पो.) | ३३ | ६६.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिकामा ५० जना उत्तरदाताहरूमध्ये परम्परागत उपचार पद्धतीलाई प्राथमिकता दिने उत्तरदाता ३४.० प्रतिशत छन् । आधुनिक पद्धतीलाई अपनाउनेको संख्या ६६.० प्रतिशत रहेको छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारूहरूको आफ्नै परम्परागत उपचार पद्धती (गुरुवा,झारफुक) कायमै रहेपनि अस्पताल लैजाने प्रवृत्ति बढेको देखिन्छ । अहिलेको शिक्षित युवावर्गले परम्परागत पद्धति (गुरुवा, झारफुक) प्रति कम विश्वास गर्न थालेको देखिन्छ ।

**तालिका १५ : शौचालयको प्रकार**

| शौचालयको प्रकार | घरसंख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | ३२ | ६४.० |
| पक्की | १८ | ३६.० |
| जम्मा | ५० | १००.० |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिका अनुसार ६४.० प्रतिशत अर्थात ३२ घरपरिवारले कच्ची शौचालयको प्रयोग गरेको पाइयो भने ३६.० प्रतिशत अर्थात १८ घरपरिवारले पक्की शौचालयको प्रयोग गरेको देखिन्छ । यस्तै गरी जथाभावी दिशापिशाव गर्दा रोगव्याध फैलन्छ । यसकारण चर्पी बनाउनु पर्दछ भन्ने अवधारणा यहाँका थारूजातिमा बढ्नै गएको पाइन्छ ।

## ५.८ महिलाको स्थिति

थारूजातिको परिवारमा महिलाहरूको स्थिति उच्च जातिहरूमा भन्दा उच्चनै हुन्छ । तथा स्वतन्त्रता पनि तुलनात्मक रुपले वढिनै देखिन्छ । थारूहरूको दैनिक, सामाजिक तथा आर्थिक जनजीवनमा स्त्रीहरूले महत्वपूर्ण भूमिका निभाएका हुन्छन् ।

यस अध्ययनक्षेत्रका थारू समाज पुरुष प्रधान भएपनि घरायसी कामकाजहरूमा पुरुष भन्दा महिलाको योगदान बढी देखिन्छ । यस क्षेत्रका महिलाहरू घरेलु क्रियाकलाप, घरधन्दा, जाँडरक्सी बनाउने काममा बढी समय बिताउने गर्दछन् । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निकै पछाडी परेको देखिन्छ । विद्यालयको साधारण शिक्षा हासिल गर्ने महिला ३० जना केही बढी संख्यामा र एस.एल.सी. तथा आई.ए सम्म अध्ययन गर्ने महिलाहरूको संख्या ५ जना एकदमै कम रहेको देखिन्छ भने ५३ जना महिलाहरूले प्रौढ शिक्षा लिएको देखिन्छ । घरव्यवहारको काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमुख भूमिका रहेको हुन्छ । आजभोलि भने केही मात्रामा छोराछोरीलाई पढाउने उनीहरूको विवाह गर्ने कुरामा महिलावर्गको निर्णायक भूमिका बढ्दै गएको पाइन्छ ।

आजभोली केही जागरुक महिलाहरू मिलेर महिला उत्थानको लागि महिला समूह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुदै आएका छन् । विभिन्न प्रकारका सीपमुलक तालिमहरू लिदै आएको पाइन्छ ।

## ५.९ सामाजिक हकः सम्पत्तिको हक

परम्परागत रुपमा नेपालको चलन पैतृक सम्पत्तिमा विशेषगरी छोराहरूको हक लाग्ने  गर्दछ । यसरी यस अध्ययन क्षेत्रमा पनि यही प्रचलन रहेको पाइन्छ । पैतृक सम्पतीमा महिलाको अधिकार एक आन्दोलन भएपनि हालसम्म यस आन्दोलनको यस क्षेत्रमा कुनै प्रभाव परेको पाइदैन । पैतृक सम्पत्तीको स्थानान्तर पनि छोरामै जाने परम्परा यहाँका थारूजातिमा पाइन्छ ।

## ५.१० नातेदारी व्यवस्था

नाता भनेको सामाजिक सम्वन्ध हो । जुन जन्म र विवाह पछि सृजना हुन्छ । नाताले वंशज र जैविक सम्वन्धमा मात्र नराखी आफ्नो निश्चितता क्षेत्र भित्र भएको

दायित्व र अधिकार पनि निर्धारण गर्दछ । विशेषतः मानिस जन्मदै नातामा वाधिन पुग्दछ र विवाह पछि फेरी अर्को नातामा बाँधिन पुग्दछ । यसैगरी थारूजातिमा नाता सम्बन्ध एकदमै बलियो र सुमधुर हुने गर्दछ । यस अध्ययन क्षेत्रका थारूसमुदायमा भएका यिनै पारिवारिक सम्वन्धका केही नाता सम्बन्धहरू तल दिइएका छ ।

| नाता पर्ने व्यक्ति | | सम्बोधन गर्ने शब्द |
|---|---|---|
| बुवा | = | बाबा |
| आमा | = | डाई |
| बाजे | = | बुदु |
| बज्यै | = | बुदी |
| दाई | = | दाजु |
| भाई | = | भैया |

यसरी माथिको नाता सम्बन्ध हेर्ने हो भने नेपाल अधिराज्यको पश्चिमी भागमा बसोबास गर्ने थारूजातिले आफ्ना नातेदारलाई यही नाता सम्बन्धले बोलाउने गर्दछन् र यिनीहरूले आफ्नो नातेदारलाई गोत्यार भन्ने गरेको पाइन्छ ।

## ५.११ सामाजिक संगठन तथा राजनीति

अध्ययन क्षेत्र धनगढी न.पा. को थारूसमाजमा पनि यिनीहरूको आफ्नै प्रकारको सामाजिक संगठन भएको देखिन्छ । यस क्षेत्रका थारूजातिमा पर्याप्त मेलमिलाप तथा सांगठनिक एकता रहेको पाइन्छ । सामुहिक कार्य गर्न गाउँमा एउटा जान्ने सुन्ने नेता छानिन्छ । यस्तो नेतालाई थारूहरूले भलमन्सा भन्ने गर्दछन् । यसरी छानिएको नेताले गाउँका बुढापाका व्यक्तिसमक्ष आफ्ना समस्या प्रस्तुत गरेर सामाजिक सभा द्वारा निर्णय

गराएर कार्य संचालन गर्दछ। यस्तै यस जातिमा धार्मिक क्रियाकलापको नेतृत्व गुरुवालाई सुम्पिएको  हुन्छ । वर्तमान समयमा यहाँका थारूहरूले आफ्नो समाजको वर्चस्व कायम गर्न विभिन्न संघसंस्था जस्तैः थारू कल्याणकारी सभा, थारू समाज, थारूप्रगतिशिल युवा संगठन आदि खोलेका छन् । यस्ता संगठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरी रहेका छन् । यसैगरी यस क्षेत्रका थारूहरूमा राजनैतिक जागरुकता पनि पाइन्छ । स्थानिय स्तरको चुनावमा थारू जातिको बेद प्रकाश चौधरी वडा सदस्य समेत भएका थिए । वर्तमान समयमा यिनीहरू विभीन्न सिद्धान्तमा विश्वास राख्ने भएकोले राजनैतिक गतिविधि प्रति निकै अभिरुची राखेको देखिन्छ ।

## ५.१२ सांस्कृतिक अवस्था

हरेक जातिको आ-आफ्नै किसीमको संस्कृती हुन्छ । तसर्थ धनगढी नगरपालिकाको थारू जातिको साँस्कृतिक अवस्था के कस्तो छ भन्ने कुरालाई विभिन्न शीर्षकहरूमा राखेर विश्लेषण गरिएको छ ।

### ५.१२.१ धर्म

थारूहरू आफूलाई परापूर्व कालदेखि हिन्दु धर्म भै अनुयायी भएको बताउँदछन् । यिनीहरू पहिला बौद्ध धर्मका अनुयायी मानिन्थे । यस अध्ययन क्षेत्रका थारूजातिले पनि हिन्दुधर्म मान्ने गरेको पाइन्छ । उनीहरूले पूजा गर्ने देवताहरूमा शिवजी, पार्वती, राम, कृष्ण दुर्गा आदि हुन् । यी देवी देवताहरूलाई घरको देउरार (देवीदेवता राख्ने कोठा) मा राख्ने गर्दछन् ।

### ५.१२.२ जन्मसंस्कार (जन्मकरम)

थारु भाषामा जन्मसंस्कारलाई जन्मकरम भन्ने गरेको पाइन्छ । धनगढी न.पा. का थारूजातिमा आफ्नै प्रकारको जन्मसंस्कार रहेको यस अध्ययन क्षेत्रका थारूजातिमा बालक

जन्मिदा सोरिन्या (सुडेनि) बोलाउने चलन छ । वर्तमान समयमा भने अस्पताल लगेको देखिन्छ । शिशुको जन्म भएपछि नाभी काट्ने नुहाइ-धुवाइ गर्ने, सुत्केरीलाई नुहाइदिने, कपडा लगाइदिने एवम् तेल घसीदिने आदि सवै काम सोरिन्याले गर्दछिन् । शिशु जन्मेपछि साल (नारा) लाई डिहवा (बारी) को एककुनामा गाड्ने गर्दछन् । सुत्केरीलाई मासु सहितको सामान्य भोजन दिइन्छ । सोरीन्याले आमा तथा बच्चाको सवै काम गर्दछिन । बच्चाको नाभी खसेपछि सुरक्षित तवरले घरबाहिर गाड्ने चलन छ । यसैगरी सोरिन्याले वच्चाको आमालाई घर वा (नदी, कुवा, ताल) मा लगी नुहाइ धुवाइ गराउछिन । सुत्केरीले त्यहाँ खुर्सानी, सिन्दुर काजल लगेर चढाइ आएपछि गुरुवाले मन्त्रोचारण गर्दै चोख्याउने चलन रहेको पाइन्छ । बच्चा जन्मेको ७-९ दिन भित्रमा चोख्याउँदछन् । सोरिन्याले आवश्यकता अनुसार बच्चा र आमाको हेरचाह गर्दछिन् । सोरिन्याले यसरी काम गरी दिएबापत केही भेटीको रूपमा पैसा, अनाज, लत्ताकपडा पाउँछन् । त्यस्तै यस क्षेत्रमा थारूहरूले बच्चाजन्मेपछि आफ्ना छिमेकी, इस्टमित्रहरूलाई बोलाई रक्सी, मासु र भात खुवाउने परम्परा छ ।

### ५.१२.३ **छैठी (छठी)**

थारु भाषामा छैठीलाई छठी भन्ने गरेको पाइन्छ । यस थारूजातिमा पहाडिया मूलका जातिमा जस्तै छैठी गर्ने परम्परा रहेको पाइदैन । केहीले पहाडिया संस्कृतिलाई अगाल्न थालेको पाइन्छ । यसैक्रममा छैठी पनि एक हो । यो शिशु जन्मेको ५ वा ६ दिनमा यो उत्सव मनाउने चलन छ ।

### ५.१२.४ **न्वारन (नौबाउनती)**

थारु भाषामा न्वारनलाई नौवाउनती भन्ने गरेको पाइन्छ । थारू जातिमा शिशुको नाभी नाभी स्थानबाट जुनदिन सुकेर खस्दछ (नाभी स्थानबाट छुट्टीने प्रक्रिया) त्यसै दिन सुत्केरी शुद्धहुने चलन छ । घरमुलिले घर गुरुवा बोलाई आफ्नो कुलदेवताको पूजाआजा

गर्दछन् । त्यसपछि गुरुवाले फूलपाती वा जलले सुत्केरी शिशुलाई अभिशेक ( छिट्ना) गर्दछन् । यो प्रक्रिया पूरा भएपछि सुत्केरी शुद्ध हुने चलन छ । थारूजातिमा बच्चाको नामाङ्करण गर्ने त्यस्तो विधि छैन । समय, ठाउँ, दिन, बार, एवम् घटना विशेषका आधारमा नाम राख्ने प्रचलन रहेको भएपनि आजकलका नयाँपुस्ताहरूले पहाडियाहरूको चलन अनुसार नाम राख्न थालेको पाइन्छ ।

### **५.१२.५ अन्नप्रासन (भात खवाइ)**

थारु जातिमा अन्नप्रासनलाई भात खुवाइ भन्न गरेको पाइन्छ । थारूजातिमा पहिले अन्नप्रासन गर्ने चलन थिएन । यस अध्ययन क्षेत्रमा थारूजातिले पास्नीलाई विस्तारै अगाल्न थालेको पाइन्छ । अन्न प्रासनको चलन नभएकोले शिशुले भात खान खोजे खुवाइदिने चलन छ । तर वर्तमान समयमा बच्चा ५ वा ६ महिनाको उमेर भएपछि शिशुलाई शुभदिन हेरी अन्न प्रासन गर्ने चलन भएको देखिन्छ । यसबाट बच्चाले समयमै पोषिलो आहार प्राप्त गर्ने अवसर पाउँछ ।

### **५.१२.६ नाक, कान छेदन तथा छेगोर (नाक, कान छेदाइना तथा मुढानी कार्य)**

थारू जातिमा नाक, कान छेदन तथा छेगोरलाई नाक, कान छेदाइना तथा मुढानी कार्य भनिन्छ । थारु जातिमा पनि अन्य जातिमा जस्तैः- नाक, कान, छेड्ने तथा कपाल काट्ने चलन रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा थारूजातिमा पनि नाक, कान, छेड्ने तथा कपाल काट्ने चलन रहेको पाइन्छ । सुनचादीबाट बनेका गहना लगाइदिने चलन छ । ब्रतवन्धको चलन भने थारूजातिमा छैन । यस्तै शिशु जन्मेको २-३ वर्ष वा ५-७ वर्षको उमेर पुगेपछि मामा द्धारा कपाल काट्ने गरिन्छ । कपालकाटि दिएवापत मामाले भान्जालाई आफ्नो गच्छे अनुसारका उपहार दिने गर्दछन् ।

### ५.१२.७ रजस्वला (निछुइना)

थारु जातिले रजश्वलालाई निछुइना भन्ने गरेको पाइन्छ । यहाँका थारूजातिमा रजस्वलालाई वार्ने चलन छैन । तर पनि रजस्वला भएको बेला देवताको थानमा जानु हुदैन भन्ने विश्वास पाइन्छ । जुन बाहुन क्षेत्रीको संस्कारबाट लिएको पाइन्छ ।

### ५.१२.८ भेषभूषा

जातजाति अनुसार भेषभूषा पनि फरक पाइन्छ । अध्ययन क्षेत्रका थारूजातिको पनि आफ्नै किसीमको भेषभूषा छ । पुरूषलाई थारू र महिलालाई थरुनी भनिन्छ । पुरूषहरूले भोटो र लगौटी लगाउने चलन थियो । स्थानीय रुपमा सिलाएको टोपी पनि लगाउने चलन थियो । पहिले पहिले सबै किसीमका लुगाहरू ठेटुवाका (एक प्रकारको घरबुना कपडा) हुने गर्दथे ।

महिलाको भेषभूषामा विवाह अघि र पछिको भेषभूषा पनि बेग्लै प्रकृतिको हुन्छ । साना ८-१० वर्ष सम्मका छोरीहरूले फ्रक (जामा) लगाउदछन् भने त्यस भन्दा माथिकोले चोल्या र गोन्या लगाउने चलन पाइन्छ । विवाह भैसकेका महिलाले भने भिन्नै किसीमका लुगा लगाउछन् । जसलाई डैना झुल्वा भनिन्छ । यो एकप्रकारको चोली हा । वर्तमान समयमा पुरुषहरूले कमीज, पाइन्ट, टिर्सट, लगाएको पाइन्छ भने महिलाहरूले साडी, ब्लाउज, कुर्ता सलवार लगाउछन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारु समाजमा पनि परम्परागत पहिरनमा परिवर्तन आउन थालेको देखिन्छ । भर्खरमात्र शिक्षा तथा चेतनाको विकास हुन थालेकोले पुरानो विचारमा परिवर्तन आउन थालेको आभाष पाइन्छ ।

### ५.१२.९ गरगहना

यस अध्ययन क्षेत्रमा थारूमहिलाहरूले परम्परागत रूपमा नथीया, कानमा झिलमीलीया, हातमा औठी, पाखुरामा टप, लाहको चुरा, गोडामा कल्ली, घाटीमा, चाँदीको सुतीया, चाँदीको माला, निधारमा टिकली लगाउने चलन थियो । विवाहीत महिलाले हातगोडामा गोद्‌ना बनाउने प्रक्रिया अनिवार्य थियो । सुनका गहना लगाउने चलन थिएन भन्दा अत्युक्ति नहोला । वर्तमान समयमा सुनका गहना लगाउने चलन थारूजातिमा लोकप्रिय भै सकेको पाइन्छ । हाल यहाँका थारूहरूले टप, सिक्री, तिलहरी जस्ता आधुनिक गहना लगाउन थालेको पाइन्छ । यस्तै गरी यस क्षेत्रमा थारूहरूले हातमा खोपाउने कार्य (गोदान) पनि हाल प्राय हटिसकेको छ । पहिलेको भन्दा चेतनामा अभिबृद्धि, अवसरहरुको प्राप्ति तथा खुला परिवेश, सांस्कृतिक सम्मेलन आदि परिवर्तनका कारणहरु हुन सक्छन् । यसबाट यो भन्न सकिन्छ कि देशमा आएको परिवर्तनले थारु जातिको रहन-सहनमा पनि प्रभाव पारेको रहेछ भन्ने प्रष्ट हुन्छ ।

### ५.१२.१० विवाह संस्कार (भ्वाज)

थारूसमाजमा विवाह संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ । थारूजातिमा विवाहलाई भ्वाज भन्दछन् । यसलाई बडा हर्षोउल्लासका साथ मनाइन्छ । विवाहको ३-४ दिन अघिपछि सम्म चहलपहल हुनेगर्दछ । यसबेला आफ्ना इस्टमित्र समेत सम्पूर्ण घर छिमेकलाई निम्तो गर्दछन् । यसैक्रममा अध्ययन क्षेत्रका थारूजातिमा प्रचलीत विवाहका प्रकारहरूलाई तल वर्णन गरिएको छ ।

#### क. मागी विवाह

थारूसमाजमा सबै भन्दा खर्चिलो विवाह मागी विाह हो । यस क्षेत्रका थारूजातिमा विवाह गर्ने क्रममा केटातर्फबाट केटीको घरमा एकजना लमी पठाइन्छ । कुरा मिलीसकेपछि विवाहको मिती ठेगान गर्ने केटापक्ष बाट घरमूलि (किसनुवा) जाने

चलन छ । यसलाई पक्कीप्वार वा ठौकानी खैना भन्दछन् । यस समारोहमा केटापक्षले केटीको घरमा जाँड, रक्सी,, तरकारी, रोटी र ठोकौनी (अनदी धनको चामलबाट बनाइने एक प्रकारको रोटी जस्तै परिकार) ढिक्री (चामलको पीठोबाट बफाएर बनाइको एक किसीमको परिकार) मासु, सुगुर तथा गुन्द्रि (एक प्रकारकासुकुल) लगेर जाने चलन पाइन्छ । त्यसलाई केटापक्षले स्वीकार गरेपछी मात्र विवाह पक्का हुने मानिन्छ । विवाह हुने पक्का भएपछि आफ्ना इस्टमित्र, घरछिमेकलाई मौखिक निमन्त्रणा (निउतादेना) दिइन्छ । तर आजकल भने हुनेखानेले निमन्त्रणाकार्ड छपाउने चलन शुरु भइसकेको छ । यस्तै यस जातिमा जन्ती प्राय साझमा जाने गर्दछ । दुलहाले आफ्नो गच्छे अनुसारको सरसामग्री र पातपहुरा दुलहीका लागि कपडा, गरगहना लैजाने चलन छ । विवाहमा लैजाने सामानहरूमा रक्सी, मासु नभइनहुने वस्तुहरू हुन् । दुलहीको घरमा जन्ती पुगेपछि दुलहीपक्षकाले जन्ति दुलहालाई पर्छीदिन्छन् । (परछना एक प्रकारको अनुस्ठान) र गोडा धुनेकार्य शुरु हुन्छ । गोडा धुने कार्य दुलहीका बुबा, आमा र नजिकका नातेदाहरूले गर्दछन् । तत्पश्चात् टिका लगाइदिने चलन छ । यसपछि जन्तीहरूलाई खानपान गराइन्छ । रातभर विवाह कार्य हुन्छ । बिहान खानपान गराइ जन्ती दुलहालाई मात्र लिएर घर फर्कन्छ । राती दुलहीको घरबाट दुलहीलाई डोलीमा राखी दुलहीका साथीहरू दुलहाको घरमा जान्छन् । आजकल भने दुलहादुलही गाडीमा सँगै जाने चलनपनि रहेको पाइन्छ । दुलही दुलाहाको घरमा पुगेपछि दुवैजनालाई पर्छिन्छन् । त्यसपछि २-३ पटक दुलाहा र दुलहीको टाउको जुधाइन्छ । यही क्रम देउरार (देवता राखेको कोठामा दोहोराइन्छ) भोलिपल्ट विहान दुलहीका साथी ( पठलरी) लाई दुलहाले केही पैसा दिनु पर्दछ । जसलाई साथी छुटाउने भन्दछन् । दुलहीलाई साथीहरूले लगेर माइतीघरमा फिर्ता जान्छन् । ४ रातपछि पुन दुलाहाको घरमा धेरै जना भएर लिएर आउछन् । यसरी थारूजातिमा मागी विवाह पूर्ण हुन्छ ।

वर्तमान समयमा कतिपय विवाह संस्कारहरु ब्राह्मण क्षेत्रीको जस्तै गर्ने गरेको पाइन्छ । विवाह गर्दा अन्य जातिको जस्तै निमन्त्रणा कार्ड छपाउने, अन्य जातिलाई पनि बोलाउने गरेको पाइन्छ ।

### ख. प्रेमविवाह

केटा वा केटीको कुनै सार्वजनिक स्थल, बाटो, मन्दिर, स्कुल, चाडपर्व, नाचँगान, मेलापर्व कार्य आदिमा भेट भएपछि एक अर्कामा माया प्रेम बढाउदै गएर विवाहमा बाधिने विवाहलाई प्रेमविवाह भनिन्छ । यस्तो विवाहमा केटा वा केटीको अभिभावकहरूको कुनैपनि संलग्नता रहेको पाइदैन । यस्तो विवाह यस अध्ययन क्षेत्रका थारूजातिमा बढ्दो रूपमा पाइन्छ ।

### ग. विधवा विवाह

पहिले पहिले थारूजातिमा विधवा विवाहको चलन रहेको पाइन्छ । यस जातिमा दाजुको मृत्युपछि भाउजुको विवाह देवरसँग गर्ने परम्परा थियो । तर वर्तमान समयमा भने यस्ता परम्परागत चलनहरू विरलै पाइन्छन् । साथै यस अध्ययन क्षेत्रमा थारूहरूमा यस्तो किसिमको विवाह भएको पाइएन ।

### घ. सट्टापट्टा विवाह

थारूजातिमा पहिले सट्टापट्टा विवाहको प्रचलन रहेको पाइन्छ । यसप्रकारको विवाह पद्धतिमा जुन घरबाट बुहारी भित्र्याइन्छ त्यसै घरमा छोरी (छाई) दिने गरिन्छ । अचेल यो प्रथा पनि क्रमश हराइसकेको छ । अध्ययन क्षेत्रमा थारूजातिमा वर्तमान समयमा सट्टापट्टा विवाहको प्रचलन हटिसकेको देखिन्छ ।

### ङ. अन्य विवाह

थारूजातिमा प्रचलनमा रहेका विवाहहरू मध्ये यस अध्ययन क्षेत्रमा मागी विवाह र प्रेम विवाह नै प्रचलित देखिन्छ । थारूजातिमा प्रचलनमा रहेका अन्य विवाहहरूमा बालविवाह, बहुविवाह, विवाह आदी हुन् । आजकल थारूजातिमा बालविवाह को प्रचलन हटिसकेको छ । बहुविवाह पनि छिटफुट मात्रामा भएको देखिन्छ । आधुनिक शिक्षाको प्रभावले गर्दा आजकल थारूहरूमा अन्तरजातिय विवाह आदि पनि व्यवहारमा ल्याउन थालेको  देखिन्छ । यसैगरी यहाँका थारूजातिमा दाइजोको प्रचलन त्यति देखिदैन ।

### ५.१२.११ वैवाहिक उमेर

परम्परागत पद्धतिमा थारूजातिमा केटाकेटीको विवाह सानैउमेरमा गरीदिने चलन रहेको पाइन्छ । वर्तमान समयमा भने यस चलनमा परिवर्तन आएको देखिन्छ । विवाहको उपयुक्त उमेरका बारेमा उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका १९ : उचित वैवाहिक उमेरको आधारमा उत्तरदाताको विवरण**

| वैवाहिक उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १८ भन्दा कम | ५ | १०.० |
| १८ देखि २० | १९ | ३८.० |
| २१ भन्दा माथि | २५ | ५०.० |
| थाहा छैन | १ | २.० |
| जम्मा | ५० | १००.० |

**स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०६५**

माथिको तालिका अनुसार विवाहका लागि योग्य उमेरको बारेमा ५०.० प्रतिशत उत्तरदाताले केटाकेटीको उमेर २० वर्ष भन्दा माथि हुनुपर्छ भन्ने अभिव्यक्ति दिए । ३८.० प्रतिशत उत्तरदाताले केटा वा केटीको उमेर १८ देखि २० वर्षको उमेरमै विवाह योग्य भएको वताए । त्यस्तै १०.० प्रतिशत विवाह योग्य उमेर १८ भन्दा कम भएको राम्रो बताए भने नगन्यले (२.० प्रतिशत) यसबारे थाहा नभएको अभिव्यक्ति दिए ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारूसमाजमा केटाकेटीको विवाह गर्ने परम्परागत शैलीमा परिवर्तन आएको देखिन्छ ।

## ५.१२..१२ मृत्युसंस्कार (मरनीकरनी)

थारुहरुले मृत्यु संस्कारलाई मरनीकरनी भन्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका थारूहरूले मृत्युसंस्कारलाई पनि महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइयो । आ-आफ्नो परम्परा तथा कुलको परम्परा अनुसार थारूहरूमा दुई किसिमको मृत्युसंस्कार प्रचलन रहेको पाइन्छ । मान्छेमरेपछि गाड्ने (माटी देना) वा जलाउने ( दागवत्ती देना) प्रचलन छ । घरमा कसैको मृत्यु भयो भने कफनले मुर्दालाई बेर्ने गर्दछन् । त्यसपछि घरभित्रको ढोकातीर उत्तरतीर मुर्दालाई फर्काएर मुर्दाको छातीमा पाला बाली मुर्दाको हातखुट्टा धोईदिने गर्दछन् । त्यसपछि मृतकको मुखमा ३ मुठ्ठी चामल राखी स्वर्ग गइस भनेर आषिस दिन्छन् । मृतकलाई बासबाट बनाएको एकप्रकारको खाटमा राखि चारजना छोरा वा नातेदारले बोकी घाटसम्म लैजाने गर्दछन् । त्यस्तै गरी घरमा भएजतिका अन्न, दाल, तोरी, केराउ आदि मिसाई टोकरी वा ढकियामा राखी दुई जनाले बोकेर मृत्यु भन्दा अघि अघि घाट सम्म लैजान्छन् । मुर्दालाई उत्तर सिरानी पारी पुरूष भए घोप्टो र महिला भए उत्तानो पारी सुताएर गाड्ने प्रचलन छ । दागवत्ती दिदापनी गाड्नेकै स्थितिमा चितामा राखेर जलाईन्छ । मरेको व्यक्तिको लाससँगै उसले प्रयोग गर्ने गरेका वस्तुहरू जस्तै लुगाफाटा, ओछ्यान, गरगहना, जुत्ता चप्पल आदि जलाउने तथा गाड्ने ठाँउमा फ्याकीदिने परम्परा रहेको पाइन्छ । त्यसै ठाँउमा सानो चुल्हो जस्तो बनाइ आगो बाली

सानो भाडोमा खानेकुरा पकाई मरेको आत्मालाई खाना छोडिदिने चलन छ । दाहसंस्कारको कार्य समाप्तिपछि मलामीहरू नुहाइधुवाइ गरी सुनपानीले चोखो भई घर फर्किन्छन् । अन्य जातिमा जस्तै यिनीहरूमा पनि बाबु आमाको काजकिया छोराले गर्दछन् । छोरीको मृत्यु भएमा बाबुले काजक्रिया गर्दछन् । छोरा नहुनेको दाजुभाई किरीया बस्दछन् । किरीया पुत्रीले नुन, तेल र बेसार बार्ने चलन छ भने घरका अन्य तथा सगोत्रीहरूले तेलमात्र बार्ने प्रचलन रहेको पाइन्छ । किरीया आठ नौ दिन सम्म बस्ने चलन छ तर अन्त्येष्ठि सकिएको कुनै दिन बुधवार पारी (मृत आत्माको लागि पुजाआजा गरी शुद्ध हुने प्रक्रिया) कार्य गर्दछन् । त्यसपछि मलामी आएकासवै तथा इस्टमित्र र गाँउ छिमेकलाई बोलाई खुवाउने समारोह मलाई शुद्धीकारण हुने परम्परा छ । यस जातिमा पितृश्राद र मरेको आत्मालाई स्मरण गरिने दिन थारूहरू यसलाई (पितरीदेना भन्दछन्) दिने चलन रहेको पाइन्छ । वर्तमान समयमा भने ब्राह्मण क्षेत्रीले जस्तै १३ दिन किरिया गर्ने , पिण्डदान गर्ने र लास जलाउने गरेको पाइन्छ ।

## ५.१२.१३ चाडपर्व

अन्यजातिमा झैं थारूजातिमा पनि चाडपर्वको विशेष महत्वका साथ मनाइन्छ । यिनीहरूका प्रमुख चाडपर्वहरूमा दशै (दश्या), तिहार (देवारी), माघेसंक्रान्ती (माघी), फागुपूर्णीमा (फागुन), कृष्णाजन्माष्टमी (अष्टमी), आइतबारको ब्रत (अत्वारी), आदि हुन् । जसलाई निम्न अनुसार वर्णन गरिएको छ ।

### क. दशै (दश्या)

थारूहरूले दशैलाई दश्या भन्दछन् । यसलाई थारूजातिका मानिसले ठूलो चाडको रूपमा मनाउने गर्दछन् । दशै आउनु भन्दा १० १५ दिन अगाडि प्रत्येकको घरमा जाँड रक्सी बनाउने, घर रङ्गाउने, कपडा सफा गर्ने गर्दछन् । घटस्थापनादेखि शुरु भई नवमीको दिन दशै समाप्त हुन्छ र घटस्थापनाको दिन यिनीहरूले देवता राखेको कोठामा जमरा

छर्दछन् । यसैगरी अध्ययन क्षेत्रमा थारूहरूले दशैमा आफनो खास देवीदेवता वा सो सरह स्थान पाएका पितृहरूको पूजा आजा तथा श्राद्ध गर्दछन् । दशैलाई भनि तयार पारेको रक्सि चढाउने चलन पनि छ । यस्तो अनुष्ठान पाचौ दिनमा गरिन्छ । अनुस्ठानका लागि प्रत्येक घरका मानिस पुरेत घर गुरुवा कहाँ कोसेली लिएर जान्छन् । गुरुवाले वर्षभरि अनिष्ट नहोस भनी पूजाआजा गरिदिन्छन र धुपअक्षता दिई पठाउछन् । दशैको सातौ दिनमा ढिक्री (चामलको पीठोबाट बफाएर बनाएको एक प्रकारको रोटी) बनाइन्छ । त्यस ढिक्रीलाई पुज्ने गर्दछन् । जसलाई चौधरी भाषमा ढिकवा भन्ने गरिन्छ । यसको भोलीपल्ट अष्टमीकोदिनलाई मुर्गवा भनिन्छ र मुर्गा (भाले) को पुजा गर्ने चलन छ । यसरी त्यस पुजा गरेको मुर्गालाई साझमा काटेर खाने गर्दछन् । यसैदिन सुगुरबगुर पनि काट्दछन् । ढिक्री पुज्दा र मुर्गा दुवैलाई पुज्दाखेरी मकैको जमरा चढाउने गरिन्छ । यस्तै गरी गाँउको साझा देवता (भुपार) लाई पुज्दछन् । त्यसपछि घरको देवताको पुजा गर्ने परम्परा छ । नवमीको दिन घरमुली (किसनुवा) ले कुभिन्डोको वलि दिन्छन् । बली दिइसकेपछि थारूहरू भलमन्सा (गाउमुली) र गुरुवाको घरमा जमरा, बावरीको पात र रक्सी लिएर टीका थाप्न जान्छन् । गुरुवाले टीका लगाएपछि मात्रै आपसमा टीका थापाथाप गरिन्छ । आपसमा टीका लगाइसकेपछि इस्टमित्रको घरमा खान जान्छन् । खानपान गरीसकेपछि युवायुवतीहरू सखीया नाच नाच्दछन् ।

## ख. तिहार (देवारी)

थारू भाषामा तिहारलाई देवारी भन्ने गरिन्छ । पहिले यस जातिमा तिहारमा टीका लगाउने चलन नभए पनि आजभोली घरमा वत्ती बालेर टीका थाप्ने गर्दछन् । यसमा पनि दशैमा जस्तो ढिक्री बनाइन्छ र पितृहरूको सम्झना गरिन्छ । यहाँका थारूहरूले घर - घरमा बत्ती बालेर भैली खेल्ने गर्दछन् र भैलीबाट आएको पैसा आपसमा बाडेर लिने चलन छ ।

## ग. माघे संक्रान्ती (माघी)

माघी थारूजातिको एउटा महत्वपूर्ण चाड हो । यो पर्व यिनीहरूको नयाँ वर्ष पनि हो । अध्ययन क्षेत्रका थारूजातिहरूले यस पर्वलाई बडो धुमधामका साथ मनाउछन् । यो पर्व थारुहरुले धार्मिक तथा सामाजिक दुवै किसिमबाट मनाउदछन् । यस दिनलाई यिनीहरुले नव वर्षको रुपमा पनि लिन्छन् । यो पर्व मनाउनका लागि केहि दिन अगाडि देखि नै जाँड बनाउन थाल्छन् । पुसको अन्तिम दिनमा यिनीहरु माछा मार्न जान्छन् । यसैदिन यिनीहरु ढिक्री बनाउने पिठो पनि तयार गर्दछन् । यो पर्व मनाउनको लागि यिनीहरूले केहि दिन अगाडि भलमन्साको घरमा गई रातभर नाच्ने, गाउने, खानेपिउने गर्दछन् । अर्को दिन अर्थात माघेसक्रान्तीको दिन बिहानै नुहाएर नयाँ लुगा लगाएर देउरार (देवताकोठा) मा पुजा पाठ गर्दछन् । यसैदिन सुँगुर बंगुर पनि काट्छन् । सवैजना मिलेर खान्छन् । आ-आफ्नो आफन्तहरूकहाँ जाने चलन पनि रहेको छ । यो पर्व नसकिदा सम्म अर्थात् बनाएको जाँड नसकिदा सम्म यिनीहरु सामान्य घरको काम बाहेक अरु केही गर्दैनन् । घरको चौपायलाई पनि एकैछिन मात्र चराउँन लैजान्छन् । थारुहरु यसैसमयमा पहिले बसेका ठाउँमा काम गर्ने वा नयाँ ठाउँमा जाने, नयाँ वर्षको ज्याला -जिन्सीमा धान, मकै, तोरी इत्यादी) तोक्ने (काम गरेको ज्याला) कसको जमीन वा के कति जमीन लगाउने, कम्लहरी बस्ने वा छुटाउने काम आदि सबै कुराहरुको छिनोफानो सोही वेला गर्दछन् । यसरी जग्गा, जमीन, काम, ज्याला, मजदुरी आदिको निश्चित गरेर अनुबन्धित भैसकेपछि उसले अर्का माघीसम्म सोही सम्झौता अनुसार काम गर्नु पर्छ । यस बीचमा केहि कुरा फेरबदल गर्न पाउँदैनन् ।  आफन्तहरूलाई निम्ता दिई खानपान गर्ने गराउने गरिन्छ ।यसबेला जाँड रक्सी, माछामासु, प्रसस्त खाने चलन छ । यसपर्वको बेला थारूथरुनीहरू भेला भएर सखीया नाचँ नाचेर पैसा जम्मा गर्दछन् । यो पर्व ६-७ दिनसम्म मनाउने चलन छ ।

### घ. फागुपुर्णिमा (होली)

फागुपुर्णिमा थारूहरूको महन्वपूर्ण चाडमध्ये एक हो । पहिले थारूहरू होलिमा भलमन्साको घरमा गएर मुलदेवताको पुजा गर्दथे । त्यसपछि गाउको केटाहरू सीमल काट्न जाने र आफनो कम्मरमा घण्टी बाधी त्यस सीमललाई गाँउको परिक्रमा गराउने परम्परा थियो । गाँउको परिक्रमा गराइसकेपछि त्यस सिमलको हागाँलाई कुनै ठाउँमा लगेर गाढ्ने र गोवरका गुइठाहरू ल्याएर त्यसमा चढाउने परम्परा थियो । यसरी विभिन्न किसिमले पुजा गरिएको सिमलमा आगो लगाइन्थ्यो । बली रहेको आगोमा ढुङ्गाले हान्ने गर्दछन् र त्यहाँको आगोलाई घरमा लगेर नयाँ आगो सम्झेर बाल्दछन् । तर आजभोली अध्ययन क्षेत्रमा थारूजातिहरूले यस किसिमको होली खेल्ने गरेको पाइदैन् । आजकल रङ्ग, अविर लगाइ एक अर्कामा होली खेल्दछन । पिचकारीको प्रयोग गर्दछन् ।

### ङ. कृष्णाअष्टमी (अष्टमी)

यो पर्वमा विशेषगरी महिलाहरू व्रत बस्दछन् । यसपर्वमा अष्टमीको अघिल्लो रात दर (मीठा मीठा भोजन जस्तैः- माछा, मासु, रोटी, तरकारी फलफूल) खाने गर्दछन् । दोस्रो दिन नुहाएर व्रत बस्दछन् । गाउँमा व्रत बसेका सबै महिलाहरू भलमन्साको घरमा जम्मा हुन्छन् । यसरी सबै जना मिलेर पुजाको लागि अग्नी स्थापना र भित्तामा कृष्णको चित्र बनाउछन् र पुजा गर्दछन् । त्यसपछि पुजामा चढाएको फलफूल प्रसादको रुपमा खान्छन । कृष्णलीला सम्वन्धी गीतहरू गाँउछन् । भोली पल्ट नवमीको दिनमा पुजामा चढाएका फलफूलहरू बत्तिहरू टपरीमा राखेर नदीमा सेलाउन जान्छन र घर फर्किएर खाना खाएपछि व्रत समाप्त हुन्छ

### च. आइतवारी व्रत (अत्वारी)

पहिलो आइतवारमा मनाउने यो चाडँ आइतवार पर्ने हुनाले यसलाई अत्वारी भन्ने गरेको पाइन्छ । यो पर्व पुरूषले मात्र मान्ने गर्दछ । व्रत बसेको पुरुषले आइतवारको

अघिल्लो रातीमा शुद्ध भोजन गर्दछ । व्रत वसेको पुरुषले घरको एउटा कोठा सफा गरेर अग्नि स्थापना गरी धुपवत्ती गर्दछन् । स्थापीत अग्नीमा फलफूल पनि चढाउँछन् । साझ त्यहि फलफूल खान्छन खाना खादैनन । भोलि पल्ट विहान चोखो आगोबाट पुरी, रोटी तरकारी पकाउछन् । त्यही पुरी, रोटी, तरकारी, अग्रासनका रूपमा दिदीबहिनीहरूलाई अलग्याई फलहार गरी व्रत टुंग्याउदछन् । अग्रासन दिदीबहिनीहरूलाई पठाइदिन्छन् ।

### ५.१२.१४ नृत्य, संगीत

थारूजातिमा माघीपर्व जसलाई नववर्ष मानिन्छ । यिनीहरू माघीबाट नृत्य सुरु गर्दछन् । विविध खुसियाली, चाडपर्व एवम् उत्सवहरूमा विशेष नाचको रुपमा प्रर्दशित गरिन्छ । यस क्षेत्रका थारूजातिका नाचँहरू मुख्य रुपले दुई प्रकारका छन् ।

**क. झुमरा नाच**

यो नाच यस अध्ययन क्षेत्रका थारूहरूको मुख्य नाच हो । यसमा एक जनाले मादल बजाउदछ । झ्याली भएसम्म २, ३ जनाले झ्याली बजाउछ । नाच्ने व्यक्तिले लेहङ्गा लगाई दुइतीरबाट गीत गाउँछन् ।

**ख. सखीया नाच**

यो नाच गाउँको भलमन्साको घरमा नाचिन्छ । यसमा एकजना अगुवा र एकजना पछुवा बन्दछ । नाच्दा दुई समुहमा विभाजीत हुन्छन । एक समुहको अगुवाई अगुवाले गर्दछन् । नाच्दा एकले अर्काको हात समाई लाम लागेर घुम्दै नाच्छन् । विशेषगरी यो नाच थारूजातिहरूमा दशै, माघीमा नाच्ने प्रचलन पाइन्छ ।

आजभोलीको युवायुवतीहरूले यस्ता गीत तथा नाचलाई त्यति महत्व दिएको पाइदैन । अहिलेको सञ्चारको विकासले गर्दा रेडियो, टि.भी.बाट प्रभावित भई यसबाट बढी मनोरञ्जन लिने गरिन्छ । यसबाट यी जातिको आफनो मौलिकता प्राय हराउदै गएको छ ।

## ५.१२.१५ धार्मिक प्रचलन

थारूजाति हिन्दुधर्म संस्थान अन्तर्गतकै धर्म भएतापनि धार्मिक प्रचलन गर्ने विधिहरू मध्ये वेग्लै किसीमको पाइन्छ । धार्मिक कार्य गराउने उनीहरूको आफ्नै पुरोहित हुन्छ । जसलाई गुरुवा भनिन्छ । यी गुरुवा पनि दुई थरीका हुन्छन । घरगुरुवा र देशबन्ध्या गुरुवा । घरगुरुवाले घरभित्रको धार्मिक कार्य गर्दछ । देशबन्ध्या गुरुले विभिन्न गाउँका देवीदेवता, भुत प्रेतबाट हुने कुप्रभावबाट बचाउन साझा पुजा गराउछन् । थारूले पुज्ने गरेका देवता केही घरभित्र, केही आगनमा, केही गाउँदेखि अलिपर राखिएका हुन्छन् । अध्ययनक्षेत्रका थारूजातिका प्रमुख देवीदेवताहरू यसप्रकार छन् ।

### क. कुलदेवता (घरदेवता)

थारूजातिको हरेक चाडपर्वमा आफ्नो कुलदेवतालाई अनिवार्य रूपमा पुजा गर्ने गर्दछन् । थारूहरूमा प्राय सबैको घरमा उत्तरपूर्वपट्टिको कोठाको कुनामा देवता राख्ने गर्दछन् । जसलाई थारूहरूले देउरार भन्दछन् । आफ्नोकुललाई सम्झेर वा मरेको पुर्खालाई सम्झेर बेलपाती, दुवो, गाईको दुध, अविर जस्ता चित्रहरू पुजा गर्दछन् भन्ने अन्य देवतालाई सुगुर, बोका, परेवा, कुखुराको नामबाट पुजा गरिन्छ ।

### ख. गुरुबाबा

थारूजातिमा गुरुबाबालाई आजका मानिसको पुर्खाको रुपमा मान्दछन् । यसको प्रतिनिधि स्वरुप छालाको सानो मानव आकृती बनाएर राखेको हुन्छन् ।

**ग. मैया**

थारूजातिमा मैयालाई गुरुवाबाबाको धर्मपत्नीको रुपमा र संसारको दोस्रो शक्तिको रुपमा पुज्दछन् । मैयाको मुर्ति बनाउदा चोखो माटो कपडाले छानेर छ इन्च लामो बनाई त्यसको माथि फलामको त्रिशुल राखिएको हुन्छ ।

**घ. सौरा**

सौरालाई थारूजातिमा एक पराक्रमी र शक्तिशाली देवताको रुपमा लिइन्छ । यसको प्रतिनिधित्व एउटा मोटो फलामको डन्डाले गर्दछ ।

**ङ. खेखरी**

खेखरी पनि देवी नै हो । यसको प्रतिनिधित्व एउटा सानो काठको टुक्रा र त्यसमाथि राखिएको सानो मुन्द्राले गर्दछ । यो करिब ६ इन्च लामो हुन्छ ।

**च. माटोको घोडा (भेरुवा)**

माटोको घोडालाई थारूजातिले इन्द्रलोकबाट आएको अशोकको रुपमा लिन्छन् ।

**छ. भुयार देवता (गाँउ देवता)**

थारूजाति मानिसले गाँउको पायक पर्ने ठाउँमा रहेको रुखको फेदमा एउटा झुप्री बनाएर त्यसमा काठका मुड्काहरू र ढुङ्गा गाडिएको हुन्छ । त्यसलाई देवताको रुप सम्झी गरीने पुजालाई भुयाँर पुजा भनिन्छ । यो पुजा गुरुवा, भलमन्सा द्धारा गरिन्छ । यसरी थारूजातिमा विभिन्न देवीदेवताहरू रहेका छन् ।

## ५.१२.१६ अतिथि सत्कार

थारूजातिमा पाहुनाको सत्कार गर्दा पहिले बस्ने ठाउँ दिइन्छ । त्यसपछि पानी दिई हालखवर सन्चोविसन्चोको बारेमा सोधी विहानको भोजनको समयमा भए बिहानको भोजन (कल्वा) का लागि आग्रह गरिन्छ । त्यस्तै दिउँसोको समयमा खाना (मिजनी) का लागी अनुरोध गरिन्छ तथा साझ भए साझको भोजन (वेरी) को लागि आग्रह गरिन्छ । रातको भोजनमा जाँड, रक्सी तथा सम्भव भएसम्म मासु खान दिइन्छ । रात बस्ने गरी आएका अतिथिलाई विदावारी गर्दा अलिपर सम्म पठाउने चलन रहेको पाइन्छ ।

## ५.१२.१७ खानपान

थारूजातिको आफ्नै संस्कृति, रहनसहन, भाषा रहेको छ । त्यस्तै प्रकारले आफ्नै खानपानको परम्परा छ । यी जातिको मुख्य खानामा भात, रोटी, तरकारी (टिना), माछा, मासु, रक्सी, (दारु), जाँड, भात, कप्वा (झोल्यालो तरकारी) तथा दाल आदि हुन् । जाँड तथा रक्सी नियमीत खाने गर्दछन् । जाडरक्सी घरमै बनाउदछन्

यिनीहरूले सुगुर, भेडा, हासँ, कुखुरा, भैसी, माछा, घोगी, (शंखसीपी) गगँटा आदिको मासु खाने गरेको पाइयो । तर सुगुरको सिकार नै यिनीहरूको प्रिय रहेको पाइन्छ ।

## ५.१२.१८ भाषा

नेपालमा रहेका विविध जातिहरूको परापूर्वककालदेखि आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ । थारूजातिको आफनै किसिमको मातृभाषा रहेको छ । यस अध्ययन क्षेत्रका थारूजाति आफ्ना घरपरिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने अन्यत्र नेपाली भाषा नै प्रयोग गर्दछन् । सवै थारूहरूले नेपाली भाषा बोल्न सक्छन् र बुझ्छन ।

### ५.१२.१९ धार्मिक अन्धविश्वास

थारूजातिका मानिसहरू अन्य जाति भन्दा बढी रुढीवादी संस्कार तथा धार्मिक अन्धविश्वासमा विश्वास गर्दछन् । उनीहरूमा मानिसको उत्पत्ति भगवान भएको हो भन्दछन् । यसका साथै ढुंगा, माटो, काठको विभिन्न आकृतिलाई देवतामानि पुजा गर्दछन् । यिनीहरूको समाजमा गुरुवालाई बैद्य, डाक्टर सरह मान्ने गर्दछन् । यस्तै यस जातिमा भूत, प्रेत, वोक्सीबाट वच्न विभिन्न प्रकारको जन्तर बाध्ने भाकल गर्ने र बलि चढाउने गर्दछन् । हाल आएर थारूजातिमा यस किसीमको प्रथामा विश्वास गर्ने प्रचलनमा कमी आएको पाइन्छ भने कतिपयले भूतप्रेत प्रति विश्वास मानेको देखिन्छ ।

# अध्याय–छ

## आर्थिक अवस्था

नेपाल एक कृषिप्रधान विकासोन्मुख देश भएकोले यहाँको अर्थव्यवस्थालाई कृर्षिमा निर्भर ग्रामीण अर्थव्यवस्था भन्न सकिन्छ । यहाँ ८१ प्रतिशत भन्दा बढी जनता खेतीमा निर्भर छन् । त्यस्तै थारू जाति पनि कृर्षिमा नै निर्भर छन् । सामान्यतया थारूहरू नेपालका अन्य जातिहरूभन्दा आर्थिक स्थितिले कमजोर छन् । यसको मुख्य कारण उनीहरू कृर्षिबाटै जीविकोपार्जन गर्दछन् । व्यापार , नोकरी नगन्यमात्रामा गर्दछन् । अहिले आएर अन्यपेसामा पनि लागेको पाइन्छ । यहाँका थारूहरूको जीवनपद्धति पनि कृर्षिमै आधारित रहेको छ । शिक्षाको कारण यहाँ कतिपय थारूहरूले नोकरी गरेको देखिन्छ भने वैकल्पिक रोजगारीको निम्ति देश विदेशमा समेत जाने गरेको देखिन्छ । सिंचाइको असुविधा, जमिनको खण्डीकरण, असमानुपातिक वितरण तथा अवैज्ञानिक कृर्षि प्रणाली, जमिनको खण्डीकरण जस्ता कारणले उब्जनिमा ह्रास आएको देखिन्छ । परिणामस्वरुप यहाँका कतिपय थारूहरूलाई वर्षभर खानपुग्ने अवस्था छैन । यसको परिपूर्तिका लागि यिनीहरूले अधियाँ ज्यालादारी, मजदुरी गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका थारूहरूको आर्थिक अवस्थाअन्तर्गत भू-स्वामित्व, उत्पादनको स्थिति, खाद्यान्नको पर्याप्तता, आम्दानीको स्रोत आदिलाई आर्थिक सूचकको रुपमा लिइएको छ । जुन सविस्तार वर्णन गरिन्छ ।

### ६.१ भू–स्वामित्व

भू भनेको जमिन र स्वामित्व भनेको अधिकार हो । यसकारण भू स्वामित्व अन्तर्गत घर जग्गा र खेतबारी पर्दछन् । थारूहरूको भू-स्वामित्वबाट

र यस बाट उत्पादनको स्थितिले सामाजिक प्रतिष्ठा कायम हुने देखिन्छ । यस अध्ययन क्षेत्र ध.न.पा. वडा नं ५.का थारूजातिको भू-स्वामित्वको वितरण के कस्तो छ भन्ने कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका १७ः भू स्वामित्वको विवरण**

| क्र.सं | जग्गाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ कठ्ठा सम्म | १० | २०.० |
| २ | ६ कठ्ठादेखि १ विगाहासम्म | १८ | ३६.० |
| ३ | २ बिगाहादेखि ५ विगाहासम्म | १७ | ३४.० |
| ४ | ६ बिगाहाभन्दा माथि | २ | ४.० |
| ५ | भूमिहीन | ३ | ६.० |
| जम्मा | | ५० | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०६५

माथिको तालिकामा ५० जना उत्तरदातामध्ये ६ कठ्ठादेखि १ विगाहासम्म जग्गा हुने उत्तरदाताको संख्या सबभन्दा बढी १८ (३६.० प्रतिशत) जना रहेका छन् भने भूमिहिन उत्तरदाताको संख्या ३ (६.० प्रतिशत) जना रहेको छ । यस्तै गरी ५ कठ्ठासम्म जग्गाहुने उत्तरदाताको संख्या ११ (२२.० प्रतिशत) जना २ देखि ५ विगाहासम्म जग्गा हुने उत्तरदाताको संख्या १७ जना (३४.० प्रतिशत) रहेको देखिन्छ । ६ बिगाहाभन्दा बढी जग्गा

हुने उत्तरदाता दुईजना मात्ररहेका छन् । यसबाट यो भन्न सकिन्छ कि अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ ।

## ६.२ भू स्वामित्वको प्रकार

अध्ययन क्षेत्र ध.न.पा. का बडा नं ५ मा सबै थारुहरुसँग पुग्दो जमिन रहेको देखिँदैन । आफ्नो जग्गा अन्य जातिका मानिसहरुलाई बिक्री गरेका कारण अहिले केही सँग मात्र धेरै जमिन रहेको छ । आफ्नो जग्गाले मात्र खान नपुग्ने र भूमिहिन थारुहरुले अधिया लगाउन बाध्य भएको अध्ययनबाट देखिन्छ । यस क्षेत्रका थारु जातिको भू स्वामित्वको प्रकार निम्न अनुसार रहेको छ ।

**तालिका १८ : भू स्वामित्वको विवरण**

| क.सं | भूस्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भू स्वामी | २२ | ४४.० |
| २ | अधिया गर्ने र भू स्वामी | २५ | ५०.० |
| ३ | अधियामात्र गर्ने | ३ | ६.० |
| जम्मा | | ५० | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

प्रस्तुत तालिकामा आफ्नै जग्गा जमिन मात्र खेती गर्ने उत्तरदाताको संख्या २२ जना (४४.० प्रतिशत), आफ्नो जग्गा तथा अधियाँ समेत लगाउने उत्तरदाताको संख्या २५ जना (५०.० प्रतिशत), अधियामात्र गर्ने उत्तरदाताको संख्या ३ जना (६.०प्रतिशत) रहेको

देखिन्छ । यस तथ्याङ्कबाट के थाहा पाउन सकिन्छ भने आफ्नो जग्गा भए पनि त्यसको उब्जनीले नपुग्ने किसानहरूले आफ्नो जग्गा र अरुको जग्गा कमाउने गरेको देखिन्छ भने भूमिहिन किसानहरूले (थारू तथा पहाडिया) को जग्गा अधिया लिएर जिबीका चलाएका छन् ।

## ६.३ उत्पादनको स्थिति

अध्ययन क्षेत्र धनगढी न.पा. वडा नं ५ का थारूहरूले धान, मकै, गहुँ, तोरी तथा तरकारी खेती गरेको पाइन्छ । यहाँका थारूहरूले वर्षभरिमा गर्ने उत्पादनको स्थितिलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका १९: नमुना छनौटमा परेका घरपरिवारको वार्षिक उत्पादन**

| क्र.सं | वार्षिक उत्पादन (क्वीन्टल) | धान | मकै | गहुँ | तोरी | तरकारी |
|---|---|---|---|---|---|---|
| १ | ०-१० | १७ | ४४ | ३९ | २४ | ४० |
| २ | ११-२० | १५ | ६ | ८ | २ | १ |
| ३ | २१-३० | ८ | | ३ | | |
| ४ | ३१-४० | ५ | | | | |
| ५ | ४१-५० | ३ | | | | |
| ६ | ५१-६० | २ | | | | |
| **जम्मा** | | ५० | ५० | ५० | २६ | ४१ |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

प्रस्तुत तालिकामा नमुना छनोटमा परेका ५० घर परिवारले उत्पादन गर्ने धान, मकै, गहुँ, तोरी, तरकारी गरी मुख्य पाँचवटा बालीको वार्षिक उत्पादन क्वीन्टलमा देखाएको छ । त्यसमा धान ५० परिवारले उत्पादन गरेको देखिन्छ, मकै ५० परिवारले, गहुँ ५० परिवारले, तोरी २६ परिवारले र तरकारी ४१ परिवारले उत्पादन गर्दछन ।

माथिको तालिकाबाट प्रस्ट हुन्छ कि नमुना छनौटमा परेका ५० घरपरिवारले सबभन्दा बढी धान १०-६० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । त्यसपछि गहुँ १०-३० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ भने मकै १०-२० क्विन्टलसम्म मात्र उत्पादन गरेको पाइन्छ । यसैगरी तोरी र तरकारी पनि १०-२० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने यस क्षेत्रका थारुहरुको मुख्य उत्पादन धान र गहुँ हुन् ।

## ६.४ खाद्यान्नको पर्याप्तता

यस अध्ययन क्षेत्रका कतिपय थारू परिवारसँग कम जग्गा तथा जग्गा भएका थारू परिवारको पनि कृषि उत्पादनमा कमी आउनु र विविध किसिमका घर खर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत बेच्नुपर्ने भएकोले केही थारूपरिवारलाई आफ्नो उत्पादनबाट वर्षभर खान नपुग्ने स्थितिरहेको देखिन्छ । यस क्षेत्रका थारू जातिको खाद्यान्न पर्याप्तताको स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका २०: खान पुग्ने र नपुग्ने आधारमा विवरण**

| क्र.सं | खानाको पर्याप्त महिना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिनासम्म | ४ | ८.० |
| २ | ९ महिनासम्म | ६ | १२.० |
| ३ | वर्षदिन पुग्ने | १६ | ३२.० |
| ४ | वर्षदिन खानपुगेर बेच्न समेत हुने | २४ | ४८.० |
| जम्मा | | ५० | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथिको तालिकामा ५० जना उत्तरदातामध्ये ६ महिनासम्म मात्र खान पुग्ने उत्तरदाताको संख्या ४ जना (८.० प्रतिशत) , ९ महिलनासम्म खान पुग्ने उत्तरदाताको संख्या ६ जना (१२.० प्रतिशत), वर्षदिन नै पुग्ने उत्तरदाताको संख्या १६ जना (३२.० प्रतिशत), वर्षदिन खान पुगेर बेच्नसमेत पुग्ने उत्तरदाताको संख्या २४ जना अर्थात ४८.०प्रतिशत) रहेको देखिन्छ । यसबाट के देखिन्छ भने आफ्नो जग्गा कम हुने तथा भूमिहिन थारूहरूले मिहिनेत गरी अर्काको जग्गा अधिया गरेर, ज्यालादारी, मजदुरी गरेर जीवन धानेको पाइन्छ ।

## ६.५ आम्दानीको स्रोत

थारूजातिले पनि परम्परागत रुपमा अपनाएको पेसा कृर्षि हो । तर अहिले आएर अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । यहाँका थारूजातिले अपनाएका पेसागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २१ : उत्तरदाता थारू जातिको आम्दानीको स्रोत**

| क्र.सं | स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि, पशुपालन | ३२ | ६४.० |
| २ | ज्याला मजदुरी | ९ | १८.० |
| ३ | नोकरी | ५ | १०.० |
| ४ | व्यापार | ४ | ८.० |
| जम्मा | जम्मा | ५० | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०६५

प्रस्तुत तालिकामा ५० जना उत्तरदातामध्ये ३२ जना (६४.० प्रतिशत) उत्तरदाताको पेसा कृषि तथा पशुपालन रहेको छ । श्रमिकको रुपमा काम गर्ने उत्तरदाताको संख्या ९ जना (१८.० प्रतिशत) रहेको छ भने नोकरी गर्ने उत्तरदाताको संख्या ५जना (१०.०प्रतिशत) रहेको देखिन्छ । व्यापार गर्ने उत्तरदाताको संख्या ४ जना (८.०प्रतिशत) रहेको छ । श्रमिकको रुपमा काम गर्ने थारुहरूले प्रायजसो सिकर्मी तथा डकर्मीको काम गरेको पाइन्छ । माथिको तालिकाबाट के देखिन्छ भने यसबाट अझै पनि थारूजातिको प्रमुख पेशा कृषि नै रहेको भए तापनि विस्तारै यिनीहरू अन्य आर्थिक क्रियाकलापमा संलग्न हुन थालेको पाइन्छ ।

## ६.६ पशुपालन विवरण

पशुपालन विना कृषि क्षेत्र अधुरो हुन्छ । पशुपालनबाट दूध, घ्यू, मासु आदि प्राप्त गर्न सकिन्छ । पशुपालनबाट आर्थिक परिवर्तनमा ठूलो टेवा मिल्दछ । यहाँका थारूजातिले पशुपालनलाई मुख्य पेसाको रुपमा अपनाएको नभए पनि प्रायजसो घरमा गाई, गोरु, राँगा सुगुर बंगुर हाँस कुखुरा आदि पालेको पाइन्छ ।

**तालिका २२ : उत्तरदाताले पालेका पशुपंक्षीहरूको विवरण**

| क.सं | पशुपक्षीको नाम | १-२ | ३-४ | ५-६ | ७-९ | १०-११ | ११ भन्दा बढी | घर संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाईगोरु | ४ | २८ | १२ | ६ | - | - | ५० |
| २ | रागा | २९ | १७ | ४ | - | - | - | ५० |
| ३ | भेडाबाखा | ५ | १२ | २७ | ६ | - | - | ५० |
| ४ | सुगरबंगुर | ३ | १९ | १७ | ६ | ५ | ५ | ५० |
| ५ | हाँस कुखुरा | - | २ | ५ | १३ | ११ | १९ | ५० |
| जम्मा | | | | | | | | |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०६५

माथिको तालिका अनुसार ३-४ गाईगोरु पाल्ने घरसंख्या सबभन्दा बढी २८ रहेको देखिन्छ । उनीहरुले गाई दूधको लागि र गोरु खेत जोत्न र गाडा तान्नका लागि पालेको देखिन्छ । खेती गर्नका लागि रागा भन्दा गोरु नै बढी प्रयोग भएको पाइन्छ । यसैगरी भेडा बाखा सबभन्दा बढी ५-६ पाल्ने घर संख्या २७ रहेको छ भने सुगुर बंगुर ३-४ पाल्ने घर संख्या १९ रहेको देखिन्छ ।

माथिको तथ्याङ्कले सब भन्दा बढी हाँस कुखुरा पालेको देखाइएको छ । यसको कारणबारे जिज्ञासा राख्दा थारुहरुको धार्मिक कार्यमा देवतालाई बलि

चढाउनुपर्ने  र धामी झाँक्रीबाट उपचार गराउँदा  भोग दिनुपर्ने तथा  थारुहरु बढी माछा मासुप्रेमी  भएकाले यी पशुपंक्षीहरु धेरै पालेको हो भन्ने उत्तर दिएका थिए ।

माथिको तथ्याङ्क ले सबभन्दा बढी हाँस कुखुरा तथा भेडा बाखा पालेको देखाएको छ । यसको कारणबारे जिज्ञासा राख्दा थारूहरूको धार्मिक कार्यमा देवतालाई बलि चढाउनुपर्ने र धामी झाँक्रीबाट उपचार गराउँदा भोग दिनुपर्ने तथा थारूहरू बढी माछा मासु प्रेमी भएकोले यी पशुपंक्षीहरू धेरैपालेको हो भने उत्तर दिएका थिए ।

## ६.७ कृषि तथा अन्य पेसाबाट हुने वार्षिक आयको स्थिति

आयको अध्ययन आफैमा जटिल एउटा कार्य हो । कतिपय मानिसहरूले आफ्नो आयको यथार्थ स्थिति बताउन नचाहने पनि हुनसक्छ । तर पनि थारूहरूको वार्षिक आयको अनुपात लगाउने क्रममा उनीहरूले दिएको तथ्याङ्कलाई वर्षभरिमा गर्ने उत्पादन र यसबाट प्राप्त मुख्य विभिन्न आयस्रोतलाई आधार मानी तथ्याङकलाई सकेसम्म सत्यताको नजिक पुऱ्याउने प्रयास गरिएको छ । अध्ययन क्षेत्रका थारूहरूको कृर्षि तथा अन्य पेसाबाट हुने वार्षिक आयको विवरण तलका तालिकामा देखाइएको छ ।

**तालिका  २३ : कृषि तथा अन्य पेसाबाट हुने वार्षिक आयको विवरण**

| क्र.सं | वार्षिक आय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.२०,००० भन्दा कम | ११ | २२.० |
| २ | रु.२०,०००-३०,००० | २४ | ४८.० |
| ३ | रु.३०,०००-४०,००० | १३ | २६.० |
| ४ | रु.४०,००० भन्दा माथि | २ | ४.० |
| जम्मा | | ५० | १००.० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथिको तालिका अनुसार सबभन्दा बढी वार्षिक आय रु. ४०,००० भन्दा बढी जसमा २ घर अर्थात ४.० प्रतिशत रहेको छ । रु २०,००० भन्दा कम वार्षिक आय अन्तर्गत ११ घरपरिवार रहेको देखिन्छ । जुन कुल नमुनाको २२.० प्रतिशत हुन आउँछ । त्यस्तैगरी रु.२०,०००-३०,००० सम्म वार्षिक आय भएको घरपरिवार २४ अर्थात्, ४८.० प्रतिशत रहेको देखिन्छ भने रु.३००००-४०००० सम्म वार्षिक आय भएको १३ घरपरिवार रहेको छ । जुन कुल नमुनाको २६.० प्रतिशत हुन आउँछ ।

## ६.८ ऋणको अवस्था

यस क्षेत्रमा थारू जातिले धेरैजसोले ऋणको कारोबार गरेको पाइँदैन । केही थारूहरूले घरखर्च, तरकारी खेती गर्न, कुखुरापालन गर्न, व्यापार व्यवसाय गर्नका लागि ऋण लिएको देखिन्छ । यिनीहरूको ऋण सरकारी वैंक, सरकारी संस्था र आफन्तबाट पनि लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका आम्दानी गर्ने केही थारूहरूले वचत भएको रकम अन्य थारूहरूलाई ऋणको रुपमा दिने गरेको पाइन्छ । यहाँका थारूहरूले लिएका तथा दिएका ऋणको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २४: ऋण दिएको तथा लिएको विवरण**

| क.सं | ऋणको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण दिएको | ६ | १२.० |
| २ | ऋण लिएको | १६ | ३२.० |
| ३ | ऋणको कारोबार नगर्ने | २८ | ५६.० |
| जम्मा | | ५० | १००.० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

माथि प्रस्तुत तालिकामा ५० जना उत्तरदातामध्ये ६ जना (१२.० प्रतिशत) उत्तरदाताले अरुलाई ऋण दिएका छन् भने १६ जना (३२.० प्रतिशत) उत्तरदाताले अन्यत्रबाट ऋण लिएको देखिन्छ । २८ जना (५६.० प्रतिशत) उत्तरदाताले ऋणसम्बन्धी कारोबार गरेका छैनन् । सर्बेक्षणको क्रममा ऋण लिएका १६ जना उत्तरदाताले सरकारी वैंक, सहकारी संस्था तथा आफन्तबाट ऋण लिएको जानकारी दिएका थिए ।

## ६.९ वार्षिक खर्चको विवरण

मानिसको आम्दानीको स्रोतहरूले खर्चको क्षेत्रहरूलाई निर्धारण गर्ने गर्दछ । खर्चका क्षेत्रहरू कतिपय बाध्यात्मक पनि हुने गर्दछन् । सामाजिक मूल्य, मान्यता, आफ्नो आर्थिक उत्पादन परिवार संख्या जस्ता कुराहरूले समेत खर्चका क्षेत्रहरू निर्धारण गर्दछ । घरपरिवारको पालनपोषण, रोगव्याधी, शिक्षा, चाडपर्व, मनोरञ्जन आदि लगायतका क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ । यहाँका मानिसहरूले खर्चका लागि छुट्टयाउने शीर्षकहरू निम्न अनुसार रहेका छन् ।

**तालिका २५ : खर्चका क्षेत्रहरूको विवरण**

| क्र.सं | क्षेत्रको विवरण | प्रतिशत |
|---|---|---|
| १ | खाना | ३० |
| २ | चाडपर्व तथा मनोरञ्जन | २७ |
| | लत्ताकपडा | २० |
| ३ | शिक्षा | १० |
| ४ | स्वास्थ्य | ८ |
| ५ | विविध | ५ |

| | | |
|---|---|---|
| जम्मा | | १००.० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६५

यस अध्ययन क्षेत्रका थारू जातिहरूको मानिसहरूले खानामा सबैभन्दा बढी ३० प्रतिशत खर्च गर्दछन् । खानापछिको ठूलो खर्चको हिस्सा उनीहरूको चाडपर्व मनोरञ्जन मनाउनेमा जान्छ । जुन उनीहरूको कूल आम्दानीको २७ प्रतिशत ओगटेको छ । त्यस्तैगरी लत्ताकपडामा २० प्रतिशत, शिक्षामा १० प्रतिशत, स्वास्थ्यमा ८ प्रतिशत र विविधमा ५ प्रतिशत खर्च गर्ने गरेको देखिन्छ । यहाँ प्रतिशत निकाल्ने सन्दर्भमा उत्तरदाताहरूले आफ्नो आम्दानीको निश्चित रुपैयाको विवरण नदिएर अनुमानित प्रतिशतमा बताएको आधारमा माथिको तालिकामा प्रस्तुत गरिएको हो ।

माथिको तालिकाबाट प्रस्ट हुन्छ कि अध्ययन क्षेत्रमा थारूहरू धेरै चाडबाड मान्ने भएकोले आम्दानीको धेरै हिस्सा खाद्यान्नमा खर्च गर्ने गरेको देखिन्छ । शिक्षामा १० प्रतिशत खर्च देखिएकोले थारूहरूमा पहिलेको तुलनामा छोराछोरी पढाउने प्रवत्ति बढी रहेको देखिन्छ ।

## ६.१० वैकल्पिक रोजगारीको स्थिति

यहाँ थारू जातिमा कृषि पेसा बाहेक अन्य रोजगारीको स्थिति त्यति राम्रो देखिँदैन । तापनि हाल अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । पढेलेखेका थारूहरू पनि बेरोजगारीको चपेटामा परेका देखिन्छन् । केही थारू शिक्षण पेसामा लागेका देखिन्छन भने दुईजना थारूले बैंकमा काम गरेको देखिन्छ । यस्तै गरी कतिपयले विजुलीको काम गर्ने, साइकल मर्मत गर्ने गरेको पनि पाइन्छ । महिलाहरूमा केही महिलाहरूले प्रौढ शिक्षा दिने कार्यमा रोजगारी गरेको पाइएको थियो भने एक दुईजनाले सिलाई बुनाई सिकाउने गरेको पाइयो । अन्य महिलाहरू घरायसी कामकाजमा नै दिन बिताइरहेको पाइन्छ । वैकल्पिक रोजगारीमा केही थारूहरूले ट्याक्टर चलाउने, बिजुलीको काम गर्ने, सिकर्मीको काम गर्ने,

साइकल मर्मत गर्ने, घरेलु सामान छतरी, ढकीया, डोको, नाम्लो आदि बनाउने काम गर्दछन् । कृषि क्षेत्रमा विद्यमान समस्याहरू तथा आधुनिकीकरणले ल्याएको परिवर्तनले गर्दा यहाँका युवा थारूहरू रोजगारीका लागि आफ्नो ठाउँ छोडेर सहर बजारतिर तथा विदेशतिर जाने क्रममा बृद्धि हुँदै आएको पाइन्छ ।

# अध्याय–सात

# सामाजिक सांस्कृतिक तथा आर्थिक परिवर्तन

शैक्षिक विकास, आधुनिक परम्परा, बढ्दो सहरीकरण तथा अन्य जातिहरूको सम्पर्कले गर्दा थारूजातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा नयाँ प्रवृत्तिको विकास हुँदै आएको पाइन्छ । कतिपय परिवर्तनहरू सकारात्मक देखिन्छन् भने कतिपय नकारात्मक पनि छन् । यस अध्ययन क्षेत्रका थारूजातिमा पनि सामाजिक तथा सांस्कृतिक पक्षमा निकै परिवर्तन आएको देखिन्छ । जसको तल वर्णन गरिएको छ ।

## ७.१ सामाजिक संस्कारमा आएको परिवर्तन

पुराना रुढीवादी परम्परा भएका थारू जातिहरूमा आफ्नो छुट्टै प्रकारको सामाजिक संस्कारहरू रहेका छन् । यस्ता संस्कारहरूमध्ये जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कारमा आज भोलि निकै परिवर्तन आएको पाइन्छ ।

### क. जन्म संस्कारमा आएको परिवर्तन

गर्भवती महिलाले घरमा बच्चा जन्माउने प्रचलनमा परिवर्तन आई अस्पताल लैजाने प्रचलन बढेको पाइन्छ । सन्तान ईश्वरका वरदान हुन भन्ने अन्धविश्वास बोकेका थारूजातिमा हालपरिवार नियाजनप्रतिको आर्कषणले गर्दा दुई सन्तान जन्माउने प्रथालाई प्राथमिकता दिदै आएको पाइन्छ । वच्चालाई विभिन्न खोप दिने तथा बिरामी परेको बेला अस्पताल लैजाने गरेको पाइन्छ । बच्चा जन्माएपछि ७ वा ९ औ दिनमा चोख्याउने प्रचलन रहेकोमा आजभोलि यस क्षेत्रका थारूजातिले पहाडियाको सरह ११ औ दिनमा न्वारान गर्ने गरेको पाइन्छ । थारूजातिमा बच्चाको नाम राख्दा समय, बार, महिना आदिलाई आधार बनाएर नाम राख्ने गरिन्थ्यो भने हाल अन्य जातिको जस्तै

नाम राख्ने गरेको पाइन्छ । यिनीहरूको प्रचलनमा छैठी, अन्नप्रासन गर्ने चलन थिएन । तर आजकल अन्य जातिको सम्पर्कले गर्दा छैठी र अन्नप्रासन गर्ने गरेको पाइन्छ ।

**ख विवाह संस्कारमा आएको परिवर्तन**

यस न.पा. क्षेत्रका थारूहरूको अन्य संस्कारमा आएको परिवर्तन जस्तै विवाह संस्कारमा पनि परिवर्तन आएको छ । यहाँका थारूजातिमा सबभन्दा बढी प्रचलनमा रहेको विवाहमा मागी विवाह हो । हाल थारूसमाजमा यस्तो विवाहको साथै प्रेमविवाह तथा अर्न्तजातिय विवाहलाई पनि मान्यता प्राप्त हुँदै आएको देखिन्छ । थारूजातिमा प्रचलित ८-९ वर्षको केटालाई १५-१६ वर्षकी केटी विवाह गरिदिने प्रचलन हाल यस क्षेत्रमा देखिदैन । थारू समाजमा हुने विधवा विवाह, सट्टा विवाह, धेरै हदसम्म हटिसकेको  पाइन्छ । बालविवाह पनि नभएको नै पाइन्छ ।

आजभोलि यिनीहरूले विवाह गर्दा छोटो तरिकाले गर्न थालेका छन् । पहिला विवाह गर्न जाँदा ठूलो माइकमा गाना बजाउदै जाने चलन थियो भने आजभोली बैण्डबाजा लिएर जाने गरिन्छ । यस्तैगरी परम्परागतरुपमा विवाह गर्न जाँदा आफ्नै थारूपोशाक लगाएर जान्थे । वर्तमान समयमा बेहुलाले सर्ट, पाइन्ट आदि लगाएर सुटेडबुटेड भएर गएको पाइन्छ । बेहुलीले पनि सारी, चोली नै लगाउने गरेको पाइन्छ । यसका साथै पहिले विवाह गर्नजाँदा दुलहा भोलिपल्ट दुलही नलगी फर्कन्थे तर आजकल दुलहीलाई त्यहीदिन लग्ने गरेको पाइन्छ । कतिपय विवाह संस्कार बाहुन, क्षेत्रीको जस्तै गर्ने गरेको पाइन्छ । यसरी हाल आएर थारूसमाजमा विवाहको प्रचलनहरूमा निकै परिवर्तन भएको पाइन्छ ।

### ग मृत्युसंस्कारमा आएको परिवर्तन

यस न.पा.का थारूहरूको मृत्युसंस्कारमा पनि केहि परिवर्तन आएको पाइन्छ । यहाँका थारूहरूले आजभोली बाहुन, क्षेत्रीको जस्तै संस्कारलाई अवलम्वन गरेको पाइन्छ । अहिले पनि मृत्युपछि सव गाड्ने परम्परा पाइन्छ । तर गाड्ने भन्दा दागवत्ति दिने चलनको सुरुवात भएको पाइन्छ । काजकिया गर्नेले तेल, बेसार वार्ने गर्दछन् । गुरुवा ( देशबन्ध्या) ले राम्रो दिन हेरी ८-९ दिनमा चोखो हुने गर्दछन् । केही संस्कारमा भने परिवर्तन आएको पाइदैन । यस्तै गरी यहाँका थारूहरूले ब्राह्मण, क्षेत्रीले गरेको जस्तै पिण्ड दान गर्ने, तेह्रदिन किया गर्ने, लास जलाउने, श्राद्ध गर्ने आदि संस्कारहरू अपनाउन थालेको पाइन्छ ।

## ७.२ धार्मिक विश्वास तथा चाडपर्वमा आएको परिवर्तन

धर्ममा निकै आस्था र विश्वास भएका थारूहरूमा आजकल धार्मिक विश्वास कमजोर हुदै गएको पाइन्छ । भूतप्रेत तथा बोक्सीमा अत्यधिक विश्वास मान्ने थारूहरूमा यसप्रतिको विश्वासमा कमि आएको पाइन्छ । रुढिवादी परम्परा, अन्धविश्वास र त्यसमा रहेका कतिपय अभ्यासहरूमा कटौती गरेको पाइएको छ । यस क्षेत्रमा थारूजातिले मनाउने गरेका चाडपर्वहरूमा माघी, अत्वारी, कृष्णजन्माष्टमी आदि भएपनि अन्य सम्प्रदायको सम्पर्कले गर्दा रक्षावन्धन, नागपञ्चमी, ठूलो एकादसी जस्ता चाडपर्वहरू मनाउन थालेको पाइन्छ । यिनीहरूको चाडपर्व मनाउने प्रकियामा पनि परिवर्तन आएको पाइन्छ । पूजाआजा गर्दा, विवाह गर्दा, चाडपर्व मनाउँदा ध्वजापताका, टेन्ट, बैन्डवाजा जस्ता आधुनिक उपकरणहरूको प्रयोग बढीरहेको पाइन्छ । आफ्नो परम्परागत नाँचको सट्टा सिनेमा, टेलिभिजन, रेडियो तर्फको आकर्षण बढीरहेको पाइन्छ । यसैगरी थारूजातिले मान्दै आएका थारू गुरुवा (पुरोहित) को सट्टामा ब्राहमण पुरोहितलाई धार्मिक कार्यमा प्रयोग गर्दै आएको पाइन्छ ।

## ७.३ भेषभूषा तथा गरगहनामा आएको परिवर्तन

थारू जातिले लगाउने पहिरन तथा गरगहनामा पनि परिवर्तन आएको पाइन्छ । पहिले धोती लगाउने, थारू पुरुषहरूले अहिले सर्ट, पेन्ट, टिसर्ट आदि लगाउछन. भने महिलाहरूले चोल्या गोन्याको सट्टामा कुर्ता सुरुवाल, साडी ब्लाउज, मेड्डी मेक्सी आदि लगाएको पाइन्छ । थारू युवायुवतीहरूमा नयाँ फेसनको प्रभाव परेको देखिन्छ । यस अध्ययन क्षेत्रका थारू महिलाहरूले हात पाखुरामा खोपाउने कार्य (गोदना) प्राय हटिसकेको छ भने उनीहरूले लगाउने परम्परागत गरगहनामा चादीको माला, सिकरीया, लाहको चुरा आजकल लगाएको देखिँदैन । सुन, पित्तलका गरगहना लगाउने गरेको पाइन्छ ।

## ७.४ खानपिनमा आएको परिवर्तन

यस धनगढीमान.पा का थारूजातिको खानपानमा पनि आधुनिक परिकार खाने प्रचलन बनेको पाइन्छ । थारूहरू पहिला चामलका परिकार, घोघी (शंखसिपी) गँगटा आदि खानेगरेको पाइन्थ्यो । तर आजकल यिनीहरूको खानपिनमा परिवर्तन आएको पाइन्छ । पाउरोटी, चाउचाउँ विस्कुट, मीठाई आदि खानेकुराप्रतिको मोह बढेको पाइन्छ । दूध, दही पनि खाने गरेको पाइन्छ । अन्य समुदायका खानाका परिकारहरू यिनीहरूले पनि बनाउन थालेको पाइन्छ । जस्तै सेल, अनरसा , मिठाई आदि । आजकल यी जातिहरूले सन्तुलित खानामा ध्यान दिन थालेको पाइन्छ ।

## ७.५ पारिवारिक प्रथामा आएको परिवर्तन

थारू जातिमा विद्यमान संयुक्त परिवार प्रथामा पनि परिवर्तन भई एकात्मक परिवारमा परिणत हुँदै गएको पाइन्छ । आजकल धेरै थारूहरू खेतीपातीको काम छोडेर अन्यत्र गई काम गर्न थालेकोले र पछि आफ्नो श्रीमती र छोराछोरीहरूलाई पनि सँगै

राख्न थालेकोले संयुक्त परिवारबाट एकात्मक परिवारमा परिणत हुँदै गएको हो । यहाँका अधिकांश युवाहरूमा थोरै सन्तान सहित एकात्मक परिवारमा जीवन बिताउने चाहनातर्फ बृद्धि हुँदै आएको पाइन्छ ।

## ७.६ शैक्षिक क्षेत्रमा आएको परिवर्तन

शैक्षिक चेतनाको विकासले गर्दा यहाँका थारूहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने क्रम बढेको पाइन्छ । पहिलेका पुस्ताहरु निरक्षर रहेकोमा हालका पुस्ता भने साक्षरता र उच्च शिक्षा हासिल गर्नेतर्फ अगाडि बढेको पाइन्छ । कतिपय निरक्षर प्रौढहरू पनि विभिन्न संघसंस्थाद्वारा सञ्चालित प्रौढ शिक्षा कार्यक्रममा सहभागीभई साक्षर हुँदै आएको पाइन्छ । शिक्षाको कमीले आफूले अन्य जातिको शोषणमा परेको अनुभव गरेका थारूहरू आजको समयमा छोराछोरीलाई शिक्षा दिनु अति आवश्यक भएको धारणा व्यक्त गर्दछन् । बुढापाकाको तुलनामा अहिलेका युवापुस्ताहरूमा शैक्षिक जागरण निकै वृद्धि भएको कारण सामाजिक कार्यतर्फ पनि अग्रसर भएको पाइन्छ । यसै गरी यिनीहरुले आफ्ना बालबच्चालाई बोडिङमा पढाउने चलन पनि बढ्दो रुपमा देखिन थालेको पाइन्छ ।

## ७.७ नारीको अवस्थामा आएको परिर्वतन

घरेलु काममा मात्र सीमित भएर शिक्षाबाट वञ्चित महिलाहरू आजकल आयमूलक कार्यमा पनिलागेका देखिन्छ । नोकरी तथा राजनैतिक पक्षमा पनि पहिलेको तुलनामा केही सक्रिय भएका देखिन्छन् । विभिन्न कारणले समाजमा थिचिएर बस्न बाध्य भएका नारीहरू आज पुरुषको काधमा काधमा दिन र पुरुषसरह नै आफूलाई अगाडि बढाउन केही मात्रा भए पनि यहाँका नारीहरू सक्षम हुँदै गएको पाइन्छ । यस्तै गरी विभिन्न गैरसरकारी संस्थाद्वारा संचालित महिला उत्थान तथा विकास कार्यक्रममा

सहभागी भई महिला समूह गठन गर्ने तथा विभिन्न सीप, तालिम आदिबाट नारीलाई अगाडि बढाउने कार्यप्रति जागरूक हुँदै आएको पाइन्छ ।

## ७.८ बसोबासमा आएको परिवर्तन

परम्परागत रुपमा थारुहरूको घर नजिक नजिक गुजमुञ्ज परेको हुन्थ्यो र भुइँतले घरमा बस्न मन पराउँथे भने अहिले आएर टाढा टाढा घर बनाएको पाइन्छ भने अन्य जातिका जस्तै तले घर बनाउने प्रचलन देखिन्छ । कतिपय आर्थिक रुपले पनि सम्पन्न थारूहरूले पक्की घर बनाई बसेको पनि पाइन्छ । यसैगरी यस क्षेत्रका थारूहरूले अन्य जातिले जस्तै आधुनिक घर बनाउन थालेको पनि पाइन्छ ।

## ७.९ नातेदारी व्यवास्थामा आएको परिवर्तन

थारूहरू परम्परागत रुपमा निकै ठूलो परिवारमा मिलेर बस्दथे । तर आजभोलि यिनीहरू अन्य जाति जस्तै व्यक्तिवादी भएको पाइन्छ । यस्तो प्रवृत्तिले नातेदारी व्यवस्थामा केही परिवर्तन आएको छ ।

## ७.१० थारूहरूको जीवनस्तरमा आएको परिवर्तन

सामाजिक गतिविधिको स्तर दिनप्रतिदिन बढ्दै गइरहेको थारू समुदायको भौतिक साधन र जीवनस्तर पनि विभिन्न समुदायसँगको सांस्कृतिक आदानप्रदानबाट प्रभावित भइरहेको छ । त्यस्तै गरी यस क्षेत्रमा यातायातको साधन र सुविधाको क्षेत्रमा थारूहरूको गोरु र गाडाको प्रयोग हट्दै गईरहेको पाइन्छ । यसको ठाउँमा साइकल, मोटरसाइकल र ट्याक्टरको प्रयोग बढेको पाइन्छ । यस क्षेत्रका अधिकांश सबै थारूहरूको घरमा बिजुली लगाएको पाइन्छ । केही सम्पन्न थारूहरूले सोफा, टेलिभिजन, क्यासेटप्लेयर र खाना खान डाइनीङ टेबल र कुर्सीको प्रयाग गर्न थालेको

पाइन्छ । यस्तैगरी बिरामी पर्दा पहिले धामी झाक्री गुरुवा कहाँ जान्थे । तर अहिले सबैजसो थारूहरू आधुनिक उपचार गर्न जाने गरेको पाइन्छ ।

## ७.११ पेशामा आएको परिवर्तन

हिजोआज थारूहरू परम्परागत पेशामा मात्र सीमित रहन छोडेका छन् । यिनीहरूको पेसामा पनि परिवर्तन भएको पाइन्छ । यहाँका पढेलेखेका थारूहरू नोकरी, व्यापार, जस्ता पेसामा आकर्षित हुन थालेको पाइन्छ । केही शिक्षित युवावर्गहरूले स्वास्थ्यकर्मी, रेडियो , टेलिभिजन, साइकलमर्मतसम्बन्धी तालिम लिएर यो कार्यलाई आफ्नो पेसा बनाउन सुरु गरेको पाइन्छ । कतिपय थारूहरूले सिकर्मी, डकर्मीको पनि काम गर्ने गरेको पाइन्छ । यसरी आफ्नो परम्परागत पेसा बाध्यताले मात्र गर्न परेको गुनासो राख्ने थारूयुवाहरूमा कृषि बाहेक अन्य पेसा तर्फको आकर्षण बढेको पाइन्छ ।

## ७.१२ कृषि प्रणालीमा आएको परिवर्तन

यस न.पा. का थारूजातिले कृर्षिप्रणालीमा परम्परागत कृषिप्रणालीको बदलामा आधुनिक किसिमका कृषि प्रणाली अपनाउन थालेको पाइन्छ । कृषि प्रणालीमा आधुनिक औजार, उन्नत जातको बीउ, मल, कीटनासक औषधीको प्रयोग गरेको पाइन्छ । यस्तैगरी शिक्षा चेतना, यातायात र सञ्चार आदि क्षेत्रमा आएको विकास र परिवर्तनले गर्दा आधुनिक कृषि प्रणालीमा जसमा धनी थारूहरूले ट्याक्टरको प्रयोग गर्ने, धान, गहुँ, दाउनी गर्न थेस्रको प्रयोग गर्ने र नगदेबाली पनि लगाउन थालेको पाइन्छ । साथै परम्परागत धान खेतीमात्र नगरी तरकारी खेतीमा पनि लागेको पाइन्छ । तरकारी बिक्रि गर्न हप्ताको तीनदिन हाटबजार पनि जाने गरेको पाइन्छ ।

## ७.१३ राजनैतिक चेतनामा आएको परिवर्तन

परम्परागत रुपमा थारूसमाजमा सम्पूर्ण शक्ति गाउँको मुलीमा मात्र सीमित हुन्थ्यो । धार्मिक कार्य गुरुवाको नियन्त्रणमा हुन्थ्यो । तर देशमा कानुन तथा प्रशासनिक तरिकाबाट सामाजिक नियन्त्रणका प्रयासहरू हुन थालेबाट थारूहरूको आफ्नो जातिय सङ्गठन एवम् सामाजिक संरचनामा धेरै परिर्वतन आएको पाइन्छ । गाउँमा नै बसेर झगडा मिलाउने प्रचलनमा परिवर्तन आई वडाप्रहरी, अदालतमा जाने प्रचलनमा वृद्धि भएको पाइन्छ । आफ्नो भलाईको लागि थारूहरु जातिगत रुपमा सङ्गठित हुन थालेका छन् । त्यस्तै गरी यहाँका थारूहरूले समाजमा आफ्ने वर्चस्व कायम गर्न विभिन्न संघसंस्थाहरू थारू कल्याणकारी सभा, थारू समाज आदि खोलेको पाइन्छ । यस्ता सङ्गठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरिरहेका छन् । यहाँका थारू महिला तथापुरुषमा राजनैतिक चेतनाको विकास भएको पाइन्छ । चुनावमा भोट खसाल्ने कार्यमा पहिले भन्दा बढी सक्रिय हुन थालेको पाइन्छ । हरेक पार्टीका विषयमा र देशमा भइरहेको राजनीतिक उथलपुथलका विषयमा यहाँका थारूहरूलाई ज्ञान हुँदै आएको देखिन्छ । लैङ्गिक समानता र अधिकारका विषयमा बिस्तारै यहाँका महिलाहरूले बुझ्न थालेका छन् ।

# अध्याय–आठ

# सारांश तथा निष्कर्ष

## ८.१ सारांश

थारू जाति तराई क्षेत्रका आदिवासी मानिन्छन् । थारू जाति नेपालको पूर्व मेचीदेखि पश्चिममहाकालीसम्मको क्षेत्र चुरे तथा महाभारत पर्वतबीचको भित्री मधेशमा छरिएर रहेका छन् । झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, सर्लाही, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी रुपन्देही, कैलाली कञ्चनपुर आदि जिल्लाहरूमा थारू जातिको बसोबास रहेको पाइन्छ ।

यो अध्ययन कैलाली जिल्ला धनगढी नगरपालिकामा बसोबास गरेका थारूजातिमा आधारित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको जानकारी लिनु रहेको छ । यस अध्ययनको ढाँचामा अन्वेषणात्मक र वर्णानात्मक दुवै विधिको प्रयोग गरिएको छ । यस न.पा. को वडा नं ५ मा थारू जातिको जम्मा घरपरिवार २०० मा अध्ययनको लागि ५० घरपरिवारलाई लिइएको छ । यस अध्ययनको तथ्याङ्क स्रोतमा प्राथमिक स्रोत र द्वितीय स्रोत दुवैबाट प्राप्त भएका तथ्याङ्कलाई प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई संख्यात्मक र व्याख्यात्मक दुवैमा प्रस्तुत गरिएको छ ।

यस धनगढी न.पा. को जम्मा जनसंख्या ६७४४७ रहेको छ । जसमापुरुषको संख्या ३५२२८ (५२.२ प्रतिशत) र महिलाको संख्या ३२२१९ (४७.७ प्रतिशत) रहेको छ । यस न.पा. को जम्मा जनसंख्यामा थारू जातिहरूको संख्या २११७४ रहेको छ । जसले न.पा. को जम्मा जनसंख्यामा ३१.३ प्रतिशत स्थान ओगटेको छ । भाषागत आधारमा थारू बोल्नेहरूको संख्या १९४३६ (२८.८ प्रतिशत) रहेको छ ।

जनसंख्याको दृष्टिकोणले छनोट परिवारमा पुरुष ५१.० प्रतिशत र महिला ४८.९८ प्रतिशत रहेको देखिन्छ । जसअन्तर्गत ०-४वर्ष सम्मको जनसंख्या १२.४१ प्रतिशत र ५-१४ वर्षसम्मको जनसंख्या १७.४४ प्रतिशत, १५-५९ वर्षको जनसंख्या ६४.०९ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या ६.०४ प्रतशित रहेको छ । परम्परागत रुपमा संयुक्त परिवारमा बस्न रुचाउने यहाँका थारूहरू अहिले एकल परिवारमा बस्न थालेको पाइन्छ । यस्तो एकलपरिवारको संख्या ७२.० प्रतिशत रहेको छ भने संयुक्त परिवारको संख्या २८.० प्रतशित रहेको छ ।

यहाँका थारूहरूको घरको किसिमलाई हेर्दा कच्ची घर भएका उत्तरदाता ६४.० प्रतिशत र पक्की घर भएका उत्तरदाता ३६.० प्रतिशत रहेका छन् ।

यस नपा.का थारू जातिको शैक्षिक अवस्था अन्य जातिको तुलनामा कमजोर नै पाइन्छ । तापनि आजभोलि सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेको देखिन्छ । जनअनुसार उत्तरदाताको परिवारको शैक्षिक स्थिति हेर्दा १-५ कक्षासम्म अध्ययन गर्ने संख्या सबभन्दा बढी १५.३३ प्रतिशत र आई. ए.तथा बी.ए. सम्म अध्ययन गर्ने संख्या सबभन्दा कम २.३० प्रतिशत रहेका छन् । उत्तरदाता परिवारमा पुरुषभन्दा महिलाहरु निरक्षर बढी रहेको देखिन्छ ।

अध्ययन क्षेत्र धनगढी न.पा. मा बसोबास गरेका अत्यधिक थारूहरूलाई परिवार नियोजनसम्बन्धी ज्ञान रहेको छ । परिवार नियोजन गरेका उत्तरदाताको संख्या ८४.० प्रतिशत र प्रयोग नगरेका उत्तरदाताको संख्या १६.० प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रको स्वास्थ्य स्थितिबारे विचार गर्दा परम्परागत (गुरुवा झारपुक) उपचार पद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ३४.० प्रतिशत र आधुनिक उपचार पद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ६६.० प्रतिशत रहेको पाइन्छ । खानेपानीको लागि हाते पम्पको प्रयोग गर्दछन् र प्रायजसो थारूहरूले शौचालय बनाएको देखिन्छ । जसमध्ये

कच्ची शौचालय प्रयोग गर्ने घर संख्या ६४.० प्रतिशत र पक्की शौचालय प्रयोग गर्ने घर संख्या ३६.० प्रतिशत रहेका छन् ।

यहाँको थारू समाजमा पुरुष प्रधान भए पनि आजभोलि केहीमात्रामा छोराछोरीलाई पढाउने विवाह गर्ने, जस्ता कुरामा महिलाहरूको निर्णयात्मक भूमिका बढ्दै गएको पाइन्छ । यस जातिमा पनि पैतृक सम्पत्तिमा छोरालाई नै प्राथमिकता दिएको पाइन्छ । यिनीहरूमा नातासम्बन्ध बलियो र सुमधुर रहेको देखिन्छ । यसैगरी यस क्षेत्रका थारूहरुको आफ्नै सामाजिक सङ्गठन भए पनि आजभोलि थारू जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू खोलेको देखिन्छ । साथै यहाँका थारूहरूले राजनीतिक गतिविधिप्रति पनि निकै रुचि राखेको पाइन्छ ।

धर्मअन्तर्गत यहाँका थारू जातिले हिन्दू धर्म मान्दै आएका छन् । यिनीहरूको सामाजिक संस्कारमा जन्मसंस्कार, विवाह संस्कार, मृत्युसंस्कार आदि रहेका छन् । जन्मसंस्कारमा न्वारान, पास्नी छैठी, गर्ने चलन नरहेको भए तापनि अन्य जातिको सम्पर्कले यी सबै संस्कारहरू गर्ने गरेको देखिन्छ । बच्चाको नाक-कान छेड्ने र कपाल काट्ने चलन पनि रहेको देखिन्छ । थारू जातिमा ब्रतवन्ध को चलन नरहेको देखिन्छ । यसका साथै यिनीहरुको मृत्यु संस्कारमा दागवत्ती दिने र गाड्ने चलन दुवै रहेको पाइयो । काजक्रिया बस्ने चलन पनि देखियो । यहाँका थारू जातिमा ८ वा ९ औ दिनमा चोखिने चलन देखियो । अहिले आएर अन्य जातिसँगको सम्बन्धले यहाँको थारूहरुले १३ दिनसम्म किरिया गर्ने, पिण्डदान गर्ने गरेको पनि देखियो । यहाँको थारु समाजमा मागी विवाह र प्रेमविवाह चलनचल्तीमा रहेको देखिन्छ । अन्तरजार्तिय विवाहलाई पनि मान्यता दिएको पाइन्छ । विवाह गर्ने उमेर परम्परागतरुपमा सानै उमेरमा भए तापनि यो चलन यस क्षेत्रमा हटिसकेको पाइन्छ । साथै विधवा विवाह, सट्टाविवाहको प्रचलन पनि यस क्षेत्रमा नभएको देखिन्छ ।

यिनीहरूले जन्मसंस्कार विवाहसंस्कार र मृत्युसंस्कारमा भोज खाने र आफन्तलाई बोलाउने गरेको देखिन्छ ।

यस क्षेत्रमा थारूले परम्परागत भोटो, लगौटी, चोल्या, गोन्या लगाएको देखिँदैन । यसको सट्टा पुरुषहरूले पाइन्ट, कमिज सर्ट र महिलाले साडी ब्लाउज, कुर्ता सलवारको प्रचलन देखियो । गरगहनामा पनि परम्परागत गहना लगाउने प्रथा हट्न थालेको देखिन्छ । टप, सिक्री, तिलहरी जस्ता आदि लगाउन थालिएको छ ।

यहाँका थारूहरूका प्रमुख चाडपर्वमा माघी, होरी, अत्वारी, दश्या, आदि हुन । यसैगरी यिनीहरूको चाडपर्वमा धेरैजसो जाँड रक्सी र मासुको बाहुल्यता रहेको भेटिन्छ । थारू जातिमा नाचमा मुख्य गरी सखिया नाच र झुमरा नाच रहेको छ । यिनीहरूको धार्मिक कार्य गराउने पुरोहितलाई गुरुवा भनिन्छ । यी गुरुवा दुई किसिमका हुने गर्दछन् । घरगुरुवा र देशबन्ध्यागुरुवा । यहाँका थारू जातिको धार्मिक प्रचलनमा विभिन्न देवीदेवताको पूजा गर्ने परम्परा रहेको पाइन्छ । यिनीहरूका देवीदेवतामा सबै कुलदेवता, गुरुबाबा, मैया, सौरा, भुयाँरदेवता आदि पुज्ने चलन देखिन्छ । अतिथिहरूको स्वागत गर्ने परम्परा पनि अत्यन्त राम्रो रहेको पाइन्छ । यिनीहरूमा पाहुनालाई देवता नै मान्ने चलन देखिन्छ । थारूहरूको आफ्नै भाषा भए पनि घरपरिवारमा मात्र थारू भाषा नै बोले पनि अन्यत्र नेपाली भाषा बोल्ने गर्दछन् । साथै यिनीहरूले धार्मिक अन्धविश्वास र रुढिवादी संस्कारमा पनि विश्वास गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रका थारूहरूको भू-स्वामित्व अन्तर्गत अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ । आफ्नै जग्गा जमिनमा खेतीगर्ने उत्तरदाताको संख्या ४४.० प्रतशित र अधियाँ लगाउने उत्तरदाताको संख्या ६.० प्रतिशत रहेको पाइन्छ । आफ्नो जग्गा भएकोले पनि खान नपुग्ने हुँदा अधियाँ गर्ने गरेको देखिन्छ । यहाँका थारूहरूले मुख्य गरेर धान, मकै, गहुँ तोरी तरकारी उत्पादन गर्दछन् । यहाँ धान, गहुँ , सबभन्दा बढी उत्पादन गरेको देखिन्छ । त्यसपछि मकै तोरी र तरकारी

उत्पादन गर्दछन् । यहाँका सबै थारूहरूलाई वर्षभरि खान नपुग्ने स्थिति रहेको छ । वर्षभरि खान नपुग्ने घरपरिवारले अँधिया लगाएको पाइन्छ । ६४.० प्रतिशत उत्तरदाताको आम्दानीको स्रोत कृषिमै निर्भर रहेको पाइयो । नोकरी र व्यापार गर्ने संख्या १०.० प्रतिशत र ८.० प्रतिशत रहेको पाइयो । कृषि प्रणालीबाट राम्रो प्रतिफल पाउने, घरखर्च गर्न, व्यापार गर्न ऋण लिएको पाइन्छ । यहाँका थारूहरूले पशुपालनमा सबभन्दा बढी हाँस कुखुरा, गाइगोरु, भेडाबाखा र त्यसपछि सुगुर बंगुर रागा पाल्ने गरेको देखिन्छ । ४८.० प्रतिशत परिवारहरू मध्यमवर्गमा भएको देखिन्छ । केवल थोरै परिवारहरू मात्र ४.० प्रतिशत सम्पन्न वर्गमा भएको देखिन्छ । यहाँका थारूमा खर्चको प्रारुप हेर्दा शिक्षा र स्वास्थ्यका लागि कम खर्च १० प्रतिशत र ८ प्रतिशत खर्च गरेको देखियो भने खाना तथा चाडपर्वका लागि बढी खर्च ३० प्रतिशत र २७ प्रतिशत खर्च गरेको पाइन्छ । अध्ययन क्षेत्र धनगढी न.पा.का थारूहरू आजभोलि कृषिपेसामा बाहेक अन्य पेसा जस्तै बिजुलीको कामगर्ने, साइकल मर्मत गर्ने तथा शिक्षण पेसामा लागेका देखिन्छन् भने महिलाहरू पनि प्रौढशिक्षा दिने सिलाईबुनाई सिकाउने आदि कार्यमा संलग्न भएको देखियो । यसैगरी शैक्षिक विकास, आधुनिक परम्परा, बढ्दो शहरीकरण तथा अन्य जातिको सम्पर्कले थारू जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा परिवर्तन आएको देखिन्छ ।

## ८.२ निष्कर्ष

यस अध्ययनको मुख्य उद्देश्य कैलाली जिल्ला धनगढी न.पा. वडा नं ५ मा बसोबास गरेका थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्नु रहेकोले यस अनुसन्धानबाट निम्न निष्कर्षमा पुगिएको छ ।

- शाक्यवंशबाट उत्पत्ति भएको तथा शारीरिक स्वरुपमा मंगोलियन जस्तो देखिने थारूहरू सामाजिक उथलपुथल तथा हावापानीको प्रभावले आर्य जस्तै देखिएका र हिन्दू धर्मावलम्बीहरूको लामो सम्पर्कले गर्दा बौद्ध धर्म त्यागी हिन्दूधर्म ग्रहण

गरेका हुन् भन्ने तथ्य बढी विश्वसनीय भएको कारण यिनीहरूको उत्पत्ति मंगोल समूहबाट नै भएको अनुमान गर्न सकिन्छ ।

- उत्पत्तिको दृष्टिले अझै रहस्यमय रहेका थारूजाति परापूर्वकालदेखि नेपालको तराईक्षेत्रमा बसोबास गर्दै आएको आदिवासी जनजाति हो ।

- थारूजाति संयुक्त परिवारभन्दा एकात्मक परिवारमा बस्न थालेको पाइन्छ । किनभने अध्ययन क्षेत्रमा एकात्मक परिवार भएका घरधुरी सख्या बढी रहेको पाइन्छ ।

- शैक्षिक क्षेत्रमा पछाडि परेको थारूजातिमा अहिले केही मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ । विद्यालय शिक्षाबाट वञ्चित थारूहरूले प्रौढशिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । बीचैमा पढाइ छोड्ने प्रवृत्तिले आई.ए. वा सोभन्दा माथि अध्ययन गर्ने थारूहरूको संख्या एकदमै कम रहेको देखिन्छ ।

- थारूहरूको खानपिनमा पनि परिवर्तन आई आधुनिक परिकारहरू खाने प्रचलन बढेको देखिन्छ ।

- विवाहमा मागी विवाह र प्रेमविवाह नै बढी मात्रामा गरेको पाइन्छ । अन्तर्जातीय विवाहलाई पनि मान्यता दिएको पाइन्छ । सट्टाविवाह बालविवाह, विधवा विवाह हटिसकेको पाइयो ।

- जन्म, मृत्युसंस्कार, विवाह संस्कार सम्पन्न गर्दा ब्राह्मण क्षेत्रीको जस्तै गर्ने गरेको देखिन्छ भने यीसबै संस्कारमा आफ्नो पुरोहित गुरुवाको सट्टा ब्राह्मण पुरोहितलाई बोलाउने रहेको पाइन्छ ।

- थारूमा  परम्परागत धामी, झाँक्रीमा विश्वास गर्ने प्रचलनमा भने कमी आएको कारण बिरामी  हुँदा अस्पताल लैजाने  प्रचलन बढेको देखिन्छ ।

- पुराना ढाँचामा घरहरू बनाउन छोडेर नयाँ ढाँचामा पक्कीघरहरू बनाएको देखिन्छ ।

- थारू जातिको  आफ्नै प्रकारको सामाजिक सङ्गठन भए  पनि वर्तमान समयमा थारू जातिसँग  सम्बन्धित संघ संस्था  खोलेको पाइन्छ । यी जातिहरूमा राजनैतिक  जागरुकता  पनि  बढेको देखिन्छ ।

- परम्परागत भेषभूषा  गरगहना  लगाउन  छोडेर  आधुनिक भेषभुषा  गरगहना लगाएको देखिन्छ ।

- यिनीहरूमा  परम्परागत  धार्मिक  अन्धविश्वास, भुतप्रेत, बोक्सीमा  विश्वास गर्ने प्रचलनमा केही मात्रामा कमी आएको देखिन्छ ।

- थारू महिलाहरूमा  आएको शैक्षिक  चेतनाको  कारण महिला  समुह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुनेतर्फ  अगाडि बढेको देखिन्छ ।

- यी जातिहरूमा सन्तान  धेरै बनाउनु हुँदैन भन्ने चेतनाको विकास भएको पाइन्छ ।

- परम्परागत पेसा कृषिको अलावा श्रमिक, नोकरी, व्यापार, व्यवसाय जस्ता पेसामा लाग्ने गरेको पाइन्छ । विशेष गरी युवाहरू कृषि कार्यमा बढी उत्पादन नहुने कारणले वैकल्पिक  रोजगारीतर्फ आकर्षित  भएको पाइयो ।

- मिहिनेती जातिको रुपमा परिचित यस क्षेत्रका थारू जातिले आफ्नो जग्गा नभएका र जग्गा जमिन थोरै भएकाले अधिया गरेर धेरैजसो परिवारले वर्षदिन खान पुऱ्याएको देखिन्छ ।

- यिनीहरूले चाडपर्व तथा पूजाआजा आफ्नै किसिमले मनाउने चलन रहेको देखिन्छ । यिनीहरुको चाडपर्व तथा पूजाआजामा जाँड रक्सी, र मासुको बढी महत्व भएको देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, रेशराज, (वि.सं. २०५६) **नेपाली समाज संस्कृति**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

**अन्तर्राष्ट्रियमञ्च** (वि.सं. २०६०), वर्ष ५ अङ्क १० पूर्णाङ्क, २८ ।

गौतम, टेकनाथ, (वि.सं. २०४४), **थारू जातिको इतिहास तथा संस्कृति**, दाङः प्रकाशक सुशिलकुमार गौतम प्रथम संस्करण, थारु पुराण ।

गौतम, राजेश र अशोक कुमार थापामगर (सन् १९९४), **ट्राइबल इथनोग्राफी अफ नेपाल, बुक फेथ इण्डिया,** न्यूदिल्ली ।

घिमिरे, देवेन्द्र, (वि.सं. २०४४), **थारू जातिको इतिहास र संस्कृति,** दाङः, प्रकाशक सुशिलकुमार गौतम ।

चौधरी, लेखनाथ, (वि.सं. २०५५) **थारू जातिको सामाजिक सांस्कृतिक अध्ययन,** काठमाडौंः सरिता प्रकाशन ।

चौधरी शंकरलाल (सन् १९९९), **सोसियो इकोनोमिक स्टाटस अफ दंगौरा थारुज (अंग्रेजी रुपान्तरण), घोराही दाङ,** पब्लिसर शीला चौधरी पार्वती प्रेस ।

डा. शर्मा, मेदीनी, (वि.सं. २०४४) **थारू जाति एक अध्ययन**, विराटनगर :पूर्वाञ्चल साहित्य प्रतिष्ठान, प्रथम संस्करण ।

धिताल, मेदिनीप्रसाद, (वि.सं. २०४४) **थारूजाति एक अध्ययन,** विराटनगरः पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान ।

**नेशनल पपुलेशन रिपोर्ट** (सन् २००१), काठमाडौंः नेपाल, केन्द्रीय तथ्याङ्क विभाग ।

नेपाल, यात्री पि.पि., (वि.सं २०३३), **महाकाली अञ्चल दिग्दर्शन,** विराटनगर : हिमाली सौगात प्रकाशन, नेपाल ।

पाण्डे, मधुसुदन, (वि.सं. २०६०) **नेपालका जनजातिहरू**, काठमाडौं : पैरवी प्रकाशन, नेपाल ।

पाण्डे, रामकुमार, (वि.सं. २०४२), **नेपाल परिचय मूलग्रन्थ** ललितपुरःविद्या पुस्तक भण्डार

भट्टराई, ज्ञानेश्वर, (वि.सं. २०६०), **बृहत् ज्ञानकोष,** बागबजार काठमाडौंः आशिष पुस्तक भण्डार ।

**मेचीदेखि महाकालीसम्म (वि.सं. २०३१),** श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, भाग ४।

रेग्मी,ऋषिकेशवराज, (वि.सं. २०३५) **एकस्रोत तीन धारा,** काठमाडौंः साझा प्रकाशन ।

रजौरे, द्रोणप्रसाद, (सन् १९९७) **एन एन्थ्रोपोलोजिकल स्टडी अफ थारूज अफ दाङ देउखुरी**, एम. ए. शोधपत्र अप्रकाशित

रजौरे द्रोणप्रसाद, (सन् १९८१) **थारूज अफ दाग द पिपुल एण्ड सोसियल कन्टेक्स्ट (अंग्रेजी रुपान्तरण) कैलाश**, भोल्युम नं. ३-४ ।

**राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान,** (वि.सं.२०५३), राष्ट्रिय जनजाति प्रतिष्ठान, जनजाति वर्ष १, अङ्क१-२ असार ।

विष्ट, डोरबहादुर, (सन् १९८६), **सबै जातको फुलबारी,** काठमाडौं, रत्नपुस्तक भण्डार, नेपाल ।

विष्ट, डोरबहादुर, (सन् १९९४), **पिपुल्स अफ नेपाल**, काठमाडौंः रत्नपुस्तक भण्डार ।

विष्ट, डोरबहादुर, (वि.सं. २०५५), **सबै जातको फूलबारी,** काठमाडौंः साझा प्रकाशन ।

शर्मा, जनकलाल, (वि.सं. २०३९), **हाम्रो समाज एक अध्ययन**, काठमाडौं : साझा प्रकाशन ।

# अन्तर्वार्ता प्रश्नावली

फाराम नं.　　　　　　　　　　　　　　　　　　मिति:२०६५

१. उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक विवरण

१.१ घरमुलीको नामः　　　　　　　　　　१.२ उत्तरदाताको नामः

१.३ उमेर :　　　　　　　　　　　　　　१.४ लिङ्ग :

१.५ पेसाः　　　　　　　　　　　　　　१.६ धर्म :

१.७ भाषा :　　　　　　　　　　　　　　१.८ शैक्षिक स्तर

१.९ न.पा/गा.वि.स. :　　　　　　　　　१.१० वडा नंः

१.११ तपाईको पारिवारिक विवरण

| क्र.सं | नाम | घरमुलीसँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

२. आर्थिक अवस्था सम्बन्धि प्रश्नहरू

२.१ तपाईको आफ्नो जमिन छ/छैन ?छ भने कति छ ?

(क) विघा ........... ख) कठ्ठा ...........ग) धुर .......

२.२ अरु कसैको जमिन कमाउनुहुन्छ भने कति कमाउनुहुन्छ ।

(क) विघा ........... ख) कठ्ठा ...........ग) धुर .......

२.३ तपाईको खेतीमा के-के अन्न उत्पादन हुन्छ ? (क्विन्टलमा)

(क) धान ....... (ख) मकै ....... (ग) गहुँ ......

(घ) तोरी ..... (ङ) अन्य..............

२.४ तपाईको वार्षिक उत्पादनले खान पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

२.५ पुग्दैन भने के के गर्नुहुन्छ ।

(क) .......... (ख) .......... (ग) ...............

२.६ तपाईले आम्दानीका स्रोतहरू के के छन् ? कसैसँग ऋण लिनु भएको छ ?

(क) कृषि ........... (ख) उद्योग ..............

(ग) व्यापार .............. (घ) व्यवसाय .........

२..७ बाबुबाजेको पैतृक सम्पत्ति(चल-अचल) छ/छैन? यदि छ भने के के छ ?

(क) छ (ख) छैन

चल .....................

अचल ...................

२.८ तपाईले कसैसँग ऋण लिनु भएको छ ?

(क) छ ...........छ भने केका लागि .

(ख) छैन

२.९ यदि छ भने ऋणको स्रोत

(क) बैक .............. (ख) साहु ............. (ग) अन्य .............

२.१० तपाईको घरमा पशुपक्षी कति  छन् ?

(क) गाईगोरु ..........(ख)  राँगा भैंसी ...........(ग) भेडा बाखा.....

(घ)  सुँगर-बंगुर ......(ङ)  घोडा ............... (च) हास ........

(छ) कुखुरा ..........

२.११ घरको प्रकार

(क) कच्ची ......... (ख) पक्की ........  (ग) झुपडी .........

२.१२ आम्दानीको मुख्य खर्च के मा गर्नु हुन्छ ?

क)खाद्यान्न................................ख) शिक्षा.........................

(ग) मनोरञ्जन चाडपर्व ........ (घ) लत्ताकपडा .........

.(ङ) विविध ..........................

३. सामाजिक/सांस्कृतिक  अवस्थासँग सम्बन्धित  प्रश्नहरू

३.१ तपाई यसै गाउँमा जन्मनु भएको हो की बसाई सर्नुभएको ?

(क) यसै गाउँमा जन्मेको ....................

(ख) बसाई सरेको .............................कहाँबाट .............

३.२ कहिले देखि यहाँ बसोबास गर्दै आउनुभएको छ ?

साल ....................................................

३.३ तपाईको विचारमा संयुक्त र एकात्मक परिवारमध्ये कुन ठिक लाग्छ ?

(क) संयुक्त ....................किन .............................

(ख) एकल .........................किन .........................

३.४ तपाईको समाजमा बढी प्रतिष्ठित व्यक्ति को हुन्छ ?

(क) बुढापाका ......................(ख) पुरेत .................

(ग) राजनीतीक व्यक्ति ........... (घ) शिक्षित व्यक्ति .........

(ङ) अन्य ....................

३.५ तपाईको समाजमा कति वर्षमा विवाह गर्ने चलन छ ?

(क) छोरा .....................(ख) छोरी.........................

३.६ अन्तर्जातीय विवाहलाई तपाईको समाजमा कस्तो दृष्टिकोणले हेरिन्छ ?

(क) सकारात्मक .........................(ख) नकारात्मक ................

३.७ तपाईको समाजमा कस्तो प्रकारको विवाह बढी प्रचलित छ ?

(क) मागी विवाह ...................... (ख) प्रेम विवाह ...............

(ग) अन्य ...................

३.८ तपाईकोमा बेहुला तर्फबाट दाइजो माग्ने प्रथा छ ..............छैन ........

यदि छ भने कति सम्म ......................

३.९ छैठी गर्ने परम्परा छ ?

(क) छ ........................ (ख) छैन ..................

३.१० कुन धर्म मान्दै आउनु भएको छ ?

(क) हिन्दु ......................... (ख) बौद्ध ...............

(ग) क्रिश्चियन .................... (घ) अन्य ...................

३.११ तपाईले वर्ष भरिमा मनाउने चाडपर्वहरू के के हुन ?

(क) ................. (ख) ...................

(ग) .................. (घ) ..................

३.१२ पैत्तृक सम्पतिमा क कसको हक लाग्छ ?

(क) छोरा ............................ (ख) छोरी ........................

(ग) दुवै ..........................

३.१३ भूत प्रेतमा विश्वास राख्नु हुन्छ ?

(क) राख्छौ ...................... (ख) राख्दैनौ .................

(ग) अलिअलि राख्छौ ...............

३.१४ तपाईको समाजमा गुठी वा गुठी जस्तै सामाजिक संगठनहरू छन् ?

(क) छ ......................... (ख) छैन.................................

यदि छ भने .................................................

३.१५ तपाईको समुदायमा पुजारी वा प्रमुख व्यक्ति को हो ?

(क) आफ्नो जातको पुरोहित ..........................

(ख) ब्राम्हण पुरोहित .................................

३.१६ तपाईको जातमा लगाईने पारम्परिक भेष भुषा के के हुन ?

| भेषभुषा | महिला | पुरुष |
|---|---|---|
| गहना | | |
| लुगा | | |

हाल यसमा कुनै परिवर्तन आएको छ ...........................

३.१७ अन्य जातिहरूले मनाउने चाडपर्व मनाउने गर्नु भएको छ ?

(क) छ ...................... (ख) छैन ...............

३.१८ तपाईहरूको मुल भाषा के हो ?

(क) नेपाली ................. (ख) थारू .....................

(ग) अन्य ......................

३.१९ तपाइहरूको परिकारहरू के-के हुन ?

.............................................................

३.२० कुन देवता मान्नु हुन्छ ? र किन मान्नु हुन्छ ?

(क) ब्रह्मा ..................... (ख) विष्णु ...............

(ग) महेश .................

घरमा सुख शान्ति हुन्छ भनेर ................................

संस्कार बचाउन .........................................

३.२१ तपाईलाई आफ्नो संस्कृतिमा परिवर्तन हुनु पर्छ जस्तो लाग्दैन ?

(क) लाग्छ .......................... (ख) लाग्दैन ....................

४. शैक्षिक/स्वास्थ्य सम्बन्धित प्रश्नहरू

४.१ तपाईको वडामा विद्यालय छ ?

(क) छ ........................ (ख) छैन ...............

४.२ यदि छ भने कुन तह सम्मको विद्यालय छ ?

(क) प्रावि ................. (ख) निमावि ..............

(ग) मावि ................. (घ) उच्च मावि .............

(ङ) बी.ए. वा सो भन्दा माथि ........................

४.३ तपाईले छोरा छोरी दुवैलाई पढाउनु भएको छ ?

(क) छ ...................... किन ........................

(ख) छैन ........................ किन ........................

४.४ कस्तो स्कूलमा पढाउनु भएको छ ?

(क) सरकारी...................... (ख) वोडिङ्ग ..................

५. स्वास्थ्य संग सम्बन्धित प्रश्नहरू

५.१ तपाई स्वास्थ्य उपचारको लागि कहाँ जानुहुन्छ ?

(क) औषधी पसल .............. (ख) धामी झाक्री ........

(ग) हेल्थपोष्ट ....... (घ) हस्पिटल

५.२ तपाईको परिवारमा खानेपानीको मुख्य स्रोत के हो ?

(क) आधुनिक धारा (ख) हेण्डपम्प

(ग) कुवा/इनारको पानी घ) अन्य

५.३ तपाईको परिवारको लागि शौचालयको व्यवस्था छ कि छैन ?

क) ....... छ भने कस्तो किसिमको साधारण .........आधुनिक .........
यदि छैन भने प्रयोग हुने ठाउँ ...........

५.४ तपाईले परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ ?

(क) छ .............. छ भने स्थायी ............ अस्थायी

ख) छैन ...............................

५.५ थारू जातिको सम्पूर्ण पक्षको विकासका लागि के सुझाव दिनुहुन्छ ?

...........................................................................................

# थारु जातिको सामाजिक सांस्कृतिक अवस्था कैलाली जिल्ला धनगढी न.पा. वडा नं ५ को एक समाजशास्त्रीय अध्ययन

नेपालको विभिन्न क्षत्रेमा छिएर रहेका विभिन्न जातजाति समुदायमध्ये आफ्नो छुट्टै मौलिक विशेषता बोकेको थारु समुदाय तराईको प्रमुख क्षेत्रफल ओगटेको एक आदिवासी जाति हो । थारु जाति अति नै सोझा , इमान्दार र परिश्रमी जातिको रुपमा कृषिकर्मलाई मूल पेसा बनाई सुमधुर भू-भागमा बसोवास गरी जीविकोपार्जन गर्न थारु जाति कैलाली जिल्लामा बसोवासका दृष्टिले सबभन्दा पुराना मानिन्छ । कैलाली जिल्ला धनगढी नगरपालिकालार्य विविध जनजातिहरुको समिश्रण मान्न सकिन्छ । यस न. पा. मा ब्राह्मण, क्षेत्री, नेवार ठकुरी, मगर, मुसलमान , दलित र (कामी, दमाई सार्की) आदि जातजातिहरु बस्दछन् । कृषिलाई प्रमुख पेसाको रुपमा लिएका यी जातिहरुमध्ये अधिकांश जातिले मातृभाषाका रुपमा नेपाली भाषाको प्रयोग गर्दछन् केही जातिहरुले आफ्नै भाषाको प्रयोग गर्दछन् ।

यस धनगढी न.पा. वडा नं. ५ मा बसोवास गर्न थारु समुदायको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था कस्तो छ ? के-कस्तो व्यवहारले निरन्तर पाइरहेको छ र के कस्ता परिवर्तन देखा परेका छन् भन्ने विषयमा अध्ययन एवम् विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा आदिवासी थारु जातिको आगमन, रहनसहन, भेषभुषा, चाडपर्व तथा आथिृक अवस्थाअन्तर्गत यिनीहरुको भूस्वामित्व उप्पादनको स्थिति, खाद्यन्नको पर्याप्त आदि र यिनीहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक

अवस्थामा आएको परिवर्तनहरुको बारेमा अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देशय आदिवासी थारुजातिको सामाजिक सांस्कृपितक अवस्था र परिवर्तनका पक्षहरुश्सको अध्ययन गर्नुको रहेको छ । यस अध्ययनको उद्देश्यहरु निम्न रहेका छन् ।

(क) थारूजातिको सङ्क्षिप्त परिचय गराउनु ।

(ख) थारूहरूको सामाजिक तथा सांस्कृतिक अवस्था माथी प्रकाश पार्नु ।

(ग) थारूहरूको जीवनयापन शैलीमा आएको परिवर्तनको अध्ययन गर्नु ।

अध्ययन विधि

यस शोधपत्र तयार गर्ने क्रममा निम्न अनुसन्धान विधिहरु अपनाइएको छ ।

(क) क्षेत्र छनोट : कैलाली जिल्लाको सम्पूर्ण थारुहरुको अध्ययन गर्न समय, स्रोत र साधन बढी लाग्ने भएकोले र उक्त क्षेत्र अनुसन्धानकर्ताका लागि सुविधायुक्त भएकोले धनगढी नगरपालिकालाई अध्ययन क्षेत्र छनौट गरिएको हो । यसका साथै थारुजातिको सामाजिक सांस्कृतिक अवस्थाको अध्ययन गर्न रुचि भएको र यस न.पा. मा. थारु जातिको बसोवास धेरै भएकोले गर्दा धनगढी न.पा. लाई अध्ययन क्षेत्र छनोट गरियो ।

(ख) अनुसन्धान ढाँचा : यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक दुव विधिको प्रयोग गरिएको छ । वर्णनात्मक विधिबाट थारु जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा वर्णन गरिएको छ भने अन्वेष्णाात्मक विधिद्वारा योजातिको सामाजिक सांस्कृतिक अवस्थामा आएको परिवर्तनको बारेमा अन्वेषणा गर्ने प्रयत्न गरिएको छ ।

(ग) समग्रता र नमुना छनौट : अध्ययन क्षेत्र कैलाली जिल्ला धनगढी नगरपालिकाको वडा नं ५ मा बसोवास गरेका थारु जातिलाई समावेश गरिएको छ । यस वडामा थारुहरुको जम्मा घरधुरी २०० रहेको छ । जसमध्ये सम्भावित नमुना छनौटको लट्रीविधि प्रयोग गरी २५ प्रतिशतका दरले हुन आउने ५० घरधुरीलाई नमुनाको रुपमा छनौट गरिएको छ । सुरुमा सबै घर घरमा गई नाम सङ्कलन गरियो र सङ्कलित घरमुलीका नामलाई खुला भाडाामा राखी त्यसमध्ये ५० घरलाई छनौट गरियो ।

(घ) तथ्याङ्कको स्रोत र प्रकृति : यस अध्ययनको क्रममा गुणात्मक र संख्यात्मक दुवै तरिकाले तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै तथ्याङ्कका स्रोतहरुको प्रयाग गरिएको छ । प्राथमिक तथ्याङ्कको स्रोतहरुमा प्रश्नावली , प्रत्यक्ष अवलोकन प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता आदि रहेका छन् । त्यसैगरी द्वितीय तथ्याङ्कका स्रोतहरुमा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क जि.वि.स. , न.पा. बाट प्राप्त अभिलेख र लेखकले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

(ङ) तथ्याङ्क सङ्कलनका तरिकाहरु

(अ) प्रश्नावली (आ) प्रत्यक्ष अवलोकन -इ) प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वाता आदि ।

(च) विश्लेषण तरिका : सङ्कलित तथ्याङ्कलाई व्यवस्थित गर्न तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या, विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई उद्देश्य अनुसार

व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्कहरुलाई आवश्यकताअनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ ।

(छ) अध्ययनको सीमा : : यो अध्ययन ध.न.पा. वडा नं ५ मा मात्र सीमित गरियो । तथ्याङ्क सङ्कलन गर्दा यस न.पा. को वडा नं ५ को मात्र प्रतिनिधित्व हुने गरी थारु जातिको अध्ययन गरियो ।

निष्कर्ष

यस अध्ययनको उद्देश्यअनुरुप यस ध.न.पा. मा बसोवास गरेक थारु जातिको सामाजिक, सांस्कृतिक स्थिति, पारिवारिक संरचना, रीतिरिवाज र संस्कृति, आर्थिक अवस्था साथै यसमा देखिएका परिवर्तनहरुको बारेमा निम्न निष्कर्षहरु प्राप्त भए ।

अध्ययन क्षेत्रमा चारैतिर अन्य जातिको वस्तीले घेरिएर रहेका यस क्षेत्रका थारु जातिले अन्य जातिको प्रभावले गर्दा आफ्नो सामाजिक सांस्कृतिक परम्परा संस्कारहरु भुल्न थालिसकेका छन् र अन्य जातिहरुको संस्कार साहितको मिश्रित संस्कार अपनाउन थालेको यस अध्ययनले देखाएको छ ।

यस क्षेत्रमा अन्य जातिहरुको बसोवास, सम्मेलन र समायोजनले गर्दा थारु जातिको खानपान भेषभुषा, रहनसहन र बानी व्यवहारमा समेत परिवर्तन देखिएको छ ।

थारु महिलाहरुमा आएको राजनैतिक चेतनाको कारण गाउँमा महिला समूह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुनेतर्फ अगाडि बढेको

देखिन्छ भने थारु जातिसँग सम्बन्धित संघसंस्था खोलेको पाइन्छ साथै यिनीहरुमा राजनैतिक जागरुकता पनि बढेको देखिन्छ ।

शैक्षिक क्षेत्रमा पछाडि परेको थारु जातिमा अहिले केही मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ ।

परम्परागत कृषिको अलावा श्रमिक, नोकरी , व्यवसाय जस्ता पेसामा लाग्ने गरेको पाइन्छ । विशेषगरी युवाहरु कृषिकार्यमा बढी उत्पादन हुने कारणले वैकल्पिक रोजगारीतर्फ आकर्षित भएको छ ।